# साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


शोधकर्ता
धनुमाया लामिछाने
परीक्षा रोल नं. : १९००३३
त्रि.वि. दर्ता नं. : ९-२-४८०-२००७
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

२०७४/सन् २०१८

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

भरतपुर, चितवन

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी धनुमाया लामिछानेले नेपाली स्नातकोत्तर तह (एम्.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. होमनाथ सापकोटा ________________

विभागीय प्रमुख हस्ताक्षर

रमेशकुमार श्रेष्ठ ________________

उप-प्राध्यापक हस्ताक्षर

शोधनिर्देशक

दामोदर रिजाल ________________

बाह्य परीक्षक हस्ताक्षर

मिति : वि.सं. २०७४।११।२३

ई.सं. ०७।०३।२०१८

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षमा अध्ययनरत छात्रा धनुमाया लामिछानेले **साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : वि.सं. २०७४/१०/२१

ई.सं. ०४/०२/२०१८

________________________

रमेशकुमार श्रेष्ठ
उप-प्राध्यापक
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पारेकी हुँ । मेरा शोधनिर्देशक गुरु उप-प्राध्यापक रमेशकुमार श्रेष्ठज्यूले मजस्तो सिकारुलाई बारम्बार सचेत गराई यस शोधकार्यलाई पटक-पटक हेरेर सच्च्याइदिने, उपयुक्त सल्लाह र प्रोत्साहन गर्ने अनि अलमलिएको बेला तुरुन्त सही मार्गनिर्देशन गर्नेजस्ता महत्त्वपूर्ण कार्य गर्नुभएकामा उहाँप्रति कृतज्ञता अर्पण गर्दछु ।

शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटाज्यू तथा नेपाली विभाग परिवारप्रति म निकै कृतज्ञ छु । त्यस्तै शोधपत्र तयार गर्ने क्रममा शोधपत्र, पुस्तक तथा पत्रिकाहरूका साथै जीवनीका सम्बन्धमा जानकारी गराई अमूल्य सहयोग पुऱ्याउनु हुने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय परिवारलगायत आफ्ना बारेमा कुनै झर्को नमानी जानकारी दिनुहुने शोधनायक श्री गणेश शर्मा पौडेल, शोधनायककी आमा श्रीमती शिवकुमारी पौडेल र शोधनायककी धर्मपत्नी श्रीमती देवी पौडेलज्यूको सहयोगबाट यो शोधपत्र तयार पार्न सम्भव भएको हो त्यसैले सम्पूर्ण आदरणीय व्यक्तित्वहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

विभिन्न समस्याहरूलाई सहन गर्दै मलाई यस स्तरसम्म पुग्न हरतरहले प्रेरणा र अवसर प्रदान गर्नुहुने मेरा आदरणीय बुबा श्री ताराप्रसाद लामिछाने, आमा श्रीमती मेनकादेवी लामिछाने, समय व्यवस्थापन तथा लेखनकार्यमा सहयोग गर्ने जीवनसाथी श्री उत्सव पाण्डेयलाई पनि यस सन्दर्भमा हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु ।

यस शोधपत्रलाई शुद्ध रूपमा टङ्कण गरिदिनुहुने लिङ्क कम्प्युटरका दाजु जीवननाथ ढुङ्गानाज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत शोधकार्य आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : वि.सं. २०७४/१०/२०

ई.सं. ०३/०२/२०१८

..............................

धनुमाया लामिछाने

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# विषयसूची

## पहिलो परिच्छेद

## शोध परिचय

| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | शोधप्रयोजन | २ |
| १.३ | समस्याकथन | २ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| १.६ | शोधकार्यको औचित्य र महत्त्व | ५ |
| १.७ | शोधकार्यको क्षेत्र र सीमा | ५ |
| १.८ | सामग्री सङ्कलन विधि | ६ |
| १.९ | शोधविधि | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ६ |


## दोस्रो परिच्छेद

## गणेश शर्मा पौडेलको जीवनी

| | | |
|---|---|---|
| २.१ | जन्म र जन्मस्थान | ८ |
| २.२ | बाल्यकाल | ८ |
| २.३. | शिक्षादीक्षा | ९ |
| २.४. | उपनयन संस्कार | १० |
| २.५. | बसोबास | १० |
| २.६ | वैवाहिक तथा पारिवारिक स्थिति | ११ |
| २.७. | आजीविका | ११ |
| २.८. | आर्थिक अवस्था | १२ |
| २.९. | साहित्य लेखनको प्रारम्भ र निरन्तरता | १३ |
| २.१०. | साहित्यिक मान्यता | १३ |
| २.११ | सम्मान र पुरस्कार | १४ |

२.१३ रुचि र स्वभाव १५
२.१४ भ्रमण १६
२.१५ अविस्मरणीय घटना १७
२.१६ ईश्वरप्रतिको आस्था १७
२.१७ कार्यक्षेत्रमा प्रवेश १८
२.१८ दिनचर्या १८
२.१९ निष्कर्ष १९

## तेस्रो परिच्छेद

## गणेश शर्मा पौडेलको व्यक्तित्व

३.१ पृष्ठभूमि २१
३.२ बाह्य व्यक्तित्व २१
३.३ आन्तरिक व्यक्तित्व २२
३.३.१ साहित्यिक व्यक्तित्व २२
३.३.१.१ कवि व्यक्तित्व २३
३.३.१.२ हाइकुकार व्यक्तित्व २४
३.३.१.३ गीतकार व्यक्तित्व २४
३.३.१.४ गजलकार व्यक्तित्व २४
३.३.१.५ मुक्तककार व्यक्तित्व २५
३.३.१.६ सम्पादक व्यक्तित्व २५
३.३.२ साहित्येतर व्यक्तित्व २५
३.३.२.१ शिक्षक व्यक्तित्व २६
३.३.२.२ समाजसेवी व्यक्तित्व २६
३.३.२.३ बहुभाषी व्यक्तित्व २७
३.४ जीवन व्यक्तित्व र साहित्यिक लेखन बीच अन्तःसम्बन्ध २७
३.५ निष्कर्ष २८

## परिच्छेद चार

## गणेश शर्मा पौडेलको कृतित्वको अध्ययन


| | | |
|---|---|---|
| ४.१ | विषय प्रवेश | २९ |
| ४.२ | गणेश शर्मा पौडेलको साहित्ययात्रा | २९ |
| | ४.२.१ पूर्वार्द्ध चरण | २९ |
| | ४.२.२ उत्तरार्द्ध चरण | ३० |
| ४.३ | गणेश शर्माका पुस्तकाकार कृतिहरूको अध्ययन | ३१ |
| | ४.३.१ 'मेरो आँखामा देश' गीत-गजलसङ्ग्रहको अध्ययन | ३१ |
| | ४.३.१.१ संरचना | ३३ |
| | ४.३.१.२ विषयवस्तु | ३४ |
| | ४.३.१.३ भावविधान | ३५ |
| | ४.३.१.४ भाषाशैली | ३५ |
| | ४.३.१.५ जीवनदृष्टि | ३६ |
| | ४.३.१.६ लयविधान र दृष्टिविन्दु | ३६ |
| | ४.३.१.७ छन्द, रस र अलङ्कार | ३७ |
| | ४.३.१.८ बिम्ब र प्रतीक | ३८ |
| | ४.३.१.९ निष्कर्ष | ४२ |
| | ४.३.२ 'अन्तर्मनका तरङ्ग' कवितासङ्ग्रहको अध्ययन | ४२ |
| | ४.३.२.१ शीर्षक | ४२ |
| | ४.३.२.२ संरचना | ४३ |
| | ४.३.२.३ विषयवस्तु | ४४ |
| | ४.३.२.४ भावविधान | ४५ |
| | ४.३.२.५ भाषाशैली | ४६ |
| | ४.३.२.६ जीवनदृष्टि | ४६ |
| | ४.३.२.७ लयविधान र दृष्टिविन्दु | ४७ |
| | ४.३.२.८ छन्द, रस र अलङ्कार | ४७ |
| | ४.३.२.९ बिम्ब र प्रतीक | ५० |
| | ४.३.२.१० निष्कर्ष | ५३ |

४.३.३ 'पन्छी मयूर' हाइकुसङ्ग्रहको अध्ययन ५३
४.३.३.१ शीर्षक ५४
४.३.३.२ संरचना ५४
४.३.३.३ भावविधान ५६
४.३.३.४ लयविधान ५७
४.३.३.५ निष्कर्ष ५७
४.३.४ 'वस्तीका स्वरहरू' मुक्तकसङ्ग्रहको अध्ययन ५८
४.३.४.१ मुक्तकको पृष्ठभूमि ५८
४.३.४.२ शीर्षक सार्थकता ६०
४.३.४.३ भाषा शिल्प/भाषाशैली ६३
४.३.४.४ बिम्ब, प्रतीक र अलङ्कार ६४
४.३.४.५ निष्कर्ष ६८
४.३.५ 'विचारको खडेरी' ताङ्कासङ्ग्रहको अध्ययन ६८
४.३.५.१ संरचना ६९
४.३.५.२ भावविधान ७०
४.३.५.३ लयविधान ७२
४.३.५.४ निष्कर्ष ७२
४.३.६ 'मधुसत्य' कवितासङ्ग्रहको अध्ययन ७३
४.३.६.१ शीर्षक ७३
४.३.६.२ संरचना ७३
४.३.६.३ विषयवस्तु ७३
४.३.६.४ भावविधान ७५
४.३.६.५ भाषाशैली ७६
४.३.६.६ जीवनदृष्टि ७६
४.३.६.७ लयविधान ७६
४.३.६.८ छन्द, रस र अलङ्कार ७७
४.३.६.९ बिम्ब र प्रतीक ७९
४.३.६.१० निष्कर्ष ८१

## पाँचौं परिच्छेद

## सारांश तथा निष्कर्ष

५.१ सारांश ८३

५.२ समग्र निष्कर्ष एवम् उपसंहार ८४

**सन्दर्भ सामग्रीसूची**

**परिशिष्टहरू**

**परिशिष्ट 'क' : शोधनायकसँगको अन्तर्वार्ताका प्रश्नावली**

**परिशिष्ट 'ख' : विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ताका प्रश्नावली**

**परिशिष्ट 'ग' : अन्य व्यक्तिहरूसँगको अन्तर्वार्ताका प्रश्नावली**

**परिशिष्ट 'घ' : शोधनायकको छायाचित्र**

# चिह्न प्रयोगसूची

प्रस्तुत शोधपत्रमा अधोलिखित चिह्नको प्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

| **चिह्न** | **अर्थ** |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| … | केही अंश छोडिएको |
| । | (१) पूर्णविराम, (२) लयविधानका सन्दर्भमा लघु |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | शीर्षक जनाउँदा वा विशेष जोड दिँदा |
| : | पृष्ठ सङ्ख्याबीचको सङ्केत |
| – | बाट |
| (    ) | पेटे टिप्पणी दिँदा |

# सङ्केताक्षर सूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्केताक्षरहरूको पूरा रूप यसप्रकार छ :

| **सङ्क्षिप्त रूप** | **अर्थ/विस्तृत रूप** |
|---|---|
| आइ.ए. | इन्टरमिडियट अफ आर्टस् |
| आइ.एम.इ. | इन्टरनेशनल मनि इक्स्चेन्ज |
| एफ्.एम्. | फ्रिक्वेन्सी मोडुलेसन |
| एस्.एल्.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| डब्लु.डब्लु.डब्लु | वर्ल्ड वाइड वेभ |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| नं. | नम्बर |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| रू. | रूपैयाँ |
| ले. | लेखक |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सा.प. | साझा पत्रिका |
| संस्क. | संस्करण |
| स्व. | स्वर्गीय |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

साहित्यकार गणेश शर्मा पौडेलको जन्म वि.सं २००२ माघ २ गते आइतबार बाग्लुङ जिल्ला, पैयूँ थन्थाप पोखरीबारीमा पिता मणिरत्न उपाध्याय र माता शिवकुमारीका कान्छा छोराका रूपमा भएको हो । कालिका नगरपालिका वडा नं. ५, जुटपानी, खोलेसिमल, चितवनमा हाल स्थायी रूपमा बसोबास भएका उनी मानवतावादी आदर्शबाट प्रभावित भएर सामाजिक विकृति र विसङ्गतिको चर्को विरोध गर्दै कविता, गजल, हाइकु, मुक्तक, ताङ्का विधामा कलम चलाउने प्रतिभा हुन् । २०५२ सालमा चितवनमा आएका पौडेल २०४७ सालमा राजनैतिक कृति **फर्केर हेर** प्रकाशन गरी साहित्य सिर्जनामा लागेका, स्वभावले कोमल, व्यवहारले सहृदयी, आचरणले उदार, वैचारिक दृष्टिकोणले खरो, निर्भिक, प्रष्टवक्ता र चिन्तनले परिवर्तनगामी, क्रान्तिकारी साहित्यकार हुन् । परिवर्तनगामी चेतनाले गर्दा उनी २०२० सालमा प्रवेशिका परीक्षा उत्तीर्ण भएकै दिन जनता प्रा.वि., पैयूँमा प्रधानाध्यापक बनेको र तीन वर्षपछि पेशा परिवर्तन गरी राजनीतिमा लागेका पौडेल थुप्रै सङ्घ-सङ्गठन, संस्थाका संस्थापक, संरक्षक भई साहित्यिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा योगदान दिएका छन् । उनले अन्याय, अत्याचार, विदेशी हस्तक्षेप र पूँजीवादी संस्कृतिको विरोध गरेका छन् त्यसैले उनका कविता, गजलसङ्ग्रह आफ्ना व्यक्तिगत, पारिवारिक जीवनका तीता-मीठा अनुभव, सामाजिक घटना-परिघटनामा केन्द्रित रहेका छन् ।

गणेश शर्मा पौडेलका प्रकाशित पुस्तकाकार कृतिहरूमा **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रह (२०६३), **पन्छी मयूर** (२०७०) हाइकुसङ्ग्रह, **अन्तर्मनका तरङ्ग** (२०७१) कवितासङ्ग्रह, **बस्तीका स्वरहरू** (२०७२) मुक्तकसङ्ग्रह, **मधुसत्य** (२०७३) कवितासङ्ग्रह र **विचारको खडेरी** (२०७३) ताङ्कासङ्ग्रह रहेका छन् ।

उपर्युक्त कृतिहरूका आधारमा हेर्दा चितवन जिल्लामा साहित्य साधना गर्ने गणेश शर्मा पौडेल स्वतः एक अनुसन्धेय व्यक्तित्व हुन् । उनी जिल्लाका सशक्त गजलकार तथा कवि भएर पनि उनका सम्बन्धमा व्यवस्थित अध्ययन भएको पाइँदैन । उनका कृतिहरूका साथै जीवनी र व्यक्तित्व आफैमा एक अनुसन्धेय विषय रहेकाले यसैलाई शोधकार्यको विषयवस्तु बनाइएको छ ।

यो शोधकार्य साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन तथा विश्लेषणमा केन्द्रित छ । सङ्ख्यात्मक रूपमा थोरै भए पनि गुणात्मक रूपमा उच्च देखिएकाले उनका कृतिहरू अध्ययन-विश्लेषणयोग्य छन् भने शर्मा पनि एक अनुसन्धेय साहित्यकार हुन् । तर उनका कृतिहरूका विषयमा आजसम्म कहीँकतै अध्ययन-अनुसन्धान नभएकाले 'साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकमा यो शोध तयार पारिएको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

'साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको यस शोधकार्यका समस्याहरू यसप्रकार रहेका छन् -

(क) गणेश शर्मा पौडेलको जीवनी के-कस्तो रहेको छ ?

(ख) उनको व्यक्तित्व के-कस्तो रहेको छ ?

(ग) उनले नेपाली साहित्य विकासमा के-कस्ता विधागत रचनात्मक योगदान दिएका छन् ?

यिनै समस्याहरूमा आधारित भएर प्रस्तुत शोधकार्यलाई सम्पन्न गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको यस शोधकार्यका उद्देश्यहरू यसप्रकार रहेका छन् -

(क) साहित्यकार गणेश शर्मा पौडेलको जीवनीको जानकारी प्राप्त गर्नु ।

(ख) उनका व्यक्तित्वका विविध पक्षको अध्ययन गर्नु ।

(ग) उनको नेपाली साहित्य विकासमा रहेका विधागत रचनात्मक योगदान दिएका पत्ता लगाउनु ।

यिनै आधारभूत उद्देश्य प्राप्त गर्नु प्रस्तुत शोधकार्यको लक्ष्य रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको पद्य कविता र गजल विधामा लामो समयदेखि कलम चलाउँदै आएका गणेश शर्मा पौडेलको सर्वपक्षीय अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । उनी र उनका कृतिहरूका विभिन्न विद्वान् तथा समालोचकहरूले विभिन्न पत्र-पत्रिका, पुस्तक तथा स्मारिकाहरूमा सामान्य चर्चा गरेका छन् । यहाँ उनको जीवनी व्यक्तित्व र कृतित्वसम्बन्धी हालसम्म भएका पूर्वकार्यहरू कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

(क) **मेरो आँखामा देश** (गीत-गजलसङ्ग्रह) को *भूमिका* लेखमा गणेश शर्मा पौडेलका रचनाहरू राष्ट्रप्रेमी, मानवीय कर्तव्यबोधी, सामाजिक दायित्वबोधी एवम् परिवर्तनकामी, युग-सचेतक भावनाका साथै प्रेम-प्रणयजन्य कोमल भाव, प्रकृतिप्रेमी, कुसंस्कारप्रति विरोध, विकासप्रेमी, मानवतावादी, चेतनाबात अभिसिञ्चित रहेका छन् (विनोदी, २०६३ : ठ) ।

(ख) **मेरो आँखामा देश** (गीत-गजलसङ्ग्रह) को *भूमिका* लेखमा लोकभाका र लोक संस्कृतिप्रतिको श्रद्धापूर्ण अनुरागात्मक, सामाजिक सचेतता, प्रेम-प्रणयप्रतिको हार्दिकता एवम् जीवनको पीडायुक्त वास्तविककताहरूलाई बहन गरेर राजनीतिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गर्दै युवालाई मुखारित गराएको पाइन्छ (आमोदी, २०६३ : घ-झ) ।

(ग) **पुष्पाञ्जली** (गजल प्रधान हवाई साहित्यिक पत्रिका) मा गणेश शर्मा पौडेलसँग लिनु भएको अन्तर्वार्तामा समसामयिक साहित्यिक अवस्थाको बारेमा विविध जानकारी लिएका छन् ('अञ्जली', २०६४ : १२) ।

(घ) **तीन थुङ्गा फूल** पत्रिकामा *गणेश शर्मा पौडेल सङ्क्षिप्त परिचय* शीर्षकमा पौडेलको बारेमा कृतिगत विवरण, प्रकाशित तथा प्रकाशोन्मुख कृतिहरूको विवरण, सामाजिक

सङ्घ-संस्थामा आबद्धता एवम् विस्तृत रूपमा पारिवारिक विवरण प्रस्तुत गरेका छन् (आमोदी, २०६८ : ३६-४०) ।

(ङ) **रत्ननगर महोत्सव स्मारिका**मा शर्माको **पन्क्षी मयूर** हाइकुसङ्ग्रहमा देशमा बढ्दै गइरहेको भ्रष्टाचार, विसङ्गति तथा अराजकताप्रति असहिष्णु भएर नै यी हाइकु जन्मेका हुन् भनी बताएका छन् (खनाल, २०७० : ४७) ।

(च) **पन्क्षी मयूर** (हाइकुसङ्ग्रह) को *शुभकामना ज्ञापन* शीर्षकको भूमिका लेखमा समाजप्रतिको दायित्व, विसङ्गतिप्रतिको विद्रोहलाई मर्मस्पर्शी हुने गरी उतारेका छन् (अञ्जली, २०७० : त-थ) ।

(छ) **कैलाश** (राष्ट्रिय विविध पत्रिका) मा *अन्तर्मनको तरङ्गमा बहेली खेल्दै* शीर्षकमा उनका रचनाहरू देशमा व्याप्त विसङ्गति, विकृति, राजनीतिक गतिहीनता, युवाहरूको विदेश पलायन, देशमा बढ्दो लोडसेडिङ्ग जस्ता विषयहरूमा कविको विचार फैलिएको छ भनी बताएका छन (आमोदी, २०७१ : १८) ।

(ज) **अन्तर्मनका तरङ्ग** (कवितासङ्ग्रह) मा *सदासय र सद्भावका खानी* शीर्षकको भूमिका लेखमा कविका उदात्त एवम् नैसर्गिक भावनाले पाठकलाई आकर्षित तुल्याइ राष्ट्र र समाजलाई कहिले र कसरी राम्रो पारूँ र देखूँ भन्ने कविभित्र उत्कट अभिलाषा रहेको र जीवन भोगाइ, आत्मप्रकटीकरण गरेको बताएका छन् (अज्ञात, २०७१ : भूमिका) ।

(झ) **अन्तर्मनको तरङ्ग** (कवितासङ्ग्रह) मा *अन्तर्मनको तरङ्गमा बहेली खेल्दै* शीर्षकको भूमिका लेखमा उनको विचारको मुख्य प्रहार राजनैतिक क्षेत्रमै केन्द्रित रहेकाले सुधारको निम्ति बढी गम्भीर, चिन्तित र आक्रोशित भएर कवितामा विविध विकृति र विसङ्गतिप्रति विद्रोहको रन्को बढ्दो गरिबी, महङ्गी र भ्रष्टाचार विरुद्ध आवाज उठाएका छन् । जनयुद्धका प्राप्ति र मूल्यको विघटन भोक र गणतन्त्रको दुरीप्रति ठाउँ-ठाउँमा तीव्र कटाक्ष गरेका छन् भनी उल्लेख गरेका छन् (आमोदी, २०७१ : भूमिका) ।

ञ) **बस्तीका स्वरहरू** (मुक्तकसङ्ग्रह) को *भूमिका* लेखमा भ्याउरे भनी नगरे हेला भनेर समकालीन युगीन संवेदनाको व्यथा-कथा र जीवनका परेलीहरूको चिन्तन, चासो र भौतिक विवरणको त्रिवेणीका रूपमा यस सङ्ग्रहलाई लिन सकिन्छ भनी उल्लेख गरेका छन् (अधिकारी, २०७२ : ४-८) ।

ट)	**कैलाश** (राष्ट्रिय विविध पत्रिका) मा *चन्दनका कृतिका बारेमा आफ्नै गन्थन-मन्थन* शीर्षकमा पौडेलको कृतिका यथार्थमा उहाँ कवितामा कवि भएर देखाउनुभन्दा भक्त भएर देखाउनुमा रुचि लिनुहुन्छ, किनकि उहाँ आफ्नोभन्दा समाज र राष्ट्रको चिन्ता बढी गर्नुहुन्छ । उहाँका जति पनि कविता छन् ती सबैको स्तर के छ भने सेवा र सत्कर्म गर्नु नै जीवनको सार्थकता हो । उहाँलाई कवितामा कृतिबाट हेरेर मूल्याङ्कन गर्नुभन्दा जीवनका गतिविधि, त्याग, निष्ठा हेरी मूल्याङ्कन गर्नु न्यायसङ्गत हुनेछ (अज्ञात, २०७४ : ९४) भनी उल्लेख गरेका छन् ।

यसरी साहित्यकार गणेश शर्मा पौडेलका बारेमा विभिन्न साहित्यकार, वुद्धिजीवी, सम्पादक तथा शोधार्थीहरूले सामान्य टीका-टिप्पणी गरेको पाइन्छ । लेखक तथा समीक्षकहरूले गरेको चर्चा-परिचर्चा उपयोगी हुने खालका छन् तर यी सबै आंशिक, सान्दर्भिक र प्रासङ्गिक कुरा मात्र छन् । यिनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वका विस्तृत अध्ययन भने भएको छैन त्यसैले प्रस्तुत शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा समग्र अध्ययन गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

गणेश शर्मा पौडेल साहित्य साधनामा निरन्तर सेवा गर्ने प्रतिभा हुन् । यिनको व्यक्तित्वमा शोध र अनुसन्धान गर्नु भनेको स्थानीय तहका साहित्यकारहरूको परिचय गराउनु हो त्यसैले आजसम्म उनका बारेमा अनुसन्धान नभएकाले त्यस विषयमा अध्ययन-अनुसन्धान गरिने हुँदा यस शोधकार्यको औचित्य स्वतः स्पष्ट हुन्छ ।

## १.७ शोधकार्यको क्षेत्र र सीमा

यस शोधकार्यमा साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका साथै उनका प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र अध्ययन, मूल्याङ्कन र विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहने छ । समग्रमा उनका प्रकाशित पुस्तकाकार कृतिहरूको विस्तृत अध्ययन र विश्लेषण गरिने छ तर उनका अन्य फुटकर रचनाहरूको अध्ययन गरिने छैन ।

## १.८ सामग्री सङ्कलन विधि

साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कनका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययन विधिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । शोधनायकसँग आवश्यकतानुसार अन्तर्वार्ता विधिबाट जानकारी सङ्कलन गरिएको छ । जीवनी र व्यक्तित्वसँग सम्बन्धी थप जानकारीहरू सङ्कलन विविध सङ्घ-संस्था, व्यक्ति र पुस्तकालयबाट उपलब्ध पुस्तक, पत्रपत्रिका आदिको अध्ययनद्वारा यस शोधपत्रका लागि सामग्री सङ्कलन गरिएको छ । यसका लागि आवश्यक ठाउँमा विभिन्न व्यक्तिसँग र स्वयं शोधनायकसँग लिखित एवं मौखिक प्रश्नावलीद्वारा अन्तर्वार्ता लिई सामग्रीहरू सङ्कलन गरिएको छ ।

## १.९ शोधविधि

शोधपत्र लेखनका क्रममा सङ्कलित सामग्रीहरूलाई निगमनात्मक पद्धतिद्वारा विश्लेषण गरिएको छ । आवश्यक स्थानमा विषय विशेषज्ञको पनि राय-सल्लाह लिइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुसङ्गठित एवम् सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसार विभिन्न परिच्छेद, उप-परिच्छेद, शीर्षक, उप-शीर्षक, सन्दर्भसूची, परिशिष्ट आदिमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

यस शोधपत्रको पहिलो परिच्छेद शोधको परिचयका रूपमा रहने छ । यस अन्तर्गत विषयपरिचय, शोधप्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको अध्ययन र शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन पद्धति, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

**परिच्छेद दुई : गणेश शर्मा पौडेलको जीवनीको अध्ययन**

यस परिच्छेदमा गणेश शर्मा पौडेलको जीवनीलाई विभिन्न शीर्षक र उप-शीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । यस अन्तर्गत पृष्ठभूमि, वंशपरम्परा, जन्म र नामकरण, पारिवारिक पृष्ठभूमि, जन्मस्थान र जन्म, नामाकरण, बाल्यकाल, नोकरी प्रवेश, दाम्पत्य जीवन, सन्तान लाभ, लेखनमा प्रेरणा र प्रभाव, दिनचर्या, आर्थिक अवस्था, धार्मिक अवस्था, रुचि तथा स्वभाव, सङ्घ-संस्थासँगको आबद्धता, मान/सम्मान तथा पुरस्कार, भ्रमण, साहित्य सम्बन्धी धारणाका साथै सारांश प्रस्तुत गरिएको छ ।

**परिच्छेद तीन : गणेश शर्मा पौडेलको व्यक्तित्वको अध्ययन**

यस परिच्छेदमा गणेश शर्मा पौडेलको व्यक्तित्वलाई विभिन्न तरिकाले व्याख्या-विश्लेषण गरिएको छ । यस अन्तर्गत पृष्ठभूमि, निजी व्यक्तित्व, गजलकार व्यक्तित्व, गीतकार व्यक्तित्व, सम्पादक व्यक्तित्व र साहित्य लेखन बीच अन्तरसम्बन्ध, साहित्य सम्बन्धी उनको धारणा र व्यक्तित्व सम्बन्धी सारांशको चर्चा गरिएको छ ।

**परिच्छेद चार : गणेश शर्मा पौडेलको कृतित्वको अध्ययन**

नेपाली साहित्यको फाँटमा साहित्यकार गणेश शर्माको आगमन एवम् उनको साहित्ययात्रा, उनका साहित्यिक प्रवृत्तिहरूको विविध कोणबाट विवेचना र मूल्याङ्कन गरी उनका पुस्तकाकार कृतिहरू र फुटकर लेख/रचनाहरूको विवरण प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार**

यस शोधपत्रको पाँचौं परिच्छेदमा प्रत्येक परिच्छेदहरूको निष्कर्ष दिँदै उपसंहारको रूपमा समग्र निष्कर्ष दिइएको छ ।

अन्त्यमा सन्दर्भग्रन्थ खण्डअन्तर्गत सन्दर्भसामग्रीहरूलाई वर्णानुक्रम मिलाएर प्रस्तुत गरिएको छ भने परिशिष्ट खण्डअन्तर्गत शोधनायक गणेश शर्मा पौडेलको छायाचित्र र उनका बारेमा गरिएका प्रश्नहरू प्रस्तुत गरिएको छ । यसरी आन्तरिक र बाह्य संरचना तथा आदि, मध्य र अन्त्य भागमा विभाजन गरी साङ्गोपाङ्ग रूपमा यो शोधपत्र तयार पारिएको छ ।

# दोस्रो परिच्छेद

# गणेश शर्मा पौडेलको जीवनी

## २.१ जन्म र जन्मस्थान

साहित्यकार गणेश शर्मा पौडेलको जन्म वि.सं. २००२ माघ २ गते आइतबार भएको हो । यिनी बाग्लुङको पैयूँ, थन्थाप पोखरीबारीमा शुक्ल यजुर्वेदहयायी आत्रेय गोत्रीय ब्राह्मण कुलमा जन्मेका हुन् । पिता मणिरत्न उपाध्याय र उनकी कान्छी श्रीमती शिवकुमारी उपाध्यायका कान्छा पुत्ररत्नका रूपमा पौडेलको जन्म भएको हो । जन्म कुण्डलीअनुसार यिनको नाम गणेश नै रहेको र बोलाउने नामका साथै सम्पूर्ण कागजपत्रहरूमा पनि गणेश शर्मा पौडेल नै रहेको छ (शोधनायबाट प्राप्त जानकारी) ।

चार वर्षको अबोध बालक छँदा पिताको देहावासन भएकाले उनी पितृस्नेहको शितल छहारीबाट वञ्चित रहेको पाइन्छ (शोधनायबाट प्राप्त जानकारी) । आमाहरूको रेखदेखमा हुर्केका पौडेल शान्त स्वभावका देखिन्छन् । यिनका दुई आमाहरूमध्ये जेठी गुमाकुमारी र कान्छी शिवकुमारी हुन् । गुमाकुमारीको कोखबाट तीन दाजु र तीन दिदी जन्मेका हुन् भने कान्छी आमा शिवकुमारीको कोखबाट दुई छोराहरूमध्ये कान्छा पुत्ररत्नका रूपमा पौडेलको जन्म भएको हो । तीन दाजुहरूमा जेठा बुधराज, माहिला ओँकार र साइँला दाजु चक्रपाणी हुन् भने लिलावती, तेजकला र पूर्णकला गरी तीन दिदीहरू गुमाकुमारीले जन्म दिएकी हुन् । कान्छी शिवकुमारीबाट रामचन्द्र र कान्छा छोराका रूपमा २००२ सालमा साहित्यकार शर्मा पौडेलको जन्म भयो (शोधनायककी आमा शिवकुमारीबाट प्राप्त जानकारी) ।

## २.२ बाल्यकाल

बाल्यकाल मानव जीवनको प्रारम्भिक र संवेदनशील चरण हो । बाल्यकालीन यस चरणमा समाजका जनजीवन, रहन-सहन, वातावरण आदिसँग समायोजन गर्न बालकलाई गाह्रो हुन्छ । बालकहरूमा बालशुलभ, मनोरञ्जन, खेदकुदमा रमाउने प्रवृति हुन्छ जसले उसको वृद्धि र विकासमा असर पार्दछ तर पौडेलको बाल्यकालीन जीवनमै बाबुको बिछोडको गहिरो छाप रहेको देखिन्छ । पौडेलको शैक्षिक वातावरण भने औपचारिक रूपमा २००८ सालमा सरस्वती

पूजाको दिनदेखि भएको पाइन्छ । सानै उमेरदेखि बहुमुखी प्रतिभाका धनी शर्मा पढाइमा भन्दा अन्य क्रियाकलापमा अगाडि रहेको देखिन्छ । बाल्यकालको अतीततर्फ फर्केर हेर्दा शर्मा भन्दछन् "म मेरा साथीहरूभन्दा जान्ने-सुन्ने भएकाले मलाई सबैजनाले माया पनि गर्थे । तत्कालीन समयमा जातीय भेदभाव हुने भए पनि तल्लो वर्गका व्यक्तिहरूलाई साथी बनाउने उनीहरूका घरमा खाना खानेजस्ता कार्य गरी 'हामी सबै एक हौं' भन्ने उदारता शर्माले देखाएको पाइन्छ ।

सानैदेखि आमाको लाड-प्यार, अगाध माया र स्नेह पाएका पौडेलमा सबै उमेर समूहका व्यक्तिसँग ठट्टा गर्ने स्वभाव रहेको छ । सानैमा चकचके र चञ्चले पौडेल गाउँमा रमाइलोका लागि मोजामा कपडा राखेर फुटबल खेल्ने, कसैका खेतबारीमा फलफूल देखे साथीहरू मिलेर चोरेर खाने समेत गर्थे । एकचोटि रुखका हाँगा समातेर पिङ खेल्दा रुखबाट लडेर बेहोस भएको कुरा गणेश पौडेलका परिवारका सदस्यले उल्लेख गरेका छन् । बाल्यकालका साथीहरू गीता लम्साल, केशव, पीताम्बर लम्साल, रुद्र आदिका साथमा रुखमा चढ्ने, फलफूल चोर्ने, चराको गुँड खोज्ने जस्ता यिनका अविस्मरणीय घटनाहरू हुन् । ठाउँ, समय र व्यक्तिअनुसार व्यवहार गर्ने यिनको बाल्यकालीन परिचय ठाउँ र व्यक्तिबाट प्रभावित भएको बुझिन्छ । बाल्यकालमा 'आफूलाई मासु खाने गिद्ध' भन्ठान्ने यिनी अचेल शुद्ध शाकाहारीका रूपमा छन् । यिनका बाल्यकाल केही दुःखद भए पनि समग्रमा भन्नुपर्दा सुखद तरिकाले मनोरञ्जनपूर्वक खेलकुद र साथी-भाइहरूसँग घुलमिलका साथ बितेको देखिन्छ (शोधनायबाट प्राप्त जानकारी) ।

## २.३. शिक्षादीक्षा

गणेश शर्मा पौडेलको प्रारम्भिक तथा माध्यामिक शिक्षा पर्वतको फलेवास भवानी विद्यापीठबाट प्रारम्भ भएको हो । २००८ सालमा सरस्वती पूजाका दिनदेखि आफ्नो गृहत्याग गरी यिनले मामाका घरबाट शिक्षाको सुरुवात गरेका हुन् । घरको आर्थिक स्थिति मध्यम खालको हुनाका साथै गाउँमा एउटा पनि विद्यालय नभएका कारण उनले मामाघरबाट अध्ययन सुरु गरेका हुन् । प्रारम्भिक शिक्षा वि.स. २००८ देखि प्रारम्भ गरी वि.सं. २०२० मा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका हुन् । मावली गाउँमा अवस्थित भवानी विद्यापीठमा पढेका शर्मालाई गाउँमा पहिलोपटक एस.एल.सी. उत्तीर्ण गर्ने व्यक्ति भनेर उनको सम्मानमा गाउँलेहरूले बाजागाजासहित नाच्दै खुशी मनाएका थिए । गाउँलेहरूले नै खुशी प्रकट गर्दै श्री

जनता प्रा.वि., पैयूँमा यिनलाई प्रध्यानाध्यापकका रूपमा नियुक्त गरेको कुरा थाहा हुन्छ (शोधनायबाट प्राप्त जानकारी) ।

यिनले विद्यालयमा अध्ययनका लागि कक्षा १ देखि ५ सम्म महिनामा १ रूपैया ५० पैसा र ६ देखि १० सम्म महिनामा १० रूपैया शुल्क तिरको बताएका छन् । कक्षा ९ देखि १० सम्म ऐन स्रेस्ता भन्ने विषयलाई मुख्य विषय बनाएर एस.एल.सी. उत्तीर्ण गरेका पौडेलले ३ वर्षसम्म प्र.अ. को पद सम्हाल्दै २०२०-२०२३ सालसम्म बिनापारिश्रमिक समाजसेवा गरेको पाइन्छ ।

वि.सं. २०२३ मा इलाहावाद, वनारस भारतमा यिनले संस्कृत साहित्य मूल विषय लिई आइ.ए. सम्मको अध्ययन गरेको पाइन्छ । पढाइमा भन्दा समाजसेवामा आफूलाई सक्रिय गर्न चाहने शर्माको औपचारिक शिक्षा वि.सं. २०२६ मा विश्राम लिए पनि अनौपचारिक ज्ञानार्जनमा भने यिनी हालसम्म पनि गतिशील हुँदै आएका छन् ।

## २.४. उपनयन संस्कार

वैदिक सनातन धर्म, संस्कृति तथा संस्कारअनुसार शर्माको उपनयन संस्कार (व्रतबन्ध) २०११ सालमा ९ वर्षका उमेरमा आफ्नै घरमा सम्पन्न भएको हो । यिनलाई गायत्री एवम् वेदमन्त्र सुनाउने गुरु आफ्नै हजुरबुबा अनन्त उपाध्याय हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.५. बसोबास

हरेक मानिसका अनेक बाध्यता, विवशता र परिस्थितिहरू हुन्छन् । यिनै परिस्थितिहरूलाई समायोजन गरी व्यवस्थित जीवन निर्वाहका लागि मानिसले अनेक प्रयत्नहरू गर्दछ । यिनै प्रयासलाई सार्थकतामा परिणत गर्ने उद्देश्यले मानिस एक टुङ्गोमा आइपुग्छ र जीवनयापनको क्रमलाई अगाडि बढाउँछ । शर्माको जन्म मध्यम वर्गीय परिवारमा भए पनि आफ्नो जीवनकालमा गरेका कामको कहिल्यै पारिश्रमिक लिएनन् । प्र.अ. भएर आफूले पाएको पारिश्रमिक प्रा.वि. लाई नि.मा.वि. बनाउन खर्च गर्नुका साथै समाजलाई परिवर्तनको बाटोतर्फ अगाडि बढाउन खर्च गरे (शोधनायकबाट प्राप्त जानकारी) । बाग्लुङमा नयाँ पिँढीले केही गरोस् भन्ने भाव उजागरण गरी एउटा नमुना जिल्ला बनाउनका साथै 'झोलुङ्गे पुलको जिल्ला' बनाउनमा गणेश शर्माको ठूलो योगदान रहेको छ ।

मध्यम वर्गीय परिवारको भए पनि यिनले कहिल्यै अभावको महसुस गर्नु परेन । बाग्लुङबाट चितवन जिल्ला झरेका शर्मा स्थायी बसोबास कालिका नगरपालिका, वडा नं. ५, जुटपानी, खोलेसिमलमा दुईतले घर बनाई 'पौडेल निवास' नामकरण गरी त्यही घरमा बस्दै आएका छन् (शोधनायककी आमाबाट प्राप्त जानकारी) ।

## २.६ वैवाहिक तथा पारिवारिक स्थिति

गणेश शर्मा पौडेल वि.सं. २०१४ बैशाख महिनामा दाम्पत्यसूत्रमा बाँधिएका हुन् । पुर्ख्यौली थलो बाग्लुङ, पैयुँमा बसोबास गर्ने छायादत्त रेग्मी र रञ्जना रेग्मीकी एकमात्र सुपुत्री कलादेवी रेग्मीसँग १३ वर्षको उमेरमा उनको विवाह भएको हो तर दैवको लेखा कसले जान्न सक्छ र २०२३ सालमा उनको निधन भयो । यस चोटले शर्मालाई जिन्दगीको हिस्सा आफूबाट खोसिएको अनुभव भएको बताउँछन् । तीन महिनाको काखे छोरालाई स्याहार-सुसार र हेरचाह गर्नुपर्ने बाध्यताले यिनले कृपाराम ढकाल र अनिता ढकालकी जेठी सुपुत्री देवी ढकालसँग २०२४ सालमा दोस्रो विवाह गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

सरल मिजास, शान्त स्वभाव, सहयोगी भावना र पतिपरायणा देवी पौडेलको दाम्पत्य सम्बन्ध सुमधुर एवम् प्रगाढ रहेको छ । यिनको जेठी श्रीमतीतर्फ एक छोरा र कान्छी श्रीमतीतर्फ तीन छोरा र एक छोरी गरी पाँच सन्तान रहेका छन् । यिनका जेठा छोरा विष्णु ग्लोबल बैङ्कमा मैनेजर पदमा कार्यरत छन्, माइला राजु काठमाडौँमा आइ.एम.इ. खोलेर बसेका छन् भने साइँलो गोविन्द पनि आइ.एम.इ. खोलेर नारायणगढमा कार्यरत छन् र कान्छा छोरा ईश्वरी विद्यावारिधिका लागि अमेरिकामा अध्ययनरत छन् (शोधनायकबाट प्राप्त जानकारी) । कान्छाबाहेक चार छोराछोरीको विवाह भइसकेको छ । तीन छोराका छोराछोरी जन्मिसकेका छन् । शर्माकी जेठी आमा र बुबा दुवैको देहान्त भए पनि आफूलाई जन्म दिने (शिवकुमारी) ९० वर्षकी आमा साथैमा छिन् । अहिले शर्माको घरमा आमा नै घरमुली छन् भने यिनी घरको अग्रज भई नाति- नातिनासँग सुखपूर्वक जीवन बिताईरहेका छन् ।

## २.७. आजीविका

गणेश शर्मा पौडेलको जन्म मध्यम वर्गीय ब्राह्मण परिवारमा भएको हो । बाग्लुङ, पैयुँ थन्थापबाट बसाईं सरी २०५२ सालमा चितवनको खोलेसिमलमा स्थायी बसोबास बस्दै आएका

शर्माको युवावस्था बाग्लुङमै बित्यो । यिनले जन्मथलो बाग्लुङ र कर्मथलो चितवन भन्न रुचाउँछन् (शोधनायकबाट प्राप्त जानकारी) । चारवर्षको हुँदा बुबाको मृत्यु भएपछि यिनको परिवारमा अझ बढी सङ्कट छाएको थियो । जसरी-तसरी आमाहरूले घर चलाएका थिए । मामाहरूको सहयोगमा घरखर्च र लेखपढ गर्न पाएका शर्माले २०२१ सालमा शिक्षण पेशा अपनाए । शिक्षक पेशा अपनाए पनि आफूले पाएको पारिश्रमिक सबै सामाजिक कार्यमा नै लगाए । श्री जनता प्रा.वि. को प्र.अ. भएका शर्माले तीन वर्ष अध्यापन गर्दा पाएको पारिश्रमिक प्रा.वि.लाई नि.मा.वि. बनाउनमा खर्च गरेका थिए । शिक्षण पेशालाई छोड्दै २०२६ सालदेखि २०२७ सालसम्म कुश्मा, सेराबाट हुलाकीको काम गर्दा पनि बिनापारिश्रमिक कार्य गरे । यिनले वि.सं. २०२९ देखि २०४२ सम्म प्रधानपञ्च भई समाजलाई विकासतिर लम्काउने काम गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

अरू राजनीतिमा होमिएर आफ्नो घैंटो भर्ने काम गर्छन् तर शर्माले आफ्नो अलिअलि भएको जग्गा पनि समाजसेवाकै बेचेर सिध्याएको देखिन्छ । 'खाली हात आएको खाली हात नै जाने हो र सेवा गरे धर्म साथ लाग्छ' भन्ने सोच शर्मामा रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) । बाग्लुङगमा विद्यालय, हुलाक, बाटोघाटो, मठ-मन्दिर, झोलुङ्गे पुलको सुरुवात गर्ने पहिलो व्यक्तिका रूपमा शर्माकै नाम अगाडि आउने गर्दछ । आफू रित्तिएर समाजलाई हराभरा गराउने काम गरेका शर्माले राजनीतिलाई त्यहीँ छाडेर आफूलाई नवलपरासीको माकरमा पुरस्कारस्वरूप प्राप्त जग्गा बेचेर आफ्नो व्यवहार मिलाएका थिए ।

## २.८. आर्थिक अवस्था

मध्यम आर्थिक अवस्था भएको ब्राह्मण परिवारमा जन्मिएका यिनी आफ्नो आर्थिक स्थिति जति अभावयुक्त भए पनि समाजसेवाका लागि उनका हात कहिल्यै खुम्चिएनन् । राजनीतिमा विरक्त भएका शर्मा २०४७ सालदेखि पूर्णरूपमा साहित्यमा होमिए । घरमा अन्नपात बेचबिखन गरेर घर चलाएका शर्माको घरलाई पछिल्लो समय छोराहरूले सुन्दर महल बनाएका छन् । जुटपानी, खोलेसिमलमा बन्दोबस्त तरिकाले दुई तले घर भएका यिनको आर्थिक स्थिति निकै सबल रहेको छ । कामको सिलसिलामा बाहिर बसे पनि चारभाइ छोरासँगै सगोलमा (सामूहिक परिवारमा) बसेका छन् ।

वर्तमानमा आर्थिक रूपले सम्पन्न देखिने शर्माले अर्थोपार्जनका लागि अहिले केही गरेको देखिँदैन । पौडेलले फुर्सदका समयमा सामाजिक कार्य र समाजसेवीका रूपमा समाजको उत्थान र उन्नयनमा समय खर्चेका छन् भने साहित्यिक गतिविधिमा समेत आज पनि सक्रिय रूपमा लागिरहेका छन् । मध्यम परिवारमा हुर्किएका भए पनि छोराहरूका कारणले अहिले यिनी सम्पन्न परिवारमा रूपान्तरित भइसकेका छन् ।

## २.९ साहित्य लेखनको प्रारम्भ र निरन्तरता

गणेश शर्मा पौडेल प्रारम्भमा मनोरञ्जनकै रूपमा साहित्य सिर्जनामा लागेका हुन् । पछि क्रमशः साहित्यप्रतिको अनुराग बढ्दै जाँदा साहित्य लेखनलाई सामाजिक दायित्वका रूपमा लिएका शर्माले वि.सं. २०१८ सालदेखि फाटफुट रूपमा विभिन्न पत्रपत्रिकामा आफ्ना रचनाहरू प्रकाशन गरेको देखिन्छ । साहित्यिक कृतिका रूपमा २०४७ सालमा *फर्केर हेर* कविता प्रकाशन गरी साहित्य सिर्जनामा जुटेका हुन् । शर्माले वि.सं. २०४७ देखि २०७३ सालसम्ममा प्रकाशित कृतिभित्रका रचनाहरूमा सामाजिक जनजीवनमा हुने गरेका घटनाहरू, कतिपय आफ्नै व्यक्तिगत जीवन भोगाइका घटनाहरूलाई साहित्यिक रूप दिएका छन् । उनले क्रमिक रूपमा समयको गतिसँगै साहित्यिक रचना गरेको पनि तीन दशक पार भइसकेको छ । जीवनको उत्तरार्धमा पनि शर्माको साहित्यिक कलम निरन्तर चलिरहेको छ । केशवराज आमोदीका भनाइमा उनी सिङ्गगो कृति **फर्केर हेर** र संयुक्त लेखन **गण्डकी साहित्य पियूष** शीर्षकको कृति वि.सं. २०४७ मा प्रकाशन गरी साहित्यमा प्रवेश गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

जीवनको उत्तरार्धमा शर्माका साहित्यिक सिर्जनाहरू अझ मौलाउँदै जाने कुरामा विश्वास गर्न सकिन्छ । १६ वर्षको उमेरदेखि साहित्य सिर्जना गरी आफ्नो परिचय दिन थालेका गणेश शर्मा पौडेलको साहित्य साधनाले हालसम्म निरन्तरता पाएको छ ।

## २.१० साहित्यिक मान्यता

“साहित्यमा जीवन र जगत्बाट प्राप्त विभिन्न भावना र अनुभूतिको अभिव्यक्ति हुने भएकाले यो एउटा लोक हो अनि आलोक पनि यही हो । त्यसैले यसमा विभिन्न वाद, सिद्धान्त र प्रवृत्ति समयका रङ्गहरूमा प्रवाहित हुँदै जान्छन् (थापा, २०४० : छ) ।

गणेश शर्मा पौडेलको व्यक्तिगत जीवन बाल्यकालदेखि नै सङ्घर्षमय रहेको बुझिन्छ । उनका साहित्यिक कृति वा रचनाहरूमा मानवतावादी चिन्तनको प्रत्यक्ष प्रभाव परेको छ । साहित्यकार शर्माका अनुसार साहित्य वर्गीय हुन्छ । आफ्नो चेतनाअनुसार यो वा त्यो वर्गको हितमा प्रत्येक स्रष्टाले साहित्य सिर्जना गर्दछ समाजका बेथिति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गर्ने शर्मा परहित, सामाजिक भलाइ र उदात्त मानवीय गुणका साथै राष्ट्रवादी विचारका धनी देखिन्छन् । साहित्य समाजको कसिङ्गर बढार्ने र वर्गीय असमानता हटाउने एक साधन भएका हुनाले सर्वसाधारण निमुखा मानिसको जीवन र जगत्का विषयवस्तु हुनुपर्दछ र परिवर्तनका लागि मानवीय मूल्य र विचारको मूल्यमा गाँसिएको साहित्यमा जीवन गाँस्न नसके जीवन अधुरो छ भन्ने धारणा उनमा रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) । यिनी विगतका घटनाक्रमहरूलाई आफ्नो बुझाइ र अनुभूतिका माध्यमबाट प्रस्तुत गरेर विद्यमान विकृति र विसङ्गतिजन्य समस्याको उजागर गरी राष्ट्रियताप्रति सचेत रहन सबैमा आग्रह गर्न चाहन्छन् ।

मानवीय जीवनका भोगाइ र अनुभूति नै साहित्य हो । यसले मानवीय हितको कार्य गर्दछ त्यसैले विद्यमान विकृति, विसङ्गति र बेथितिलाई सरल, सहज माध्यमबाट मानवतावादी चिन्तनका साथ प्रस्तुत गर्नु उनको साहित्यिक मान्यता रहेको देखिन्छ ।

## २.११ सम्मान र पुरस्कार

गणेश शर्मा पौडेल 'हुने विरुवाको चिल्लो पात' भनेझैं मेधावी छात्रका रूपमा परिचित छन् । यसका अतिरिक्त सरकारी, गैरसरकारी सेवामा प्रवेश गरेपछि विभिन्न सामाजिक कार्यमा संलग्न रहेका छन् ।

साधनाका क्रममा कविता, गीत र गजलबाट साहित्यमा प्रवेश गरेका शर्माले फुटकर रूपमा आफ्ना रचनाहरू २०१८ सालबाटै पत्रपत्रिकाका माध्यमद्वारा प्रकाशित गरेका छन् । साहित्यिक सिर्जनालगायत विभिन्न सङ्घ-संस्थाको स्थापना गरी सामाजिक कार्यहरू समेत यिनले सम्पन्न गरेका छन् भने यिनले राजनीतिमा विद्यार्थी कालदेखि नै नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् । यिनले हालसम्म प्राप्त गरेको पुरस्कार तथा सम्मानहरू निम्नानुसार रहेका छन् :

- पूर्व राजा स्व. वीरेन्द्र वीरविक्रम शाहबाट कदर-पत्र ।
- शुभराज्यभिषेक पदक (२०२९)

- राजनीतिक पीडितका नाममा नवलपरासीको माकरमा जमिन प्राप्त (२०५३)
- नेपाल रेडक्रस सोसाइटी उप-शाखा जुटपानीबाट प्रशंसा-पत्र (२०६१)
- हाम्रो मझेरी साहित्य प्रतिष्ठानबाट सम्मान (२०६०)
- नि.मा.वि. जमुनापुर, चितवनबाट सम्मान (२०६५)
- **कैलाश** राष्ट्रिय विविध पत्रिका चितवनबाट सम्मान (२०६६)
- दीपज्योति युवा क्लब, बाग्लुङबाट सम्मान-पत्र (२०६९)
- जनता मा.वि. पैयु, बाग्लुङबाट सम्मान-पत्र (२०६९)
- आत्रेय गोत्र पौडेल वंश अनुसन्धान प्रतिष्ठान, देवघाट, चितवनबाट सम्मान (२०६९) ।
- नेपाल रेडक्रस सोसाइटीबाट सम्मान-पत्र (२०७२)
- खोलेसिमल बजार व्यवस्थापन समितिबाट सम्मान-पत्र (२०७३)
- नेपाली काँग्रेसबाट सम्मान-पत्र (२०७३)
- हाम्रो मझेरी साहित्य प्रतिष्ठानबाट सम्मान-पत्र ( ? )

यसरी शर्मा दुई दर्जनभन्दा धेरै सम्मान, प्रशंसा र कदर-पत्रहरूद्वारा पुरस्कृत र सम्मानित भएका छन् । शर्माको योगदानको कदर गर्दै प्रदान गरिएका पुरस्कार तथा सम्मानले उनको साहित्यिक सृजनामा उर्जा थपेको कुरा यिनी बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१३ रुचि र स्वभाव

गणेश शर्मा पौडेल बाल्यकालमा चञ्चले स्वभावका थिए । बालसखाहरूसँग पूजा-अर्चना गर्न, दौडन, भलिबल खेल्न, रुखमा झुण्डिन, पिङ् खेल्न औधी रुचाउने शर्मा पढाइमा पनि मेधावी थिए भने हाजिरी-जवाफ, वक्तृत्वकला, वादविवादलगायत अन्य नेतृत्वदायी अतिरिक्त क्रियाकलापहरूमा जहिले पनि प्रथम हुन्थे । सामाजिक कार्यमा निकै रुची लिने शर्मा भोटो, सुरुवाल, कमिज र टोपीको परिधानमा रहने, रायोको साग र सिन्कीको अचार, मुलाको थेबे, दूध, दही, घ्यूका साथमा दाल, भात र तरकारी, भुरुरु फुला उठेका मकै र मोही खान रुचि राख्दछन् ।

बाल्यकालमा बुबाको शितल छहारीबाट वञ्चित शर्माको बाल्यकाल सुखद हुन नसके पनि आफ्नो बलबुता र मिहेनतका कारण यिनले आफ्नो जीवनको लक्ष्य पूरा गरेरै छाडेका छन् । युवावस्थादेखि नै यिनी परिश्रमी, लगनशील, ढृढ निश्चयी र स्वाभिमानी स्वाभावका देखिन्छन् । यिनी आडम्बरीपनको खरो विरोध गर्दछन् भने तडक-भडक र भड्किलो स्वभावप्रति वितृष्णा राख्दछन् । अरूलाई हेप्न, चेप्न नचाहने मात्र होइन अरूबाट आफू पनि नहेपिने यिनको स्वभाव रहेको छ । यिनीसँग हेलमेल भएका र यिनलाई नजिकबाट चिन्ने विभिन्न व्यक्तिहरूमध्ये पुष्प अधिकारी अञ्जलीको भनाइमा यिनी अत्यन्तै सरल, मिजासिलो स्वभावका चाँडै घुलिमिल हुन सक्ने व्यक्ति हुन् । साहित्यकार आमोदीका अनुसार यिनी सरल, हृदयी, मृदुभाषी, मिलनसार, व्यावहारिक, कर्तव्यपरायण, समाजसेवी व्यक्ति छन् ।

पूर्णप्रसाद अधिकारीका अनुसार यिनी बडा निडर, प्रष्टवक्ता र हेलमेल हुने प्रवृत्ति भएका व्यक्ति हुन् । रीतिरिवाज, धर्म, संस्कृति र समयअनुरूप परिमार्जित हुँदै जानुपर्छ र अन्धविश्वासलाई त्याग्नु पर्छ भन्ने मान्यता यिनको छ । गणेश शर्मा पौडेल राजनीतिक नेताका रूपमा विश्वेश्वरप्रसाद कोइराला, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई मन पराउँछन् । त्यस्तै मोदनाथ प्रश्रितका लेखहरू पढ्न मन पराउँछन् । चितवनका साहित्यकारहरूमा केशवराज आमोदी, पुष्प अधिकारी अञ्जली, सरिता तिवारी, गोविन्दराज बिनोदीका रचना मन पराउने यिनले राष्ट्रियस्तरका साहित्यकारहरूमा केशवराज पिँडाली, महाकवि लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, विश्वेश्वरप्रसाद कोइरालालाई मन पराएको देखिन्छ । रङ्गमा निलो रङ्ग रुचाउने यिनको रुचिमा खासै परिवर्तन आएको त पाइँदैन तर चेतनाले मानवीय स्वभावलाई पनि परिवर्तन गरेझैँ शर्माको स्वभावमा पनि केही परिवर्तन भएको देख्न पाइन्छ ।

## २.१४ भ्रमण

२०२० सालमा कक्षा १० उत्तीर्ण गरेपछि श्री जनता प्रा.वि. मा हेडमास्टर भई विभिन्न समयका शिक्षक तालिममा भाग लिन विभिन्न ठाउँमा पुगेको उनी बताउँछन् । नेपालको ३५ वटा जिल्ला भ्रमण गरेका शर्मा पढाइको सिलसिलामा बनारस र मद्रासको भ्रमण गरेको बताउँछन् । नेपालका धेरै जिल्ला र ठाउँ घुम्न बाँकी रहेको र समय तथा अवसर मिले सबै जिल्ला घुम्ने इच्छा समेत यिनको छ (शोधनायकबाट प्राप्त जानकारी) । यिनले स्वदेशमा मात्र होइन विदेशमा गएर पनि ज्ञान आर्जन गरेका छन् । यसप्रकारको आर्जित ज्ञान उनको गहना बनेको छ ।

## २.१५ अविस्मरणीय घटना

व्यक्ति विशेषको जीवनमा विभिन्न कालखण्डमा भिन्न-भिन्न किसिमले असाधारणरूपमा घट्ने घटनाहरू वास्तवमा जीवनभरका लागि अविस्मरणीय नै हुन्छन् । गणेश शर्मा पौडेलको जीवनमा पनि यस्तै खालका धेरै घटनाहरू घटेका छन् । यस्तै घटनाहरूमध्ये केही अविस्मरणीय घटनाहरू यहाँ उल्लेख गरिएका छन् ।

२०२० सालमा एस.एल.सी. उत्तीर्ण भएर घर फर्कंदा शर्मालाई गाउँलेहरूले पञ्चेबाजासहित बाटामा स्वागत गरी स्थानीय जनता प्रा.वि. मा प्र.अ. को पद ग्रहण गर्न आग्रह गर्नु नै सबैभन्दा सुखद क्षण मानेका छन् गणेश शर्मा पौडेलले ।

२०११ सालमा बुबाको मृत्युबाट बाल्यावस्थादेखि आजसम्म आफ्ना पिताको न्यानो काखबाट वञ्चित हुनपुगेका शर्माको जीवनमा यस्ता अनेकौं घटनाहरू घटेको बताउँदछन् । जसमध्ये भुल्न नसकिने घटनाहरू :

२०२३ सालमा श्रीमतीको असामयिक निधनलाई यिनले जीवनको सबैभन्दा ठूलो घटना भनेका छन् भने २०४० साल भदौ १२ गते तनहुँ जिल्लाको तालघरे भन्ने स्थानमा भएको बस दुर्घटनामा परी जीवन र मृत्युको दोसाँधबाट सङ्घर्ष गर्दै बाँचेको अर्को दुःखद् घटना पनि यिनले भोगेको बिर्सन गाह्रो हुने दुःखद घटना हो ।

जीवनका यिनै तीता-मीठा अनुभवहरूलाई स्मृतिबिम्बका रूपमा सँगाल्दै साहित्यकार शर्माको जीवनयात्रा अगाडि बढिरहेको देखिन्छ ।

## २.१६ ईश्वरप्रतिको आस्था

सनातन हिन्दूपरम्परा मान्ने परिवारमा साहित्यकार शर्माको जन्म भएको थियो । बाल्यकालदेखि नै देवी-देवताको पूजाआजा गर्न खुब मन पराउने यिनका विचारमा सांसारिक सुख, सुविधाका निम्ति जतिसुकै धन, सम्पत्ति सञ्चय गरे पनि तिनबाट पूर्णतया सुख, शान्ति सम्भव छैन । ती बाचुन्जेलसम्मका साधनमात्र हुन्, साध्य होइनन् अन्ततः ती सबै यहीँ नै रहन्छन्, जाने त आखिर धर्म-कर्म मात्रै हो भन्ने उनको शास्त्रीय मान्यताप्रति दृढ विश्वास रहेको छ । समय र परिस्थितिले मानिस परिवर्तनशील भए तापनि आफू आस्तिक नै रहेको बताउँछन् । जीवनका आरोह-अवरोहसँगै आफ्नो चिन्तन, विचार र आस्थामा केही परिवर्तन

आएको कुरा यिनले स्पष्ट गरेका छन् । भगवान् मान्छेले बनाएको मन्दिर वा मूर्तिभित्र होइन, मान्छेभित्र भगवान् रहेका छन्, स्वर्ग र नर्क भन्ने कुरा यही धर्तीभित्र रहेको यिनले महसुस गरेका छन् । बाल्यकालको आस्थामा केही परिवर्तन भए पनि यिनले आफूलाई धर्मप्रति आस्थावान् व्यक्तिका रूपमा स्थापित गरेका छन् ।

## २.१७ कार्यक्षेत्रमा प्रवेश

गणेश शर्मा पौडेलले १० कक्षा उत्तीर्ण गरेलगत्तै बाग्लुङ, पैयूँमा अवस्थित श्री जनता प्रा.वि. को प्र.अ. भएका थिए । २०२० सालदेखि २०२३ सालसम्म शिक्षण पेसामा समय बिताएका यिनी त्यसपछि शिक्षणको कार्यक्षेत्र परिवर्तन गरी समाजसेवामा लागेका हुन् । गाउँमा एउटा हुलाकको व्यवस्था नहुँदा २०२६ देखि २०२७ सालसम्म हुलाकीको काम गरी सेवा गरेका शर्माले गाउँमा हुलाकको स्थापना गरेको उल्लेख पाइन्छ । तत्कालीन अवस्थामा शिक्षाको महत्त्व नबुझेका मान्छेहरूलाई ज्ञान बाँड्दै हिँड्ने यिनले २०२५ देखि २०२९ सालसम्म र २०३७ देखि २०४२ सालसम्म प्रधानपञ्च भई कार्य गरेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

२०२५ देखि २०४२ सालसम्मको समयमा गाउँमा आमूल परिवर्तन ल्याउनका लागि शर्माले जति काम गरे सबै बिनापारिश्रमिक नै गरेका हुन् । अरूले राजनीतिमा लागेर भुँडी भर्ने काम गरी समाजलाई रित्याएर आफूलाई हराभरा बनाएका छन् तर यिनले आफूलाई रित्याएर समाजलाई हराभरा बनाउने काम गरेको पाइन्छ । यिनले विद्यालय, बाटोघाटो, पानी, सञ्चारको दुर्लभ समयमा पनि हुलाकको व्यवस्था गर्दै बाग्लुङलाई 'झोलुङ्गे पुलको जिल्ला' भनेर चिनाउनका लागि निकै ठूलो योगदान रहेको छ । कुनै पनि काममा दिगो समय नदिए पनि यिनले सधैँ आफ्नो जीवन समाजसेवामा नै अपर्ण गरेका छन् । यसरी शिक्षक, हुलाकी, प्रधानपञ्च, समाजसेवीका रूपमा काम गरेका शर्माले कुनै पनि पद ग्रहण नगरी सामाजिक क्षेत्रमा सेवा गर्दै आएका छन् ।

## २.१८ दिनचर्या

हरेक मानिसका आ-आफ्ना दिनचर्या हुन्छन् । शर्माको पनि आफ्नै किसिमको दिनचर्या रहेको छ । यिनी हरेक बिहान सबेरै उठ्छन् र आफ्नो नित्यकर्म सिध्याउँछन्, पत्रपत्रिका पढेर बिहानको समय बिताउने यिनी हिजोका दिनहरूमा पनि समाजसेवीका रूपमा चिनिएका थिए

भने अहिले पनि सामाजिक र साहित्यिक कार्यमा संलग्न रहेका छन् । अहिले साहित्यिक सङ्घ-संस्था, सामाजिक सङ्घ-संस्थामा सक्रिय भूमिका निर्वाह गरिरहेका यिनी अति व्यस्त हुँदाहुँदै पनि साहित्य साधनामा भने निरन्तर लागिरहेका देखिन्छन् ।

## २.१९ निष्कर्ष

२००२ साल माघ २ गते आइतवार पिता मणिरत्न उपाध्याय र माता शिवकुमारीको कोखबाट बाग्लुङ जिल्ला, पैयूँ थन्थाप, पोखरीबारीमा पहिलोपटक आँखा खोलेका शर्माले लगभग ५० वर्षको लामो समय आफ्नो पुर्ख्यौली थलोमा बिताएको देखिन्छ । वि.सं. २०१४ मा पहिलो विवाह गरेका यिनले जेठी श्रीमतीको निधनपछि २०२४ सालमा दोस्रो विवाह गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । वि.सं. २०२० देखि श्री जनता प्रा.वि. मा प्र.अ. को पद समालेका पौडेलले २०२६ सालमा आइ.ए. बनारसबाट उत्तीर्ण गरेका थिए । शर्माका पाँचजना सन्तान रहेका छन् । वि.सं. २०२५ देखि २०२९ सम्म र पुनः २०३६ देखि २०४२ सालसम्म प्रधानपञ्च भई गाउँ, टोल र समाजलाई समुन्नत बनाउन यिनले काम गरे । आफूलाई धर्मप्रति आस्थावान रहेको बताउने शर्मा समयअनुसार परिवर्तन हुनुपर्दछ भन्दछन् । राजनीतिमा प्रगतिशील विचार भएका शर्मा समाजका बेतिथि, विकृति, असमानता र अस्त-व्यस्ततादेखि आहत, भोका, नाङ्गा, निमुखा, शोषित, पीडितवर्गको दुःखलाई नजिकबाट नियाल्दै तिनैको उत्थानका लागि निरन्तर आफ्नो कलम चलाइरहेका छन् । समाजमा भएका विकृति र विसङ्गति विरुद्ध विद्रोहको स्वर प्रकट गर्ने स्पष्टवादी शर्मा समाजमा व्याप्त अन्याय, अत्याचार र असमानताका विरुद्ध निर्भिकताकासाथ आफ्ना मत प्रकट गर्ने एक सिद्धहस्त साहित्य साधक हुन् । **फर्कर हेर** (२०४७) राजनीतिक लेख छपाएर नेपाली साहित्यको क्षितिजमा उदाएका शर्माका हालसम्म **मेरो आँखामा देश** (२०६३) गीत-गजलसङ्ग्रह, **ऐतिहासिक तथा वैयक्तिक परिचयसङ्ग्रह** (२०६७, संयुक्त लेखन), **पन्क्षी मयूर** (२०७०) हाइकुसङ्ग्रह **अन्तर्मनको तरङ्ग** (२०७१) कवितासङ्ग्रह, **वस्तीका स्वरहरू** (२०७२) मुक्तकसङ्ग्रह, **मधुसत्य** (२०७३) कवितासङ्ग्रह, **विचारको खडेरी** (२०७३) ताङ्कासङ्ग्रह जस्ता साहित्यिक रचना र विभिन्न पत्रपत्रिका तथा स्मारिकाहरूमा यिनका दर्जनौं फुटकर कविता, लेख, रचना, मुक्तक प्रकाशित भइसकेका छन् ।

वि.सं. २०५२ सालमा चितवन झरेका शर्माले जन्मथलो बागलुङ भए पनि कर्मथलो खोलेसिमल, जुटपानी रहेको बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) । खोलेसिमलको बहुमूल्य रत्न बन्न सफल शर्माले सामाजिक हितका लागि काम गरेका छन् । गणेश शर्मा पौडेलको आर्थिक स्थिति सबल र सम्पन्न नै रहेको देखिन्छ । यिनका चार छोरा, नाति-नातिना, आमा, बुहारीहरू स-परिवार एउटै घरमा बस्दै आएका छन् ।

शर्मा साहित्य लेखनमा मानवतावादी शैलीलाई अँगाल्ने कवि हुन् । उनले चितवनमा साहित्यको उन्नयनका लागि नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । साहित्यसर्जक तथा समाजसेवी शर्माको जीवन समग्रमा सुखद रूपमा नै बितेको देखिन्छ ।

# तेस्रो परिच्छेद

# गणेश शर्मा पौडेलको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिको जीवनीका विभिन्न पक्षले व्यक्तित्व निर्माण गर्दछ । व्यक्तिमा हुने निजी विषेशताका निजीपनलाई नै सामान्य व्यक्तित्व भनिन्छ । वंश, परम्परा, जैविकवृत्ति पुञ्जका रूपमा व्यक्तित्व निर्माण हुन्छ र शिक्षा-दीक्षा, सङ्गति र वातावरणबाट प्राप्त ज्ञान र अनुभवद्वारा समृद्ध हुन्छ (उपाध्याय, २०३९ : ३९) ।

व्यक्तिका अनुभव, ज्ञान, आस्था, शिक्षा-दीक्षा, झुकाव, मूलप्रवृत्ति, आर्जित गुण सबैका सामूहिक प्रयासको परिणाम व्यक्तित्व हो । व्यक्तित्वले नै व्यक्तिलाई समाजमा स्थापित र मर्यादित बनाउँछ । व्यक्तिले समाजमा दिएको योगदान, आचरण, स्वभाव, कला, नेतृत्व, सीप र रुचि आदि पक्षबाट व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । उसका रचनात्मक र विकासात्मक गतिविधिले उसको व्यक्तित्वमा प्रष्ट छाप पारेको हुन्छ । परिस्थितिअनुसार चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने निहित प्रतिभा नै व्यक्तित्व हो (ओझा, सन् १९७५ : ३१) । यस शीर्षकअन्तर्गत गणेश शर्मा पौडेलको बाह्य र आन्तरिक दुई व्यक्तित्वलाई विभिन्न कोणबाट अध्ययन गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

मानिसको वाह्य व्यक्तित्व भनेको शारिरीक गठन हो र यो बाहिरबाट हेर्दा छर्लङ्ग देखिन्छ । बाह्य व्यक्तित्व शारीरिक बनोट, रूपरङ्ग आदिसँग सम्बन्धित हुन्छ । गणेश शर्मा पौडेलको आन्तरिक व्यक्तित्वसँग बाह्य व्यक्तित्व पनि सुहाउँदो देखिन्छ । ५ फिट २ इन्च उचाइ ६० किलो तौल, गहुँगोरो वर्ण, बाटुलो ठिक्कको अनुहार, उज्यालो मुख-मण्डल, गम्भीर स्वभाव र मझौला शरीर भएका गणेश शर्मा पौडेल रसिक र हँसिला देखिन्छन् । कोही-कसैलाई अन्याय र अत्याचार नगर्ने र आफूप्रति कोही-कसैले गरेको अन्याय-अत्याचारलाई पनि नसहने शर्मा उच्च मनोबल भएका र देखे-जानेका कुरा नढाँटी बोल्ने स्पष्टवक्ता हुन् । उनी कसैसँग लोलोपोतो गर्न नचाहने स्वाभिमानी व्यक्ति हुन् ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिको अन्तर्निहित गुण र प्रतिभा वा विशिष्टतालाई त्यस व्यक्तिको आन्तरिक व्यक्तित्व भनिन्छ । कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनको उतार-चढाव, क्रिया-प्रतिक्रिया र जीवन भोगाइमा निर्भर गर्दछ । व्यक्तिको आन्तरिक व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवम् राजनीतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेका हुन्छन् । यसका अतिरिक्त शिक्षा-दीक्षा, रुचि, पेसा, जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छन् । गणेश शर्मा पौडेलको समस्त व्यक्तित्वको अध्ययन गर्दा यिनको आन्तरिक व्यक्तित्व बहुमुखी देखिन्छ । उनले नेपाली साहित्यको वृद्धि, समाजसेवा र राष्ट्रोन्नतिमा के-कति योगदान दिएका छन् भन्ने कुरा बुझ्न उनका जीवनका विभिन्न पक्षहरूको अध्ययन गर्नुपर्ने हुन्छ । यहाँ उनको आन्तरिक व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

गणेश शर्मा पौडेल साहित्यिक साधनामा किशोरावस्थादेखि नै गहिरो अभिरुचि भएका व्यक्तित्व हुन् । उनले पहिलो कविता २०१८ सालमा भवानी विद्यापिठ मुखपत्रमा *मान्छेलाई गुन कुखुरालाई नुन* शीर्षकको कविता प्रकाशित गराएर आफ्नो साहित्यिक यात्रा सुरु गरेका हुन् । समाजसेवामा लागिपरेका शर्मा फाटफुट कविता रचनामा सक्रिय रहे तापनि **फर्कर हेर** (कवितासङ्ग्रह) २०४७ सालमा प्रकाशित गरी साहित्यिक क्षेत्रमा परिचित भएका हुन् ।

२०४७ सालदेखि नै निरन्तर साहित्य साधनामा लागेका गणेश शर्मा पौडेलको साहित्यिक यात्रा क्रमशः गतिशील बन्दै अगाडि बढेको देखिन्छ । यिनका **चितवन पोष्ट**, **कैलाश** विविध पत्रिका, विभिन्न **स्मारिका, मञ्च** आदि पत्र-पत्रिकाहरूमा छिरलिएर प्रकाशित भएका छन् । पुस्ताकाकार कृतिका रूपमा **फर्कर हेर** (२०४७) कवितासङ्ग्रह, **पन्छी मयूर** (२०६०) हाइकुसङ्ग्रह, **मेरो आँखामा देश** (२०६३) गीत-गजलसङ्ग्रह, **अन्तर्मनका तरङ्ग** (२०७१) कवितासङ्ग्रह, **बस्तीका स्वरहरू** (२०७२) मुक्तकसङ्ग्रह, कवितासङ्ग्रह **मधुसत्य** (२०७२), **विचारको खडेरी** (२०७३) ताङ्कासङ्ग्रह प्रकाशित छन् (शोधनायकबाट प्राप्त जानकारी) । यी सातवटा कृतिहरूका स्रष्टा पौडेल साहित्य साधना गर्ने विशिष्ट राष्ट्रिय प्रतिभाका रूपमा देखापरेका छन् । चितवन जिल्लामा २०६४-६५ सालदेखि अनरवत रूपमा **कैलाश** विविध

पत्रिकाको नेतृत्वसमेत गरेका हुनाले उनको साहित्यिक व्यक्तित्व अझ पल्लवित भएको पाइन्छ र यिनको साहित्यिक व्यक्तित्व निकै सुदृढ रहेको देखिन्छ ।

३.३.१.१ **कवि व्यक्तित्व**

गणेश शर्मा पौडेलले वि.सं. २०१८ सालदेखि नै औपचारिक रूपमा कवितालेखन सुरु गरेका हुन् । यिनको साहित्यिक यात्रा कविता लेखनबाट प्रारम्भ भएको हो । उनको कवि व्यक्तित्वलाई चिनाउने पुस्तकाकार कृतिहरूमा कवितासङ्ग्रह, गजलसङ्ग्रह, मुक्तकसङ्ग्रह, हाइकुसङ्ग्रह प्रकाशित भएका छन् । यीबाहेक उनका कविताहरू, मुक्तकहरू विभिन्न समयमा फुटकर रूपमा स्थानीय पत्रपत्रिकाका विशेषाङ्क र स्मारिकाहरूमा प्रकाशित हुँदै आएका छन् । कविताका अध्ययनबाट उनी सामाजिक यथार्थवादी र मानवतावादी भावधारामा आधारित भएर विद्रोह, निराशा, विसङ्गतिवादी जीवन दृष्टिकोण प्रयोग गर्ने मूलतः झ्याउरे लयका कवि हुन् भन्न सकिन्छ ।

यिनका कवितामा भाषिक सरलता, बिम्ब र प्रतीकको कलात्मकता रहेको पाइन्छ । कवि डी.डी. शर्माले *शुभमस्तु* शीर्षकमा कवि गणेश शर्माको व्यक्तित्वको चर्चा यसरी गरेका छन् -

अन्तर्मनको तरङ्ग उर्ल्यो भरङ्ग भयो मन
बैसमा हेर्‍यो, भेँडा र बाख्रा चराई पाखा वन
यो हाँगा, कैले ऊ हाँगा कैले चालेर बैंसमा
गयो यो जिन्दगी भुलेर ऐशमा ।

साहित्य सेवा गर्नका लागि गणेश शर्माले
तत्पर भई झ्याउरे खेती उब्जाएर कमैले
अन्तमर्नको तरङ्गभित्र छात्र उर्ले पचास
शब्दले सङ्गति पाएन भने बन्दैन मीठास ।

हे सरस्वती ! शारदा माता ! लक्ष्मी र भारती !
गणेशलाई वरदान देऊ गरौंला आरती
फलफूल, जल, चन्दन, अक्षता, सर्जाम पूजाको
जुटाई गर्छु म पूजा पाऊँ वरदान चिताको ।

कालीको बाढी उर्लेझैं उर्ल्यो कविको कल्पना
मल र जल बैंसले खायो सकेन पल्पन
तैपनि बढ्यो हरियो भयो पलायो पालुवा
शर्माले झिके सुगन्धी तेल पेलेर बालुवा । (**अन्तर्मनको तरङ्ग**, २०७१ : भूमिका)

### ३.३.१.२ हाइकुकार व्यक्तित्व

जापानी साहित्यबाट क्रमिकरूपमा नेपाली साहित्यमा भित्रिएको हाइकु कविता साहित्यको कान्छो विधा हो । साहित्यक्षेत्रका विभिन्न विधामा कलम चलाएका गणेश शर्मा पौडेलको **पन्क्षी मयुर** (२०७०) हाइकुसङ्ग्रह प्रकाशित भएको छ । पुस्तककार कृति **पन्क्षी मयूर** (२०७०) हाइकुसङ्ग्रह विभिन्न पत्र-पत्रिका र विभिन्न स्मारिकाहरूमा प्रकाशित फुटकर हाइकु रचनाहरूले यिनको हाइकुकार व्यक्तित्वलाई चिनाएको छ ।

### ३.३.१.३ गीतकार व्यक्तित्व

गणेश शर्मा पौडेलको गीतकार व्यक्तित्व पनि त्यत्तिकै सशक्त रहेको छ । २०६३ सालमा **मेरो आँखामा देश** (गीत-गजलसङ्ग्रह) प्रकाशनपश्चात् नेपाली साहित्यको गीत विधामा उनी उदाएका हुन् । गीत विधामा उनको यो नै प्रथम प्रकाशित कृति हो । लोकलयमा आधारित २४ ओटा गीतहरू समाविष्ट प्रस्तुत कृतिमा सामाजिक, आर्थिक, जनजिब्रोले गुन्गुनाइरहेका भाकाहरूमा केन्द्रित विषयको विविधता पाइन्छ । जस्तै :

यो जीवन तिम्रै हो भेना, पार पोको, बाँध बलियो
गृहीणीको बोध बोक्न भिना, बनु नाम्लो बाट बलियो । (**मेरो आँखामा देश,** पृ. ३) ।

शीर्षकबिना लेखिएका उनका गीतहरू फुटकर रूपमा थपिए पनि पुस्तकाकार रूपमा भने पाइएको छैन ।

### ३.३.१.४ गजलकार व्यक्तित्व

कविता र हाइकु लेखेर तिखारिएका शर्माको कलम गजल विधामा पनि चलेको देखिन्छ । वि.सं. २०६३ मा **मेरा आँखामा देश** गीत-गजलसङ्ग्रहसँगै यिनले गजल विधामा समेत पर्दापण

गरेको देखिन्छ । सङ्ख्यात्मकताभन्दा पनि गुणात्मकतालाई बढी महत्त्व दिने शर्माका गजलमा देशप्रतिको माया, मानवतावादी भाव, अस्तित्त्ववादी चिन्तन, महिला हक, अधिकार प्राप्ति, सामाजिक समस्या, देशको बिग्रँदो अवस्था मुख्य विषयवस्तुका रूपमा उठान गरेको पाइन्छ । यस गजलसङ्ग्रहको लोकप्रियताले गर्दा शर्मा विशिष्ट गजलकारका रूपमा पनि स्थापित भइसकेका छन् ।

#### ३.३.१.५ मुक्तककार व्यक्तित्व

शर्मा एक सशक्त मुक्तककारका रूपमा २०४९/०५० सालतिरबाट नेपाली भाषामा मुक्तक लेख्न आरम्भ गरेका शर्माले **बस्तीका स्वरहरू** (२०७२) शीर्षकको उत्कृष्ट मुक्तकसङ्ग्रह प्रकाशित गरिसकेका छन् । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका खिरिला, चोटिला र मर्मस्पर्शी मुक्तकहरूले उनलाई सफल मुक्तककारका रूपमा परिचित गराएका छन् ।

#### ३.३.१.६ सम्पादक व्यक्तित्व

गणेश शर्मा पौडेलको व्यक्तित्व साहित्यिक क्षेत्रमा मात्र सीमित नभई संरक्षक क्षेत्रमा समेत विस्तार हुन पुगेको छ । यिनले पहिलो पटक २०५९ सालमा काली गण्डकी साहित्य मञ्च चितवनद्वारा प्रकाशित साहित्यिक पत्रिका **पियुष** (२०६२) को सम्पादन गरेको थिए । त्यस्तै प्रकाशनका दृष्टिले हालसम्म **कैलाश, मझेरी, चितवन पोष्ट** जस्ता पत्र-पत्रिकाहरूको प्रकाशनका क्रममा सम्पादकको भूमिका निर्वाह गरी कुशल सम्पादकका रूपमा समेत चिनिन पुगेका छन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

हरेक व्यक्तिका जीवनका विशिष्ट पाटाहरू हुन्छन् । साहित्यिक व्यक्तित्व जीवनीको एक पाटो हो भने साहित्येतर व्यक्तित्व जीवनको अर्को पाटो हो । साहित्यिक व्यक्तित्वको अतिरिक्त यिनको साहित्येतर व्यक्तित्वका पनि विविध पाटाहरू रहेका छन् । यहाँ यिनको साहित्येत्तर व्यक्तित्वका विभिन्न पाटाहरूको क्रमशः अध्ययन गरिएको छ ।

### ३.३.२.१ **शिक्षक व्यक्तित्व**

शर्माले कक्षा आठ पढ्दादेखि नै बिदाको दिन काउँडाँडा, लहरेबोट, ठाडचौर आदि छिमेकी गाउँमा गएर बालबालिका, समकालीन र प्रौढहरूलाई पढाउँथे भने कक्षा नौमा पढ्दा आफ्नै साथीहरूलाई संस्कृत शिक्षा पढाउँथे । त्यस समयमा संस्कृत विषय अनिवार्य थियो । श्री जनता प्राथमिक विद्यालय पैयूँमा शिक्षक पदको औपचारिक नियुक्ति चाहिँ २०२० साल बैशाखदेखि लिएका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । यिनी प्रवेशिका परीक्षा (एस.एल.सी.) उत्तीर्ण गरेकै दिन शिक्षण पेशामा आबद्ध भएका थिए । त्यस बेला यिनको मासिक पारिश्रमिक रू. १७५ थियो भने प्र.अ. भत्ता रू. २५ रहेको थियो । यिनले एस.एल.सी. उत्तीर्ण गर्ने पहिलो प्रधानाध्यापक भई कार्यभार समालेका हुन् । वि.सं. २०२३ पुष ३० गतेसम्म प्रधानाध्यापक भएर काम गरेर यिनले जति पारिश्रामिक पाए त्यो सबै सामाजिक काममै लगानी गरेको पाइन्छ । यिनले शिक्षण पेसाबाट २०२३ साल पुस महिनादेखि अवकास लिएका हुन् ।

### ३.३.२.२ **समाजसेवी व्यक्तित्व**

शर्मा समाजसेवी पनि हुन् । शिक्षण पेशा स्वयम्मा समाजसेवी पेशा हो । यिनी राजनीति पनि समाजसेवाकै उद्देश्य पूरा गर्नका लागि गरिनु पर्छ भन्ने मान्यता राख्दछन् । यिनी आफू कार्यरत विद्यालयको सहयोगका लागि बिनापारिश्रमिक काम गर्थे । विद्यालयमा देउसी-भैलो खेल्न सक्रिय हुन्थे भने यिनले कोदाको भारी बोकेर पनि जनता प्रा.वि.लाई नि.मा.वि. मा परिणत गर्नमा अहम् भूमिका खेलेका छन् । समाजको उन्नति र प्रगतिका लागि यिनले आर्थिक तथा भौतिक सहयोग गरेका छन् । गाउँमा हुलाकको व्यवस्था गरेर आफैँ हुलाकीको काम गरी सञ्चारको दुनियालाई सहज बनाई दिएका थिए । गाउँलेहरूले यिनलाई भगवान् गणेशकै रूपमा पाएका थिए । हिँड्नलाई बाटोघाटाको असुविधाका कारण गाउँ-गाउँमा जनश्रमदान गराएर बाटो खन्न लगाएको बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) । बाग्लुङ्गलाई झोलुङ्गे पुलको जिल्ला भनेर चिनाउनमा यिनको ठूलो योगदान रहेको छ । बाग्लुङ्गको विकास इतिहास हेर्दा अग्रपङ्क्तिमा शर्माकै नाम भेटिन्छ (शोधनायककी आमाबाट प्राप्त जानकारी) ।

चितवनमा आइसकेपछि पनि शर्मा समाजसेवा मै तल्लीन छन् । रेडक्रस शाखाको प्रमुख भई ठाउँठाउँमा सेवा गरेका शर्मा विभिन्न सङ्घ-संस्थाको माध्यमबाट समाज सुधारमा नै

लागिपरेका छन् । आफू बाँचुन्जेलसम्म समाजसेवामै लाग्ने अठोट लिएका यिनी वास्तवमा निःस्वार्थ समाजसेवी नै हुन् ।

#### ३.३.२.३ **बहुभाषी व्यक्तित्व**

गणेश शर्मा पौडेल मातृभाषा नेपालीका अतिरिक्त संस्कृत, हिन्दी, मद्रासी, अलिअलि अङ्ग्रेजी पनि बोल्ने कुशल वक्ता हुन् । शर्मा अङ्ग्रेजीबाहेक यी भाषाहरू धारा-प्रवाह रूपमा बोल्न र लेख्न सक्छन् साथै यिनलाई तामाङ र मगर भाषाको पनि राम्रो ज्ञान रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी मातृभाषाका अतिरिक्त अन्य चार पाँच भाषाका ज्ञान भएका यिनलाई बहुभाषी व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तःसम्बन्ध

गणेश शर्मा पोडेलको ७२ वर्षे जीवनलाई सरसर्ती रूपमा हेर्दा उनको जन्मस्थान, घर, परिवार, सामाजिक वातावरण, रहनसहन, जागिर तथा सङ्घ-संस्थामा कार्य गर्दाको अनुभव, बाल्यकालदेखि हालसम्म जीवनमा आइपरेका आरोह-अवरोह आदि घटना र प्रभावबाट नै साहित्य लेखन कार्य आरम्भ भई क्रमशः विकसित र विस्तारित भएको देखिन्छ ।

मध्यम वर्गीय शिक्षित परिवारमा जन्मेका शर्माको साहित्यिक फाँटको जागरण भने अग्रज साहित्यिक स्रष्टाहरूका कृतिहरूको अध्ययन आदिबाट भएको देखिन्छ । यही वातावरणले यिनलाई लेखनतर्फ अभिप्रेरणा दियो र यिनी लेखन कार्यमा संलग्न हुँदै गए । धार्मिक, ऐतिहासिक तथा प्राकृतिक वातावरणको प्रभाव यिनको व्यक्तित्व निर्माणमा परेकाले साहित्यमा पनि प्राकृतिक र सांस्कृतिक विषयको केन्द्रीयता र प्रभाव ज्यादा भएको पाइन्छ । देश तथा गाउँ-सहरका प्राकृतिक, धार्मिक, सांस्कृतिक, सामाजिक वातवारण र रहन-सहन बुझेका शर्माले यिनै विषयमा साहित्य सिर्जना गरेका छन् । बाल्यकालदेखि नै स्वच्छन्दतावादी, मानवतावादी भावको प्रभाव परेको र युवावस्थामा समेत यस्तै कृतिहरूको अध्ययन गरेकाले यिनी सामाजिक विकृति र विसङ्गतिलाई साहित्यका माध्यमबाट यथार्थ रूपमा प्रस्तुत गरी त्यस्ता विसङ्गत पक्षको सुधार चाहन्छन् । यसरी जीवनी र साहित्यलेखन बीच तुलनात्मक रूपमा यिनको जीवनीयात्रा, वातावरण, साहित्य लेखन कार्यको समायोजनलाई हेर्दा नितान्त घनिष्ट र अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

## ३.५ निष्कर्ष

गणेश शर्मा पौडेलको बाह्य व्यक्तित्व जति आकर्षक छ आन्तरिक व्यक्तित्व पनि त्यत्तिकै धनी छ । बहुमुखी प्रतिभाका धनी शर्माले नेपाली साहित्यका कविता, गजल, हाइकु, मुक्तक, गीत रचना तथा सम्पादन जस्ता विधामा कलम चलाई साहित्यिक व्यक्तित्वलाई उँचो बनाएका छन् । शर्माका विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखका अतिरिक्त दर्जनौं पुस्तकाकार कृतिहरू पनि प्रकाशित भइसकेका छन् । शर्मा मूलतः कवि व्यक्तित्व भए पनि यिनको मुक्तक, गीत-गजल, संरक्षक, हाइकुकार, आत्मकथाकार व्यक्तित्वका रूपमा पनि यिनी सशक्त रहेका छन् । शर्माको साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व पनि बहुमुखी नै रहेको छ । यिनी असल शिक्षक, समाजसेवी र धार्मिक व्यक्तित्व पनि हुन् । नेपाली, संस्कृत लगायतका पाँच भाषाका ज्ञाता पौडेलले नेपाली भाषा र संस्कृतिको उत्थानमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । शर्माको विगतको जीवन सरल, सहज र सुव्यवस्थित रूपमा बितेको देखिन्छ । केही समय आर्थिक कठिनाइ र अप्रत्याशित रूपमा पारिवारिक पीडा भोगेका यिनी हाल सुखी र खुसी छन् । यही वातावरणमा यिनको व्यक्तित्व निर्माण भएको छ त्यसैले यिनका कविता, गीत-गजल, मुक्तक, हाइकु, ताङ्कामा सुख-दुःखको समिश्रण भेटिन्छ । यसरी जीवनका आरोह-अवरोह व्यक्तित्वका विविध पाटाहरूको अनुभव र अनुभूतिका बीच शर्माको साहित्यिक सृजनाको पारस्परिक प्रभाव एवम् अन्तर्सम्बन्ध रहेको देखिन्छ ।

# परिच्छेद चार

## गणेश शर्मा पौडेलको कृतित्त्वको अध्ययन

### ४.१ विषय प्रवेश

नेपाली साहित्यको अभिवृद्धिका लागि आफ्नो अमूल्य योगदान पुऱ्याउने स्रष्टाहरूमध्ये गणेश शर्मा पौडेल एक हुन् । कुनै पनि साहित्यकारको साहित्ययात्रालाई विभाजन गर्ने केही न केही आधारहरू त हुन्छन् नै । साहित्यकारको साहित्यिक लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन, रचनाहरूका परिमाण र गुणस्तर, धारागत प्रवृत्तिको अन्तर्विकास, साहित्यिक रचना अथवा कृतिगत प्रकाशन, चिन्तन पक्षको परिवर्तन इत्यादि आधारहरूका जगमा उभिएर उसको साहित्ययात्राको काल विभाजन गरिन्छ (घिमिरे, २०५९ : ३१) । लगभग चार दशक लामो साहित्यसेवा गरिसकेका शर्माले पुस्तकाकार कृति एवम् फुटकर रूपमा लेख, कविता, गीत, गजल विधामा कलम चलाई नेपाली साहित्य भण्डारलाई समृद्ध पार्ने कार्यमा योगदान दिइरहेको देखिन्छ । नेपाली साहित्यका कविता, हाइकु विधामा कलम चलाए तापनि उनको मूल लेखनक्षेत्र कविता विधा नै हो । कविता फाँटका उनी पद्य कवि हुन् । २०१८ सालबाट अनौपचारिक रूपमा कविताबाट साहित्य रचना गर्न थालेका पौडेलको लेखनयात्रालाई दुई चरणमा अध्ययन गर्न सकिन्छ ।

### ४.२ गणेश शर्मा पौडेलको साहित्ययात्रा

वि.सं. २०१८ मा **भवानी विद्यापीठ** मुखपत्रमा *मान्छेलाई गुन कुखुरालाई नुन* शीर्षकको कविता प्रकाशित गराई साहित्ययात्रा प्रारम्भ गरेका गणेश शर्मा पौडेलको पहिलो कवितासङ्ग्रह **फर्केर हेर** (२०४७) मा प्रकाशित भयो । यसरी उनको साहित्ययात्रा हालसम्म निरन्तर चलिरहेको छ । उनको साहित्ययात्रालाई पूर्वार्द्ध चरण र उत्तरार्द्ध चरण गरी निम्न दुई चरणमा वर्गीकरण गर्न सकिन्छ :

#### ४.२.१ पूवार्द्ध चरण

२०१८ सालको जिल्लाव्यापी साहित्य सम्मेलनमा उनको *मान्छेलाई गुन, कुखुरालाई नून* शीर्षकको कविता प्रथम भएर भवानी विद्यापीठ, फलेवास, पर्वतको मुखपत्रमा प्रकाशनपछि

साहित्य यात्रामा लागेका शर्मा परिस्थितिवश २०१८ देखि २०४७ सालसम्मको समयमा राजनीतिक क्षेत्रमा होमिएको पाइन्छ । राजनैतिक खेलबाट वाक्क भएर यिनी २०४७ सालमा नै *फर्केर हेर* (राजनीति विषयक कवितासङ्ग्रह) शीर्षक लेख प्रकाशनसँगै औपचारिक रूपमा साहित्य रचनामा लागेका हुन् । २०४७ देखि २०६६ सालसम्मको समयावधिलाई यिनको पूर्वार्द्ध चरण मान्न सकिन्छ । यस समयावधिमा उनका प्रकाशित कृतिहरू **राजनैतिक लेख** (२०४७) कवितासङ्ग्रह, **मेरो आँखामा देश** (२०६३) गीत-गजलसङ्ग्रह रहेका छन् । साहित्यलेखनको सुरुवातसँगै झ्याउरे लयमा कलम चलाउने कवि शर्माको पूर्वार्द्ध चरणअन्तर्गत लेखिएको *फर्केर हेर* (राजनीति विषयक) कविता शोधनायकसँग नभेटिएकाले त्यसको चर्चा गर्न असमर्थ छु । शोधनायककै भनाइअनुसार यो कविता देशमा शोषण, दमन र विकृति, विसङ्गतिमा आधारित कविता हो (शोधनायकबाट प्राप्त जानकारी) । यस कवितामा उनले नेपालका नेता र जनतालाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । **मेरो आँखामा देश** (गीत-गजलसङ्ग्रह) मा माटोप्रतिको प्रेमभाव, राष्ट्रप्रेमप्रतिको आत्मिक आस्था र निष्ठाको मनोहर अभिव्यक्तिको एउटा उत्कृष्ट उदाहरण प्रस्तुत गरेका छन् ।

सङ्क्षेमा भन्नुपर्दा यस चरणमा शर्माका लिखित फुटकर गीत-गजलसङ्ग्रह **मेरो आँखामा देश** (२०६३) एकमात्र रचना भेटाइन्छ । यसबाहेक अरूको चर्चा, परिचर्चा गरिए पनि तिनको अस्तित्त्व भने वर्तमानमा भेटिँदैन । यस हिसाबले यो चरण शर्माको नितान्त प्राथमिक र अभ्यासिक अवस्थाका रूपमा मात्र रहेको देखिन्छ ।

साहित्यका विविध विधाहरूमध्ये कविता विधाबाट आफ्नो लेखन सुरु गरेका कवि शर्माले यस चरणमा राष्ट्रियता, सामाजिक एवम् समसामयिक विषयहरूलाई प्रस्तुत गरेका छन् । उनका यस चरणका विशेषताहरूमा साहित्य लेखनको प्रारम्भिक अवस्था, देशभक्तिको प्रेमभाव, राष्ट्रियताको भावना, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, झ्याउरे लयमा लेखनकार्य, र प्रकृतिप्रेम, विकासप्रेम रहेका छन् ।

### ४.२.२ उत्तरार्द्ध चरण (२०६७ देखि हालसम्म)

२०६७ देखि हालसम्मको अवधिलाई शर्माको साहित्यिक यात्राको उत्तरार्ध चरण वा उत्कर्षकाल मानिन्छ । २०६७ सालमा प्रकाशित कृति **ऐतिहासिक तथा वैयक्तिक परिचय सङ्ग्रह** (२०६७, संयुक्त लेखन) बाट यिनको उत्तरार्द्ध चरण सुरु हुन्छ । कवि शर्माका साहित्य लेखनका

दृष्टिले यस चरणलाई उत्कृष्ट चरण मान्न सकिन्छ । यस चरणमा कवि शर्मा पौडेलका कविता, मुक्तक, हाइकु, ताङ्का विधामा आधारित *फर्केर हेर* (राजनीति विषयक) कविता, **ऐतिहासिक तथा वैयक्तिक परिचय सङ्ग्रह** (२०६७, संयुक्त लेखन), **पन्क्षी मयूर** (२०७०) हाइकुसङ्ग्रह, **अन्तर्मनका तर**ङ्ग (२०७२) कवितासङ्ग्रह, **बस्तीका स्वरहरू** (२०७२) मुक्तकसङ्ग्रह, **विचारको खडेरी** (२०७३) ताङ्कासङ्ग्रह र **मधुसत्य** (२०७३) कवितासङ्ग्रह गरी पाँचवटा कृतिहरू प्रकाशित भएका छन् ।

यसैगरी यस चरणमा उनले **कैलाश राष्ट्रिय विविध पत्रिका**, **मञ्जरी**, **पुष्पाञ्जली**, **चितवन पोष्ट**, **कालीगण्डकी साहित्य चितवन**जस्ता पत्रिकाहरूमा विभिन्न समयमा विभिन्न लेखहरू प्रकाशित गरेका छन् । सामाजिक विकृति र विसङ्गति तथा नेपालको राजनीतिलाई आफ्नो लेखनको कार्य बनाई व्यङ्ग्य गर्न सिपालु कवि शर्मा पौडेलको यस चरणको प्रमुख उपलब्धि **अन्तर्मनको तर**ङ्ग (२०७१) कवितासङ्ग्रह रहेको छ । उनका कवितासङ्ग्रहमा राष्ट्रप्रेमको गायन, समाजको वर्गीय भेदभावको विरोध गर्दै परिवर्तित समतामूलक सामाजिक संरचनाको परिकल्पना, सहिदहरूप्रति श्रद्धाभाव, बाल्यकालीन अतीतप्रति मोहभाव, जन्मस्थलप्रति प्रगाढ माया-ममता, प्रेम-प्रणयका स्मृतिभाव, प्राकृतिक वातावरणको मनोहरजस्ता विषयमा चर्चा गरिएको छ । जस्तै : सामाजिकता, पद्य लेखन, समसामयिक घटनाहरूको उजागरण, सरल, सहज भाषाशैली, विकृति, विसङ्गतिप्रति तीब्र विरोधभाव, नारीवर्गको उत्थान र मानवतावादी ।

यसप्रकार शर्माको प्रारम्भिक चरण साहित्य सिर्जनाका दृष्टिले केवल पूर्वाधारको सूचक मात्र भएको देखिन्छ भने उत्तरार्ध चरणचाहिँ पाँच-पाँचवटा कृति प्रकाशनका साथै थुप्रै फुटकर लेख, रचनाहरूो प्रकाशन समेत भएकाले उर्वर, गतिशील र विकासोन्मुख देखिन्छ । यसले गर्दा आउने दिनमा नेपाली साहित्यको श्रीवृद्धि र उन्नयनमा शर्माको सिर्जनशीलता र प्रतिभा अझ मौलाउँदै जानेछ भन्ने शुभेच्छा राख्न सकिन्छ ।

## ४.३ गणेश शर्माका पुस्तकाकार कृतिहरूको अध्ययन

हालसम्म प्रकाशित गणेश शर्मा पौडेलका पुस्तकाकार कृतिहरू **मेरो आँखामा देश, अन्तर्मनका तरङ्ग, पन्छी मयूर, वस्तीका स्वरहरू, विचारको खडेरी** र **मधुसत्य**को सामान्य अध्ययन निम्नानुसार गरिएको छ :

### ४.३.१ **'मेरो आँखामा देश' गीत–गजलसङ्ग्रहको अध्ययन**

साङ्गीतिक नादका साथसाथै साहित्यिक भाव समेतलाई व्यञ्जना दिन सक्ने जुन विशेष प्रकारको सुयोग भाषाले आफूमा अन्तर्निहित गर्छ, त्यसैको सङ्गीतप्रधान र सृजनात्मक दोहन नै गीत हो । पूर्वीय काव्य शास्त्रमा गीतको चर्चा गरिएको नपाइए पनि यसलाई सामान्तया पद्यको एउटा प्रकार मानिन्छ (कोइराला, २०६५ : ६१) । गीत लेखिन्न, गाइन्छ, गुन्गुनाइन्छ । हृदयको वीणातारमा अचानक संवेदनाको स्पर्श गर्न आउने धुकधुकीले भावनाको तरङ्ग-तरेलीबाट स्वयम् ध्वनित हुँदै शब्द सिन्धुको चास्नीमा डुब्न थाल्दछ, त्यसको घात-प्रतिघातको जुन आस्वादन हो त्यही त गीत हो (नन्दन, २०६३ : ञ) । गजलमा थोरै शब्दमा धेरै कुरा अभिव्यक्त गर्न सकिने र हृदयलाई सहजै स्पर्श गर्न सकिने खुबी अन्तर्निहित भएकाले र यसको प्रस्तुति बहरबद्ध वा लयात्मक साङ्गीतिक हुन गएकाले यसले लोकप्रियताको शिखर आरोहण गर्न सकेको हो (विनोदी, २०६३ : ठ) ।

गीत र गजल दुवै गेयात्मक साहित्यिक अभिव्यक्ति परम्पराका सुन्दरतम नमुना हुन् । गीति साहित्य नेपाली साहित्यको बहुमूल्य रत्न भए तापनि शोधखोजको कमीले गर्दा यसलाई 'धनी बाबुको गरिब छोरो' का रूपमा लिन सकिन्छ । जन्मको हिसाबले गीति साहित्य जेठो विधा भए तापनि लिपिबद्धता वा काव्यकृति निर्माणका क्रममा यो पछिल्लो र नयाँ विधा हुन पुगेको छ भने गजलको अर्थ र परिभाषा जति नै तयार पारिए तापनि युग परिवर्तनका क्रममा परिवर्तित भई फारसी, हिन्दी, उर्दू हुँदै युवाकवि मोतिराम भट्ट (वि.सं. १९२३-१९५३) को महनीय प्रयास र आन्तरिक चाहबाट नेपाली वाङ्मयिक क्षेत्रमा २०४० सालतिर यसले प्रवेश पाएको हो । वर्तमान समयमा गजलले नेपाली साहित्यका सबै प्रमुखवादहरूमा आफ्नो प्रभाव जमाइसकेको छ । गीत, गजलभन्दा निकै जेठो काव्यभिव्यक्तिका रूपमा स्थापित भए तापनि गजलसँग यसको भगिनी सम्बन्ध रहेको प्रतीत हुन्छ । गजल र गीतलाई एउटै कृतिभित्र दुई खण्ड गरी राखिएको छ । गीतमा भाव, लय र तुक मिले हुन्छ, तर गजलमा भाव, लय र तुकका साथै शास्त्रीय र प्राविधिक नियमहरूको कठोरतापूर्वक पालना गरी रदिफ, काफिया र हमकाफियामा विशेष जोड दिनुपर्ने हुन्छ (आमोदी, २०६३ : ६) ।

यस कृतिमा कृतिकार गणेश शर्मा पौडेलका गीतकार र गजलकार दुई अलग व्यक्तित्वलाई एकै ठाउँमा समान्वित रूपमा देखाउने सफल प्रयास गरिएको छ ।

रम्य, सुन्दर भावार्थको बाह्यतत्त्व भाषालाई माध्यम तुल्याई गीतले सङ्गीतसँगको आफ्नो साइनोलाई सर्वाधिक महत्त्व दिई लय पक्षलाई आधिकाधिक गेय र श्रुति सुखद् तुल्याउनै पर्ने सन्दर्भमा नै गीतको निजत्व खुल्दछ र यसै बिन्दुमा नै गीतको गीतिपन स्थापित हुनजान्छ (कोइराला, २०६५ : ६१) भनेका छन् ।

कुनै पनि साङ्गीतिक झङ्कार, स्वर, ताल, लय, छन्द, गति, मन्त्र, राग, नृत्यमुद्राको गेयात्मक रन्को गीत हो । साहित्यिक रचना विधानको प्रसङ्गबाट दृष्टिगोचर गर्दा नेपालीमा 'गीत' शब्द अङ्ग्रेजीको 'लिरिक' शब्दको रूपान्तरण ठहरिन्छ । यसकार नियालेर हेर्दा नेपालीका अधिकांश लिखित गीतहरूमा लिरिककै संरचना देखापर्दछ । पूर्वीय काव्यशास्त्रमा गीतको चर्चा गरिएको नपाइए पनि यसलाई सामान्यतः पद्यको एउटा प्रकार मानिन्छ (शर्मा, २०५५ : १६७-१६८) भनेका छन् । पद्यको छोटो र आख्यानरहित गेय संरचनामा कुनै भाव वा विचारका प्रक्रियाको अथवा मानसिक अवस्थाको तीब्राभिव्यक्ति नै गीत हो (शर्मा, पूर्ववत् : ४८) भनेका छन् । जन्मक्रमले गीति साहित्य जेठो वा पुरानो विधा हो तर लिपिवद्धता, लिखित अभिलेख वा काव्यकृति निर्माणको क्रममा यो कान्छो र नयाँ हुन पुगेको छ । नेपाली गीति साहित्यमा कलम चलाउनेहरूमा गोकुल जोशी, भैरवनाथ रिमाल, कदम सम्मान, राममान तृषित, भूपि शेरचन, नगेन्द्र थापा, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे आदि थुप्रै पर्दछन् । यिनै स्रष्टाहरूबाट थुप्रै गीतिकाव्यहरू सृजना भएका छन् र यिनैमध्येका गीतकार तथा गजलकारहरू मध्येका एक सशक्त गीतकार तथा गजलकार गणेश शर्मा पौडेलको एक गीतिसङ्ग्रह हो - **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रह ।

### ४.३.१.१ **संरचना**

**मेरो आँखामा देश** गीत-गजलसङ्ग्रह सानो कृति भए तापनि यसको आफ्नै महत्त्व छ । झट्ट हेर्दा साधारण पहेँलो रङ्ग र त्यसको बीच भागमा सेतो रङ्गमा आँखा, आँखाभित्र नेपालको नक्सा, त्यसभन्दा तलतिर रातो रङ्गले चार पाइला भएको आवरण पृष्ठमा यो कृति प्रस्तुत छ । बायाँतिर हरियो रुख, त्यसमाथि मैनबत्ती बालिएको मझौला आकारमा ९० पृष्ठको संरचना रहेको पाइन्छ । कालीगण्डकी साहित्य मञ्च प्रकाशक रहेको यो कृति २०६३ सालमा प्रकाशित देखिन्छ भने यो पहिलोपल्ट ५०१ सङ्ख्यामा प्रकाशन भएको पाइन्छ । यस कृतिको अग्रभागमा *आफ्नै कुरा* लेखक स्वयम्ले राखेका छन् भने दोस्रो पृष्ठमा *प्रकाशकीय*का भनाइ राखिएको छ र त्यसपछि केशवराज आमोदीको *शुभशंसा* शीर्षकको लेख राखिएको छ । त्यसैगरी प्रेमबिनोद

नन्दनले *प्रतिभा*………… *ज्योतिप्रति* शीर्षकमा अभिव्यक्त शुभकामनालाई स्थान दिइएको छ भने गोविन्दराज बिनोदीले *शुभेच्छाका दुई शब्द* शीर्षकमा आफ्ना केही भनाइ पोखेका छन् । त्यसैगरी पुष्पराज, अर्जुनमणि पौडेल (कार्यक्रम संयोजक सिनर्जी एफ्.एम्.) र रमेश जोशी (कालिका एफ्.एम्.) ले पनि शुभकामना दिएका छन् भने *मेरो आँखामा देश (गीत-गजलसङ्ग्रह) लाई शुभकामना* शीर्षकमा पुष्प अधिकारी 'अञ्जली' का भनाइ राखिएका छन् । त्यसपछि क्रमिक रूपमा विषयसूची राखिएको छ । पछिल्लो आवरण पृष्ठमा रचनाकार गणेश शर्मा पौडेलको सामान्य परिचय गीतिलयमा राखिएको छ । *मेरो आँखामा गीत-गजलसङ्ग्रह* गीत र गजल गरी दुई खण्डमा विभक्त छ ।

आन्तरिक रूपले **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रहमा समावेश सामग्रीहरूलाई सरर केलाउँदा तीन प्रकारका विषयवस्तुहरूको तारतम्यता मिलाइएको पाइन्छ । राष्ट्रप्रेम, प्रेम-प्रणयाभिव्यक्तिको मनोवैज्ञानिक चिन्तन र माया-मोहका कुराहरू एकातिर पाइन्छन् भने विकृति-विसङ्गतिमा जकडिएको समाजका साथै प्रकृतिलाई पनि अर्कोतिर उच्च स्थान दिइएको छ । यसरी आन्तरिक संरचनाका दृष्टिले विषयवस्तु सरल, सहज र सुगठित पार्ने प्रयास गरिएको देखिए तापनि गीत-गजलमा परिष्कारको कमी रहेको देखिन्छ ।

### ४.३.१.२ **विषयवस्तु**

साहित्यिक रचना आनन्दका लागि मात्र नभएर शिक्षाप्रद हुनु पनि जरुरी हुन्छ त्यसैले कुनै पनि कृतिको विषयवस्तु ज्ञानवर्द्धक र उपयोगी हुनु पर्दछ । **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रहमा देशभक्तिको भाव, सीमा सुरक्षा, जन्मभूमिको मायामोह, धर्मप्रतिको झुकाव, जातीय विभेदको विरोध, सहिदको सपना, विदेशीको पीडा, मनोरम प्रकृतिको वर्णन, बाल्यकालीन घटनाको स्मरण, प्रेम-प्रणयको छताछुल्ल भाव, मायालुको अभाव, प्रियसीलाई भेट्ने चाह आदि विषयवस्तु राखिएका पाइन्छन् । राष्ट्रप्रतिको भक्तिभाव र राष्ट्रिय कर्तव्य बोधको एउटा उदाहरण :

नयाँ युगमा नयाँ दीप जलाउने हात
प्रभातमा रश्मि छर्ने मनको प्रकाश हो (**मेरो आँखामा देश,** पृ. ४१) ।

चम्किलो तारा झैँ चम्केकी छौ मनमा
सँगालेका रहरहरू, नपोख है जनमा
कर्मभूमि छाडी जान, मनले मान्या छैन
धोका दिने माया, लाउन मैले जान्या छैन (**मेरो आँखामा देश**, पृ. १४) ।

जवानी र यौवनको मादकता तथा राष्ट्रभक्तिले ओतप्रोत विषयवस्तुका केही झलकहरू :

मनले मनका कुरा गरौं रात हजुरकै
म त खाली यौवन हुँ मात हजुरकै
वैंससँग तर्किएर किन टाढा भाग्नु
प्रेम प्याला कस्तो होला बात हजुरकै (**मेरो आँखामा देश**, पृ. ६४) ।

आध्यात्मिक ज्ञानप्रति बिमुख हुनेहरूप्रति लक्षित कारुणिक अभिव्यक्ति :

आत्म-ज्ञानका पानाहरू झरेको देखेर रोएँ ।
सृष्टिको सर्वोत्कृष्ट प्राणी हारेको देखेर रोएँ ॥
परमात्माको सृष्टिभूमि रमणीय बगैंचामा ।
कैयौं ! आँशुका महासागर तरेको देखेर रोएँ ॥ (**मेरो आँखामा देश**, पृ. ५३) ।

प्रस्तुत कृतिमा भेदभाव, सरकारप्रतिको विद्रोहभाव, राजनैतिक असन्तुष्टि जस्ता विषयवस्तुहरू पनि पाइन्छन् । विषयवस्तु र भावको बहावलाई तुलनात्मक अध्ययन गर्दा कतै-कतै विषयवस्तुको तालमेल नमिलेको जस्तो महसुस हुन्छ । **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रहमा रहेका गीत तथा गजलहरू राष्ट्रप्रेम, प्रेम-प्रणय, सामाजिक र आर्थिक क्षेत्रका विकृतिहरूको खेदो खन्नतिर केन्द्रित रहेका छन् भने कविको जनमुखी भावना र राष्ट्रियताको चेतनाले पनि यस कृतिअन्तर्गतका गीतगजलहरू ओतप्रोत देखिन्छ ।

### ४.३.१.३ **भावविधान**

मानवीय, कर्तव्यबोधी, सामाजिक दायित्वबोधी एवम् परिवर्तनाकाङ्क्षी, युगसचेतक, कुसंस्कार विरोधी, विकासप्रेमी, मानवतावादी, प्रकृतिप्रेमी, अन्याय-अत्याचारको जरो उखेली सु-सभ्य, अनुशासित र मर्यादित जीवनशैली चाहने, जिन्दगीलाई प्रेममय बनाउने, खुसी र सुखी

बन्न प्रेरित गर्ने तथा राष्ट्रलाई माया गर्ने मानसिकताबाट अभिप्रेरित मूलभाव यस कृतिमा देखिन्छ ।

### ४.३.१.४ भाषाशैली

प्रस्तुत कृतिभत्रका गीत तथा गजलहरूमा वर्णयोजनास्तरमा अन्त्यानुप्रासको प्रयोगले माधुर्य थपेको छ । भाषाशैली सरल र सहज छ । लोकलयमा गीतहरूका भाव पोखिएका छन् । गजलमा झर्रा, तत्सम, तद्भव र आगन्तुक शब्दहरू प्रयोग गरिएका छन् । साधारण पाठक तथा पठित सबैका लागि उपयुक्त, पठनीय, बोधगम्य हुनु यस सङ्ग्रहको भाषिक विशेषता हो भने यस कृतिमा व्याकरणात्मक अशुद्धिहरू पनि रहेका देखिन्छन् । गीति लयात्मक शैलीलाई कतै दुई त कतै चार फाँकीमा ढालिएको पाइन्छ । प्रस्तुत गीत-गजलसङ्ग्रहको भाषाशैली स्तरीय र उच्च रहेको छ ।

### ४.३.१.५ जीवनदृष्टि

कुनै पनि साहित्यिक कृतिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाजमा केही न केही प्रभाव त पारेकै हुन्छ । त्यसै क्रममा समकालीन परिस्थिति, देश-विदेश, समाजमा देखिएका विविध घटना र विषयलाई आकलन गर्दै गणेश शर्माले **मेरो आँखामा देश** गीत-गजजलसङ्ग्रहमा कुसंस्कार, भ्रष्टाचार, विकृति, विसङ्गतिहरूलाई निर्मूल गरी सभ्य, सुसंस्कृत समुन्नत र स्वावलम्बी राष्ट्रका रूपमा मुलुकलाई स्थापित गर्नुपर्ने जीवनदृष्टि दिएका छन् :

पुरुषार्थ हैन फुट्नु मिलौं एकै मन

महल-झुप्रो एकै हो नि, जानी बुझिकन

नेपालीपनमा जन्म्यौं हुर्क्यौं खिचातानी किन

बराबर पाइला टेकौं शान्ति मन्त्र दिन (**मेरो आँखामा देश,** पृ. १२) ।

माथिको श्लोकमा हामी नेपाली, नेपाली भएर मिल्नुपर्छ, भ्रष्टाचार र विकृतिलाई अन्त्य गरी राष्ट्र निर्माण एवम् शान्ति क्षेत्रका लागि साना, ठूला, गरिब, धनी भनेर होइन सभ्य नेपाली भएर जुट्नुपर्छ भन्दै यो सबैको कर्तव्य हो, भनिएको पाइन्छ । समग्र रूपमा **मेरो आँखामा देश** गीत-गजलका जीवनदृष्टि यसै अनुरूप रहेको पाइन्छ ।

४.३.१.६ **लयविधान र दृष्टिबिन्दु**

(**क**) **लयविधान**

लयविधानले साहित्यका कविता, गजल, गीतादि विधामा अत्यन्तै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । **मेरो आँखामा देश** गजलसङ्ग्रहभित्र कतै दुई र कतै चार फाँकीका गीतिमूलक लयविधान पाइन्छ । गीतको लयविधानलाई केलाउँदा लोकलय पाइन्छ भने गजलमा पनि अन्त्यानुप्रासीय शिल्प सज्जा र गीतिलयबाट लयविधानको तान बुन्ने प्रयास गरिएको छ । जस्तै :

प्यारो यो चन्द्रमुखी मुहार हजुरकै
पाउदेखि शिरसम्म जुहार हजुरकै (**मेरो आँखामा देश**, पृ. ७९) ।

यसप्रकार श्लोकका अन्तिम पाउहरू क्रमशः ‘मुहार’ ‘जुहार’ र ‘हजुरकै’ शब्दमा अन्त्यानुप्रास मिलेकाले लयविधानका दृष्टिबाट पनि पद्य उत्कृष्ट भएको देखिन्छ । समग्रमा लयविधानका दृष्टिले पनि यो गीत-गजलसङ्ग्रह उपयुक्त देखिन्छ ।

(**ख**) **दृष्टिबिन्दु**

यसैगरी **मेरो आँखामा देश** शीर्षकको पूरै कृति रचनाकार आफैको एकालापीय प्रस्तुति भएकाले प्रथम पुरुषात्मक दृष्टिबिन्दु पाइन्छ ।

४.३.१.७ **छन्द, रस र अलङ्कार**

(**क**) **छन्द**

लय आन्तरिक भावावेग हो भने त्यसलाई नियमबद्ध गराउने बाह्य रूप छन्द नै हो ( अधिकारी, २०५६ : १२०) । अन्तर्हृदयमा उठेका भाव र तरङ्गहरूलाई लयात्मक ढाँचामा गाउने प्रवृत्तिबाट नै छन्दको उत्पत्ति भएको हो । **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रहमा गीति लयात्मक छन्दको प्रयोग गरेको देखिन्छ ।

(**ख**) **रस र अलङ्कार**

‘रसौ वै रस’ भनेर **उपनिषद्**मा रसानन्दको प्रतीकका रूपमा ईश्वरलाई प्रयोग गरिएको ‘रस’ शब्दले साहित्य शास्त्रसँग विशेष प्रकारको सम्बन्ध राख्दछ । साहित्यले रसलाई आनन्दको

पर्यायवाची शब्दको रूपमा लिएको छ (कोइराला, २०६५ : ६७) । यसैगरी सहज अभिव्यक्तिकला वृद्धि हुँदै जाँदा कविले कुन उक्तिवैचित्र्यका माध्यमद्वारा आफ्ना भावलाई प्रभावकारी तुल्याउन थाल्दा अलङ्कारको प्रयोग हुन्छ । **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रहमा गीति लयात्मक छन्दको प्रयोग गरिएको छ भने रसाभिव्यक्तिहरूको पनि प्रचुर प्रयोग गरिएको पाइन्छ :

**शृङ्गार रस**

शृङ्गारको अर्थ हुन्छ - कामोद्रेकको प्राप्ति । शृङ्गार रस 'रति' नामको स्थायी भावबाट उत्पन्न हुन्छ र यो उज्ज्वल वेषात्मक स्वरूपको हुन्छ । संसारमा जुन शुभ्र, पवित्र, उज्ज्वल तथा दर्शनीय हुन्छन् ती सबै शृङ्गारद्वारा निर्देशित हुन्छ । उदाहरणका रूपमा जुन व्यक्ति उज्ज्वल वेषधारी हुन्छ, त्यसलाई शृङ्गारी भनिन्छ । अनेक आचार-व्यवहारबाट समृद्ध यो रस मनोहारी हुने हुनाले यसलाई शृङ्गार रस भनिएको हो (ढुङ्गेल र दाहाल, २०६५ : ६५) । यसको उदाहरण -

नशालु नयनले भुलायौ किन हो ?
प्रेमामृत पिलाई भुलायौ किन हो ?
मनको चाहना वरवर सार्दै
खुराकै खुराक खुलार्यौ किन हो ? (**मेरो आँखामा देश,** पृ. ४७) ।

**करुण रस**

करुण रसको स्थायी भाव शोक हुन्छ । यस रसमा आफ्नो बिनाश वा वियोगको द्रव्यनाश एवम् प्रेमीबाट सदैब छुट्टिनाले जुन दुःख र वेदना उत्पन्न हुन्छ त्यसैलाई करुण रस भनिन्छ । कुनै प्रिय वस्तु वा व्यक्तिको विरह या मृत्युबाट जुन शोकको उत्पन्न हुन्छ त्यसैलाई करुण रस भनिन्छ ।

न खुशी न उत्साह म हाँसु कसरी ?
न छानो न मानो म बाँचु कसरी ?
दुई मिली आए उसै जानूँ थियो
चेपमा पर्‍यो प्राण म सोचूँ कसरी ? (**मेरो आँखामा देश,** पृ. ५९) ।

**वीर रस**

युद्ध, दया, दान र धर्मसम्बन्धी विशेष उत्साह भयो भने वीर रसको उत्पत्ति हुन्छ (तिवारी, सन् २००७ : ४५) । यिनै कार्यका अनुसार वीर रस दयावीर, दानवीर, धर्मवीर र युद्धवीर गरी चार प्रकार हुन्छन् । यी चार प्रकारका वीर रसमा युद्धवीरलाई प्रधान मानिन्छ (पौड्याल, २०६९ : ३२०) ।

सीमा किल्ला बिकेनी देश नबिकोस् कैले ।
वीरका सन्तान भनी गर्व गर्न पाए राम्रो ।
नेपाल जस्तो मनोहारी ठाउँ छैन कतै
कर्मवीर बन्न यै भूमिमा चर्न पाए राम्रो (**मेरो आँखामा देश,** पृ. २७) ।

यस प्रकार शृङ्गार, करुण, वीर रसजस्ता रसहरूको प्रयोग गरी कृतिलाई रसाच्छादित बनाउने प्रयास भएको देखिन्छ ।

**(ग) अलङ्कार**

अलङ्करोतीति अलङ्कार अर्थात् जसले सुशोभित गर्छ त्यही अलङ्कार हो वा अलङ्क्रितेऽनेनेत्यलङ्कार अर्थात् शोभाकारक वस्तुलाई अलङ्कार भनिन्छ (पौड्याल, २०६० : ३२०) । अलङ्कारशास्त्रमा जसले शोभित गर्दछ वा सिँगार्दछ, त्यसलाई अलङ्कार मानिन्छ । त्यसैले काव्यको शोभाकारक धर्म नै अलङ्कार ठानिन्छ (पौड्याल, २०६० : पूर्ववत्) । **मेरो आँखामा देश** गीत-कवितासङ्ग्रहमा अलङ्कारहरूको पनि प्रयोग गरिएको पाइन्छ ।

**उपमा अलङ्कार**

दुई पदार्थका बीच भिन्नता भएर पनि समानता स्थापना गरियो भने उपमा अलङ्कार हुन्छ । उपमाको अर्थ नजिक राख्नु वा मापन गर्नु हुन्छ (पौड्याल, २०६० : ३२८) ।

सल्ला जस्तो केशमा सिउँदो भरे कस्तो होला ?
रसबरी जस्तो जिउडाल हेरे कस्तो होला ? (**मेरो आँखामा देश,** पृ. ३५) ।

यहाँ केश उपमेय, सल्ला उपमान, सिउँदोमा भर्नु साधारण धर्म र जस्तो एवम् कस्तो सादृश्यवाचक शब्दबाट केशलाई सल्लासँग तुलाना गरिएको छ त्यसैले रेखाङ्कित पदहरूमा उपमा अलङ्कारको प्रयोग भएको छ ।

**उत्प्रेक्षा अलङ्कार**

प्रस्तुतमा अप्रस्तुतको सम्भावना वा कल्पनालाई उत्प्रेक्षा अलङ्कार भनिन्छ । यसको अर्थ बलपूर्वक देख्नु वा उत्कट रूपले उपमानलाई देख्नु हुन्छ । यस सङ्ग्रहमा उत्प्रेक्षा अलङ्कारको प्रयोग निम्नानुसार भएको छ :

रहरले हैन हजुर कसैको करमा पिएँ काँ

कहर रिक्त बनाउन एक लहरमा पिएँ काँ ? (**मेरो आँखामा देश,** पृ. ३५) ।

यहाँ रहरले नभएर करमा पिएको सोझो वर्णन छ तापनि आफूले आफैलाई अरूसरह देखाउन सकिएन कि भन्ने सम्भावना व्यक्त गरिएकाले उत्प्रेक्षा अलङ्कार बन्न पुगेको छ । रेखाङ्कित पदहरूमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ ।

**प्रश्नालङ्कार**

कुनै पनि कुराको उत्तर पाउनका लागि प्रयोग गरिने अलङ्कार नै प्रश्नालङ्कार हो । उदाहरणको लागि तलको कवितांश प्रस्तुत गरिएको छ ।

फूल फुलेपछि पो सुहाउँछ हुर्केर के हुन्छ ?

वैंस हुर्केपछि पो सुहाउँछ फुर्केर के हुन्छ ? (**मेरो आँखामा देश,** पृ. ३५) ।

फूल फुलेपछि मात्र सुहाउने र वैंस हुर्केपछि सुहाउने अन्यथा नसुहाउने हुनाले सोबाहेक अन्य हुँदा के हुन्छ भन्ने देखाइएकोले रेखाङ्कित पदहरूमा प्रश्नालङ्कारको प्रयोग भएको छ ।

यसरी यहाँ उपमा, उत्प्रेक्षा, रूपक, प्रश्नालङ्कार आदि प्रयोग गरी कृतिलाई आलङ्कारिक पारिएको देखिन्छ ।

### ४.३.१.८ **बिम्ब र प्रतीक**

बिम्ब 'वि' धातुमा 'बन्' प्रत्यय लागेर बनेको हो । बिम्बलाई प्रतिमा, प्रतिबिम्ब वा प्रतीक पनि भनिन्छ । प्रस्तुतबाट अप्रस्तुतको बोध गराउनु वा प्रयुक्त शब्दका माध्यमबाट अन्यार्थको बोध गराउनु नै बिम्ब-प्रतीक विधान हो । कुनै वस्तुको लाक्षणिक अर्थ बुझाउन बिम्बको प्रयोग गरिन्छ । बिम्बले शब्द वा वस्तुको प्रतिच्छायाका रूपमा विशिष्ट अर्थको बोध गराउँछ । अर्को शब्दमा भन्ने हो भने स्रष्टा वा सर्जकका मानसपटलमा रहेका मानसिक

तसबीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । प्रतीकले अभिव्यक्तिको सङ्केत भन्ने अर्थ बुझाउँछ र यो वस्तु तत्त्वको प्रतिनिधित्व गर्ने साङ्केतिक प्रयोग हो । त्यसैले संसारिक वस्तु वा जीवन, जगत्का व्यापक सन्दर्भबाट टिपिएका सामग्रीहरू नै बिम्ब हुन् ( लुइँटेल र अन्य, २०५८ : पृ. ८) । कविताको भाषामा पाइने सादृश्य विधान वा अप्रस्तुत विधानलाई पनि बिम्ब नामकरण गरिएको पाइन्छ । बिम्बको प्रयोगबाट कविता सुन्दर र उदात्त बन्दछ । बिम्बकै कारणबाट अर्थमा आलङ्कारिक चमत्कार उत्पन्न हुन्छ । बिम्बले भाव सम्प्रेषण गराउने र त्यसमा अदृश्य ध्वनि तथा गति उत्पन्न गराउने दुबै काम गर्दछ । कवितामा प्रयुक्त बिम्बहरू भाव परिपोषक तत्त्वका रूपमा रहन्छन् । बिम्बहरू व्यञ्जनाधर्मी भएर कविताभरि व्यापक रूपमा रहेका हुन्छन् । कवितात्मक भाषा स्वभावोक्तिका अतिरिक्त वक्रोतिमूलक वा अतिशयोक्तिमूलक पनि हुन्छ । यसले आलङ्कारिक चमत्कृतिद्वारा कवितामा सौन्दर्य उत्पन्न गर्दछ ।

यक्त भावलाई प्रस्तुतिमा मनोरम बनाउनुका साथै अप्रस्तुतमा सघन तुल्याउनु नै प्रतीकको मुख्य विशेषता हो (पराजुली, २०४६ : २७२) । प्रस्तुतबाट अप्रस्तुत, भएकोबाट नभएको, उपस्थितिबाट अनुपस्थित सन्दर्भ बुझाउने प्रक्रियालाई प्रतीक विधान भनिन्छ । शब्दले दिने सामान्य अर्थ भन्दा भिन्न अर्थ बुझाउने वा अभिधार्थभन्दा व्यञ्जनार्थ प्रस्तुत गर्ने सशक्त र प्रभावकारी माध्यमलाई प्रतीक भनिन्छ । थोरैमा धेरै भन्न तथा विशिष्ट र प्रभावपूर्ण अभिव्यक्ति दिन कवितामा प्रतीकको प्रयोग गरिएको हुन्छ ।

**मेरो आँखामा देश** गीत-गजलसङ्ग्रहमा केही बिम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छन् जस्तै :

**प्रकृति बिम्ब**

हिमालको कोखबाट जन्मे सेती र काली ।

अपार जलस्रोतको अमीर र हिमाललाई सलाम । (**मेरो आँखामा देश,** पृ. २५) ।

**दृश्य बिम्ब**

आत्मज्ञानका पानाहरू झरेको देखेर रोएँ

सृष्टिको सर्वोत्कृष्ट प्राणी हरेको देखेर रोएँ (**मेरो आँखामा देश,** पृ. ५३) ।

**सुन्दरता र सौन्दर्यको प्रतीक**

फुलबारी प्यारो एउटै सबका साझा भूमि

जात-जातका बिउहरू छर्न पाए राम्रो (**मेरो आँखामा देश,** पृ. २७) ।

**वीरताको प्रतीक**

रक्तिम इतिहास बोकेको नेपाललाई सलाम

शहीदको रक्त पोतिएको पर्खाललाई सलाम (**मेरो आँखामा देश,** पृ. २५) ।

यस प्रकार उपर्युक्त केही बिम्ब र प्रतीकको सादृश्य सम्बन्धलाई प्रस्फुटन गरी नेपाल र नेपालीको इतिहासको शोभा बढाएको छ ।

### ४.३.१.९ **निष्कर्ष**

गणेश शर्मा पौडेलका पुस्तकाकार कृतिमध्ये २०६३ सालमा प्रकाशित **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रह पहिलो कृति हो । यसमा समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा विद्यमान विकृति, विसङ्गतिहरूलाई औँल्याई सभ्य, सुसंस्कृत र समुन्नत जीवनयापनका लागि क्रियाशील हुनुपर्ने भावलाई केन्द्रमा राखेर रचना गरिएका गीत-गजलहरू समेटिएका छन् । झ्याउरे र गीतिछन्द, तद्भव, तत्सम, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग गरिएको प्रस्तुत कृतिको संरचना कमजोर नै देखिन्छ । यसमा समावेश छोटाछोटा गीत, गजलहरूका पङ्क्तिहरू उस्तै-उस्तै वा एकैखालका विषयवस्तुहरूलाई पुनरावृत्ति नगरेर मिल्दा-जुल्दा विषयवस्तुलाई समायोजन गरी प्रचलित लोक लयात्मक शैलीमा प्रस्तुत गरिएकाले कृति प्रभावकारी नै देखिन्छ ।

सम्बन्धित पाठको शीर्षक र विषयसूची केही पनि नराखिएको हुनाले कृति पढ्न र पहिचान गर्न पाठकवर्गलाई गाह्रो छ । कृतिभित्र रसको अधिक प्रयोग भएको र बिम्ब एवम् प्रतीकहरू आंशिक रूपमा आएकाले शिल्प-सज्जाका दृष्टिले **मेरो आँखामा देश** गीत-गजलसङ्ग्रह मध्यम खालको देखिन्छ । व्याकरणिक अशुद्धता र कहीँ-कतै अन्त्यानुप्रासीय विचलनले गर्दा साँवा मन्सुली चामलमा मोटा चामल मिसाएको जस्तो आभास त हुन्छ नै तर विषयवस्तु र भाषाका दृष्टिले कृति सार्थक देखिन्छ ।

### ४.३.२ 'अन्तर्मनका तरङ्ग' कवितासङ्ग्रहको अध्ययन

#### ४.३.२.१ **शीर्षक**

शीर्षक कविता कृतिको नामकरण मात्र नभई रचनाका सारभूत भाव एवम् विचारको सूचना दिने, सङ्केत वा उद्घाटन गर्ने हुनुपर्दछ (त्रिपाठी र अन्य, २०५४ : १७) कुनै पनि साहित्यरचनाको मुख्य नाम वा टाउकालाई नै शीर्षक भनिन्छ (नेपाल, २०५८ : १२४९) ।

२०७१ साल माघमा प्रकाशित गणेश शर्मा पौडेलका **अन्तर्मनका तरङ्ग** शीर्षकको कवितासङ्ग्रह शर्माको प्रसिद्ध कृति हो । कुनै पनि कृतिको शीर्षकले कृतिको आन्तरिक भाव वा विषयबस्तुसँग महत्त्वपूर्ण सम्बन्ध राख्दछ । यस हिसाबले प्रस्तुत कृतिको बाह्यावरणमा **अन्तर्मनका तरङ्ग** नाम दिइएको छ । हृदयको कुनाबाट स्पन्दन भएका तरङ्गित भावलाई कवितात्मक शैलीमा ढालेर सुसज्जित गर्नु नै अन्तर्मनको तरङ्ग हो ।

सर्सर्ती हेर्दा **अन्तर्मनका तरङ्ग** कवितासङ्ग्रह सार्थक रहेको देखिन्छ । शीर्षकको कोणबाट जे-जस्तो अर्थ लगाए पनि कृतिभित्रका विषयवस्तुहरूले समकालीन समाजका विकृति र विसङ्गतिको प्रखर एवम् दरिलो चित्रण गरेको छ भने देशप्रतिको माया, प्रेम, विदेशी भूमिका दुःख-सुख, गरिबी, सीमा क्षेत्रको अतिक्रमण, न्याय, अन्याय जस्ता विषयवस्तुहरू छनोट गरी शीर्षक सुहाउँदो छ बनाएर कृतिलाई प्रकाशन गरिएको छ ।

#### ४.३.२.२ **संरचना**

**अन्तर्मनका तरङ्ग** कवितासङ्ग्रहको बाह्य पृष्ठ रातो रङ्गको छ र यसमा कालो कोट, कालो टोपी (भादगाउँले), दौरा-सुरुवाल लगाएर नमस्कार गरेको स्वयम् शर्माकै तस्बीर राखिएको छ भने रङ्गीचङ्गी तरङ्गित तारहरू पनि अङ्कित गरिएका छन् । साहित्यकार गणेश शर्मा पौडेलको चौथो कृति **अन्तर्मनका तरङ्ग** कवितासङ्ग्रह २०७१ सालमा कालीगण्डकी साहित्य मञ्च छापाखानाबाट ५०१ प्रति प्रकाशन भएको हो । कृतिको अग्रभागमा पद्यशैलीमा शर्माले आफ्ना बाबुआमाप्रति समर्पण भाव राखेका छन् भने त्यसपछि प्रकाशकीय शुभकामना छ । त्यसपछि कपिल अज्ञातले *सदासय र सद्भावका खानी : गणेश शर्मा पौडेल* शीर्षकको लेख राखिएको छ । त्यसैगरी केशवराज आमोदीले *अन्तर्मनको तरङ्गमा बहेली खेल्दै* शीर्षकमा शुभकामना व्यक्त गरेका छन् भने कवि डि.डी. शर्माले *शुभस्तु* शीर्षकमा पद्य शैलीमा कविता नै लेखेर कृतिको उचाइँ बढाएका छन् । त्यसपछि गणेश शर्मा पौडेलले *आत्मकथन* भनी आफ्नै

मनका भावहरू पोखेका छन् । यसैगरी क्रमिक रूपमा विषयसूची राखिएको छ । पछिल्लो आवरण पृष्ठमा निलो र पहेँलो रङ्गमा कपिल अज्ञात र केशवराज आमोदीले भनेका भनाइ प्रस्तुत छ भने यसैको तलतिर कृतिकार गणेश शर्माको सामान्य परिचय राखिएको छ । यसमा विभिन्न विषयवस्तुलाई समायोजन गरी रचिएका ६७ ओटा शीर्षकका कविता उनिएका छन् । यसमा चार पाउको एक श्लोकीय ढाँचामा कविताका भावलाई समेटिएको छ । यसमा सबै कविताहरू झ्याउरे छन्दमा रहेका छन् त्यसैगरी अधिकांशतः कविको राष्ट्रप्रेम र राष्ट्रको बिग्रँदो स्थितिप्रतिको चिन्ता, जन्मस्थानको अटुट र सुमधुर माया, वैयक्तिक जीवनका अनभूतिहरू, नातागोता, परिवारजन, अग्रज साहित्यकारहरूप्रति सम्मान, परिवर्तित समाजको चाहका साथै प्रगतिशील, क्रान्तिकारी राजनैतिक धारको सूक्ष्म गन्धजस्ता पक्षहरू शीर्षकअनुकूल संयोजन गरी लयात्मक रूपको प्रस्तुत गरेको पाइन्छ । आन्तरिक संरचनाका दृष्टिले पनि कृति ठिकै देखिन्छ । हुन त आधुनिक युगका सुन्दर र परिष्कृत कविताका कवि हुन नसकेको स्थिति रहे पनि असल र उपयोगी भावनाका सरल, सहज कविताहरू यसमा पाइन्छन् । सङ्क्षेपमा भन्नु पर्दा बाह्य र आन्तरिक रूपले उनका अघिल्ला कृतिका तुलनामा यो परिस्कृत र स्तरीय नै देखिन्छ ।

### ४.३.२.३ **विषयवस्तु**

**अन्तर्मनका तरङ्ग** कवितासङ्ग्रहमा कविभित्र लुकेर बसेका आफ्ना जीवन भोगाइ र राष्ट्रियताका भावनाहरू छचल्किएको स्पष्ट हुन्छ । कुनै पनि कृतिको स्तरीयता तबमात्र झल्कन्छ जब त्यसमा समाविष्ट विषयवस्तुहरू गहकिला र ओजपूर्ण हुन्छन् । यस सन्दर्भमा गणेश शर्माको **अन्तर्मनका तरङ्ग** पनि विषयवस्तु प्रतिपादनमा अर्थपूर्ण र सक्षम नै देखिन्छ भने विषयवस्तुका दृष्टिकोणले पनि विभिन्न समयमा घटित सामयिक तथा राजनीतिक घटनावली सहितको पारिवारिक स्मृति, मातृभूमिप्रतिको अनुराग, नेपालीले भोग्नुपरेका पीडा, युद्धले दिएका खोपहरू, भाषिक, सांस्कृतिक र धार्मिक तहमा फैलिएका विकृतिजन्य भावहरू नै कृतिगत विषयवस्तु हुन् (आमोदी, २०७३ : भूमिका खण्ड) । यस सङ्ग्रहका केही सुन्दर कविताहरू :

झुपडी जस्तो न्यानो कुनै वस्त्र त्यो कहाँ छ ?

कलम जस्तो न्यानोमा कुनै अस्त्र त्यो कहाँ छ ? (*न्यानो,* पृ. ३८) ।

सेताम्मे हिउँ शिर हिमाली ती ताज
प्रकृति रस मौरीझैँ चुस्ने पर्वत ती राजा
माछा त्यो पुर्छे झलल दृश्य सुनौला बिहानी
बिहानै प्यूने सूर्यले अर्ध फेवाको त्यो पानी (*राष्ट्रको माया,* पृ. ३५) ।

देशमा व्याप्त विसङ्गति, बढ्दो गरिबी, भ्रष्टाचार, सीमाक्षेत्रको अतिक्रमण जस्ता विषयवस्तु भएका कवितामा कविको लेखनी झनै सशक्त रूपमा प्रवाहित भएको छ :

तराजुभित्र रोबर राख जाँचने कसी छ ।
भ्रष्टको ज्वाला निभाई दिने कमल मसी छ ॥
अन्तरमन निर्मल हुन्न भ्रष्ट ती जनको ।
अचल हुन्न ओकल्नुपर्छ भ्रष्ट ती धनको (*भ्रष्टाचार,* पृ. १५) ।

नेपालको प्राकृतिक सुन्दरताप्रति कविका भावहरू यसरी पोखिएका छन् :

एउटै बाग एउटै राग सगोल साँगा छ ।
सौन्दर्य भर्दै मधुर बास्ना फुलेको हाँगा छ ॥
सेताम्ये हिउँ पग्लेर जल नदीका निर्माण ।
प्रकाश छर्ने जलका शक्ति ऊर्जाका अर्पण ॥ (*नेपाल,* पृ. १८) ।

यसैगरी *सम्झनामा भार्या, रगत धारा कर्मको सार, विशाल नेपाल, विद्युत व्यथा, आमाको डायरी, शोषणको अन्त्य, आफन्तको सम्झनामा* जस्ता कविताहरू पनि समावेश भएकाले साँच्चै नै यो कृति विषयवस्तुका दृष्टिले प्रभावकारी छ, पठनीय छ र साहित्यिक मूल्य, मन्यताका हिसाबले केही हदसम्म स्तरीय पनि छ ।

### ४.३.२.४ **भावविधान**

शर्माका कविता समष्टिरूपमा राष्ट्रिय भावनाले ओतप्रोत छन् । भावनाको प्रचुरता रहे पनि कवित्वका बान्कीहरू पढ्दै जाँदा ठेस लागेजस्तो हुन्छ । 'कवित्वका नियमित र अटुट शृङ्खला बन्न नसक्नुका पछि कविमा समालोचकीय सैद्धान्तिक चेत एवम् कवित्वको अभ्यासमा कमी हुनु नै हो । जे होस् कविका उदात्त एवम् नैसर्गिक भावनाले पाठकलाई आकर्षित तुल्याएको पाइन्छ (अज्ञात, २०७२ : भूमिका) ।

राष्ट्र र समाजलाई कहिले, कसरी राम्रो पारौँ भन्ने भाव, राष्ट्रियताप्रति ओतप्रोत, शान्ति, सुव्यवस्थाको खोजी, जन्मस्थलप्रतिको सुमधुर अनुराग, प्रकृतिप्रेमी, प्रगतिशील, समतामूलक समाज निर्माणको स्वर आदि नै भाव विधानअन्तर्गत आउने पक्षहरू हुन् ।

### ४.३.२.५ **भाषाशैली**

गणेश शर्मा पौडेलको कविताको भाषाशैली सरल, सहज र मनोरम नै छ । यस सङ्ग्रहमा तद्भव, तत्सम, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग देखिन्छ । सहज वाक्य गठन भए तापनि व्याकरणिक दृष्टि कृति विशुद्ध हुन सकेको छैन । कवितामा लाक्षणिकता र व्यञ्जनात्मकता भन्दा अभिधात्मक शैली अपनाइएको देखिन्छ । कविताहरूको वर्णयोजना स्तरमा अन्त्यानुप्रासको प्रयोगले श्रुतिमाधुर्य थपेको छ । सामान्य बोलीचालीको भाषालाई काव्यात्मक रङ्गले सिँगारी सहज शैलीले मनोभाव प्रकट गर्नु शर्माको भाषिक र शैलीगत विशेषता हो जुन यस कृतिमा पनि प्रस्तुत भएको छ ।

यस कृतिले देशको वर्तमानिक यथार्थिक बिम्बहरूलाई प्रतिबिम्बित गरेको छ । कतैकतै आलङ्कारिकताका छनकहरू पनि भेटिन्छन् । ग्राम्यशैलीको प्रयोगले भावाभिव्यक्तिको प्रकटीकरणमा नवीनता र हार्दिकता थपेको छ भने सरल र सम्प्रेष्य शब्दसंयोजनद्वारा विषयवस्तुलाई उद्घाटन गरिएको भाषाशैली आकर्षक नै देखिन्छ ।

### ४.३.२.६ **जीवनदृष्टि**

समाज निर्माण, सभ्य, आदर्श र समुन्नत राष्ट्रका आम नागरिकहरूले एकापसमा वैरभाव त्यागी विशुद्ध राष्ट्रियताको भावलाई हृदयङ्गम गरी राष्ट्रोन्नतिमा लाग्नुपर्ने सन्देश दिने गणेश शर्माको समाजका विविध मौलिक संस्कृति र परम्परागत रौनकताको चर्चा गर्ने,

जन्मस्थलप्रतिको ममता प्रकट गर्ने, प्राकृतिक सम्पदाको संरक्षण गर्ने र नेपाललाई विश्वमा चिनाउन सबै क्रियाशील हुनुपर्ने जीवनदृष्टि यस कृतिमा पाइन्छ । साहित्यकारहरूप्रति श्रद्धाभाव, मुलुकका तमाम विकृतिहरूलाई सफाचट पार्ने सन्देश, वैयक्तिक जीवनका केही अनुभूतिहरू प्रकट गर्दै सृजनशीलता र चिन्तन-मननतर्फ सबै जना केन्द्रित हुनुपर्ने, नातागोतामा सुमधुर सम्बन्ध हुनुपर्ने जीवनदृष्टि यहाँ पाइन्छ ।

### ४.३.२.७ **लयविधान र दृष्टिबिन्दु**

**(क) लयविधान**

गणेश शर्मा पौडेल पद्य कवि हुन् । उनका अधिकांश १६ आक्षरिक हरफमा दुई पङ्क्तिको एक श्लोकात्मक ढाँचाद्वारा निर्मित कविताहरू **अन्तर्मनको तरङ्ग** कवितासङ्ग्रहमा सङ्कलित छन् र अन्त्यानुप्रास यथासम्भव मिलाइएकाले यसको लयविधान पनि कमजोर देखिँदैन । महाकवि देवकोटाको अमरकृति **मुनामदन**को लय टिपी लेखिएको यस कृतिमा विभिन्न विषय केन्द्रित तथा स्वादोम्मुख पुग नपुग चार दर्जन जति शीर्षकमा संरचित गीतिकविताको सञ्चय हो (आमोदी, २०७१ : भूमिका) गीतिलयको धेरै नजिक रहेको झ्याउरे तालको लयविधान यसमा पाइन्छ :

असारे पन्ध्र चिउरा दही रीति र रिवाज
ओभानो ठाउँ बसेर खाएँ मानेर समाज
लोपिँदै जाने साइत गऱ्यो असारे महिना
हिलोमा टेकी मादल ठोकी नाचने महिना (*असार,* पृ. ५५) ।

सोचेको जस्तो हुन्छ र कहाँ मानव चरित्र
बाहिरी खोल हेर्दा पो मात्र देखिने पवित्र
देखिने रूप फरक खुब मानव मुहार
फरक सोच फरक खोज देखिने विचार (*मानव चरित्र,* पृ. ६) ।

यसरी दुई पङ्क्तीय संरचनामा सरल र सुवोध्य भाषाको प्रयोगबाट गीतिलयात्मक प्रस्तुति यस कृतिमा गरेको देखिन्छ ।

(ख) **दृष्टिबिन्दु**

यस कृतिमा सबै कार्यकारण म पात्रद्वारा परिचालित भएकाले प्रथम पुरुष दृष्टिबिन्दु भएको पाइन्छ ।

**४.३.२.८ छन्द, रस र अलङ्कार**

(क) **छन्द**

प्रस्तुत कृतिमा सङ्गृहीत कविताहरूमा अन्य छन्दको प्रयोग नगरी मात्र देवकोटाको अमर कृति **मुनामदन**को लय टिपी भ्याउरे गीतिलयका छन्दहरू प्रयोग गरिएकाले सरस, सरल, सुबोध्य कर्णप्रिय रहेका देखिन्छन् ।

(ख) **रस र अलङ्कार**

**अन्तर्मनको तरङ्ग** कवितासङ्ग्रहमा सामान्य रूपमा कहीँकतै रसाव्यक्तिहरू पोखिएका पाइन्छन् । जस्तै :

**करुण रसः**

कालीतीर जैमुनी घाट चट्चट जली गो

वासना युक्त मन्दिर कठै खरानी मिली गो

स्वर्गमा पिता स्वर्गमै पत्नी टुहुरो अज्ञान

धुरीमा मूल फुटेर बग्यो दुःखका मुहान (*सम्झनामा भार्या,* पृ. ३१) ।

**शृङ्गार रस**

गलामा पोते सिउँदो रातो हातका ती चुरा

थैलीमा राख्छु मनका भित्र सौभाग्य ती पूरा

फलेको हाँगा निहुरे सरि जिन्दगी जिएर

दीर्घायु बाँच्नु गणेश सँग आषिष लिएर (*माया नै चाहिने,* पृ. ४७) ।

**वीर रस**

विश्वको साम‍ु नझुक्ने शिर नेपाली वीरको
नजर गिद्धे पर्दछ सधैँ छिमेकी तिरको
	पहरा काटी घडेरी बन्दो ढुङ्गाको गाहारो
	यही छ न्यानो नेपाली घर यही छ पियारो (*विशाल नेपाल,* पृ. २१)

**वीभत्स रस**

घृणा वा जुगुत्सा स्थायिभाव हुने रसलाई बीभत्स रस भनिन्छ । यसमा घिनलाग्दो दुर्गन्धित प्राणी (व्यक्ति वा जनावर), वस्तु (मल-मूत्र, रगत, सडेको मासु आदि), ठाउँ (मसान आदि) आदि आलम्बन विभाव, दुर्गन्ध, विकृति (किरा पर्नु, सड्नु, गल्नु आदि उद्दीपन विभाव, नाक थुन्नु वा खुम्च्याउनु, आँखा चिम्लनु, मुख फर्काउनु, थुक्नु आदि अनुभाव तथा आवेग, मोह, ग्लानि, व्याधि, चिन्ता आदि व्यभिचारी भाव हुन् (शर्मा र लुइँटेल, २०६३, पृ. ५५) ।

औंसीको रात खियायो जून अँध्यारो पारेर
मान्छेको आयु खियायो रोग जानु छ मरेर
	टारेर मृत्यु टर्दैन कैले मर्नु त छँदैछ
	फूलका थुँगा झुकेर भुइँ झर्नु त छँदैछ (*आयु,* पृ. ४२) ।

अँध्यारो, रोग, आयु, मृत्यु, झर्नु जस्ता कुराहरू विभत्स शब्द भएको हुनाले यहाँ औँसीको रातलाई छेके झैँ गरी विभिन्न रोगले मान्छेलाई रोगी बनाएको छ । मृत्युलाई टारेर टार्न सकिँदैन । जतिसुकै सुन्दर फूल झैँ फुले पनि एक दिन मर्नु छ भन्ने भाव माथिको कवितांशले व्यक्त गरेको छ ।

यसप्रकार उपयुक्त वीभत्स, शृङ्गार, करुण, वीर रसका साथै उत्प्रेक्षा, रूपकजस्ता रसहरूको प्रयोगले काव्यानन्दको अनुभूति दिलाउने प्रयत्न यस कृतिमा देखिन्छ । कृतिमा रसको प्रयोग मात्र नभएर केही अलङ्कारहरू पनि प्रयोग भएका छन् ।

**उपमा अलङ्कार**

आकाशमाथि चम्कने सूर्य जस्तै थियो मुहार
कालले प्राण खिचेर लग्यो सुनेन पुकार
पिताको आयु बाउन्न मात्र जवानी गुमेर
निर्दयी काल टपक्कै टिप्यो फुल झैँ टिपेर (*सम्झनामा पिता,* पृ. २३) ।

रेखाङ्कित पदवर्गमा उपमा अलङ्कार देखिन्छ ।

**उत्प्रेक्षा अलङ्कार**

विश्वको साम् उचाल्छौं शिर गोर्खाली हौं भनी
गर्दछौं गर्व हामीले सधैं नेपाली हौँ भनी (*सम्झेर रुनाले,* पृ. ६७) ।

रेखाङ्कित पदहरूमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ ।

**रूपक अलङ्कार**

लक्ष्य के बोकी भागेर गयौ बेसरी छाडेर
हिमाल छायाँ नेपाली माया चटक्कै तोडेर (*गौंथली चरी,* पृ. ५३) ।

रेखाङ्कित पदहरूमा रूपक अलङ्कारको प्रयोग भएको छ ।

**अन्त्यानुप्रास अलङ्कार**

आँटिलोपना सीपका बल आएन बडा ती
मानव बाँच्ने आधार मूल्य भएन खडा ती (*विकृति,* पृ. ८) ।

रेखाङ्कित पदहरूमा अन्त्यानुप्रास प्रश्नालङ्कारको प्रयोग भएको छ ।

यस प्रकार उपयुक्त वीभत्स, करुण, वीर र शृङ्गार सरका साथै उपमा, उत्प्रेक्षा, अन्त्यानुप्रास, रूपक जस्ता अर्थालङ्कारले काव्यानन्दको अनुभूति दिलाउने प्रयत्न यस कृतिमा देखिन्छ ।

### ४.३.२.९ **बिम्ब र प्रतीक**

**अन्तर्मनको तरङ्ग** कवितासङ्ग्रहमा बिम्ब र प्रतीकहरूको पनि अधिक प्रयोग भएको पाइन्छन् जस्तै :

(**क**) **बिम्ब**

**प्राकृतिक बिम्ब**

प्रकृति वैरी गोडेर फाल पग्लेर सलल

खेतको फाँट पखेरा पाखा रसिला हलल ।

परीक्षा लिन मानव आत्म धर्तीमा ओर्लनु

मेची र काली आफन्त ठानी हर्षले उर्लनु (*हिमाल,* पृ. २७)

बिम्बले भाव सम्प्रेषण गराउने र त्यसमा अदृश्य ध्वनि तथा गति उत्पन्न गराउने दुबै काम गर्ने हुनाले कवितामा पग्लेर सलल, फाँट, पखेरा, पाखा रसिला बनाउनु तथा मानव धर्तीमा ओर्लिएर मेची र महाकालीलाई आफन्त मानेर हर्षले उर्लिंनुले प्रकृतिको सौन्दर्यलाई प्रतिबिम्बित गर्नुले प्राकृतिक बिम्ब बन्न पुगेको छ ।

**स्पर्श बिम्ब**

जल नि तातो हावा नि तातो तातै छ भुतल

पसिना प्यून हिमाल झार्यौ पवन शीतल ।

माटोमा टेके माटोमा ढोगे किसानी रमाई

रोपेर रोपा माटोमा ढोगे बिउ पाँजा समाई । (*असार,* पृ. ५५)

महसुस गर्न सकिने बिम्ब नै स्पर्श बिम्ब भएकाले माथि उल्लिखित कवितांशमा हावा, पानीको तातोपना, हिमालको शितलता, किसानको खुसी आदि महसुस गर्न सकिने भएको हुँदा स्पर्श बिम्ब बन्न पुगेको छ ।

**दृश्य बिम्ब**

सुनको हो कि तामाको हो की गजुर हराए

विपत्ति पर्दा खोजेन कोही शहर कराए ।

बादल जन्म्यो बिजुली चम्क्यो वर्षात् वर्षियो

पहिलो बाढी झोकिई आयो लोक नै तर्सियो (*मन जले अँगार,* पृ. ५२) ।

**संस्कृति बिम्ब**

लट्ठीको नाच थालको नाच प्रसिद्ध खास छ

देवीका शक्ति वर्दान चडी शिरमा बास छ (*बाग्लुङ्ग,* पृ. १९) ।

आफ्नो गाउँ-ठाउँका चालचलन, रीतिरिवाजलाई टप्प टिपेर माथिका कवितांशमा प्रस्तुत गरिएकोले संस्कृति बिम्ब बन्न पुगेको छ । उपर्लिखित कवितांशमा लट्ठीको नाच, थालको नाच, देवीको शक्ति, वरदान आदि नै संस्कृति बिम्बको रूपमा प्रस्तुत हुन आएका छन् ।

(**ख**) **प्रतीकहरू**

**वीरताको प्रतीक**

नेपाली शिर पहरा जस्तै जान्दैन झुकन
सहिद रक्त छहरा जस्तै जान्दैन सुकन
वीरका हात नेपाली जात छुदैन रोगले
चलाए मान उफ्रिने आत्म छुदैन शोकले । (*विशाल नेपाल,* पृ. २२)

**गरिबीको प्रतीक**

जन्मेको माझी नदीका तट तटमै मर्दछ
गरिब खोज्छ खानैका लागि भोकैमा पर्दछ
जान्दैन काट्न ठूलाका कुरा सबै ती स्वीकारी
लाल्टिन बाल्छ गरिबी घर प्रकाश अगाडि (*गरीब,* पृ. १३) ।

**भ्रष्टाचारको प्रतीक**

नामेट पारौं भ्रष्टका जरा गडेको तल छ
हरा र भरा छहारी वृक्ष शीतल भल छ
कसैले चाल पाउने छैन भ्रष्टले छोएको
अहिले हैन धेरै नै भयो राष्ट्रले रोएको (*भ्रष्टाचार, पृ. १५) ।*

यसरी उपर्युक्त बिम्ब र प्रतीकहरू कवितामा व्यक्त भएकाले कृति निश्चय नै सुन्दर बनेको छ ।

### ४.३.२.१० **निष्कर्ष**

गणेश शर्मा पौडेलका पुस्तकाकार कृतिमध्ये २०७१ सालमा प्रकाशित **अन्तर्मनको तरङ्ग** कवितासङ्ग्रह चौथो कृति हो । यसभित्र व्यक्तिगत जीवनका अनुभूति, अतीतमोह, जन्मस्थलप्रतिको माया, राष्ट्रियताको मोह, पारिवारिक सदस्य, बन्धुवान्धवहरू, संस्कृति र परम्पराप्रति श्रद्धा, प्रकृतिचित्रण, देश-विदेशमा विद्यमान विकृति-विसङ्गतिहरूको उजागरण गरिएका विषयवस्तुहरू रहेका छन् । झ्याउरे र गीति छन्दमा केही प्रतीक र बिम्बका साथै अलङ्कारहरूको कुशल संयोजन गरी कृतिमा मीठास छरिएको छ ।

प्रस्तुत कवितासङ्ग्रहका कविताहरूको भाषाशैली सफल र उच्च नै रहेको छ । छोटा, सरल शब्द प्रयोग, व्याकरणिक पदक्रम विचलन यसका विशेषता हुन् । शृङ्गार, करुण, शान्त, वीभत्स, वीर आदि रसको प्रयोग भएको यो कवितासङ्ग्रह सरल, सहज र सरस हुनुका साथै कविताका बान्कीहरू सुमधुर र ग्रहणीय रहेका छन् । उनका अघिल्ला कृतिहरूको सापेक्षतामा प्रस्तुत कृति परिष्कृत र स्तरीय नै छ भन्न सकिन्छ ।

## ४.३.३ **'पन्क्षी मयूर' हाइकुसङ्ग्रहको अध्ययन**

बहुमुखी प्रतिभाका धनी गणेश शर्मा पौडेलको साहित्यिक कृति **पन्क्षी मयूर** हाइकुसङ्ग्रहले साहित्य जगत्लाई अर्को एक खुड्किलो माथि चढाएको छ । २०७० श्रावणमा सार्वजनिक भएको यो सङ्ग्रह शर्माको तेस्रो कृतिका रूपमा रहेको छ । विभिन्न कविता, गीत, गजलसङ्ग्रह प्रकाशित गरिसकेका शर्माले हाइकुमा पनि सशक्त रूपमा कलम चलाएका छन् ।

आकारका दृष्टिले यो सङ्ग्रह सानो भए तापनि विषयवस्तुका दृष्टिले ओजपूर्ण मानिन्छ । अन्य कृतिमा झैँ यस कृतिमा पनि राष्ट्रिय भाव, प्रकृतिप्रतिको प्रेमाभावको झुकाव झल्किएको पाइन्छ । शर्माका हालसम्म तीनवटा पुस्तकाकार कृतिहरू प्रकाशोन्मुख रहेका देखिन्छन् भने आधा दर्जनभन्दा बढी लेख-रचनाहरू प्रकाशित भएका छन् । शर्माको साहित्यतर्फको उर्वरभूमि कविता नै भएको पाइन्छ । साहित्यिक मूल्य र मान्यताका दृष्टिले पनि उनका कृतिहरू प्रखर भएको पाइन्छ ।

### ४.३.३.१ **शीर्षक**

कुनै पनि साहित्यिक कृतिको शीर्षकले नै मूलभूत रूपमा त्यसमा समाविष्ट विषयवस्तुहरूको समुच्चयमा प्रतिनिधित्व गर्दछ । २०७० साल श्रावणमा प्रकाशित कृति **पन्क्षी मयुर** हाइकुसङ्ग्रह शर्माको नवीनतम कृतिका सम्बन्धमा ज्यादै महत्त्व राख्दछ । प्रस्तुत कृतिको आवरणमा पन्क्षी मयुर नाम दिइएको छ । चरालाई हिन्दीमा 'पन्क्षी' र मजुरलाई संस्कृतमा 'मयूर' भनिन्छ । नेपाली भाषाका साधकहरूले पन्क्षी मयुर भन्न युक्तिसङ्गत हुन्छ । **पन्क्षी मयुर**ले कृतिका नक्षत्रमा जन्मुनका कारणले कार्तिकेय नाम पाएका महादेवका पुत्र कुमारको वाहन हुने अवसर पाएको छ । वर्षाकालको आगमनसँगै मेघ कराउनु र मेघ कराउँदा हर्षले पुलकित हुनु, इन्द्रेणीतुल्य रङ्गका प्वाँखहरू फिँजाएर नृत्यकलामा तन्मय हुनु र भालेको स्खलित वीर्यद्वारा गर्भधारण गर्नु र सृष्टिको सौरभलाई सौरभित बनाउनुजस्ता प्रसङ्गहरू किम्बदन्ती हुन् वा पौराणिक हन् या यथार्थ हुन् यिनले आख्यान वृत्तमा स्थान पाएका छन् । यस कृतिको नामकरणबाट घटनावलीको स्मरण गराउँदै प्राकृतिक सृष्टि-सौरभको र कमनीय कर्म सौन्दर्यको महत्त्वलाई लाक्षणिक भाव-बिम्ब प्रदान गरिएको छ (आमोदी, २०७० : ठ) ।

विवेच्य कृतिमा सङ्कलित हाइकुहरू एक-अर्कोमा नजुध्नु हाइकुकारको सचेतता मात्र होइन गुणवत्ता पनि हो । हाइकुहरूलाई शीर्षकका शृङ्खलाले अनुबद्ध बनाउनुभन्दा अर्थप्राप्तिका लागि खुल्ला छोडिदिनु उपयुक्त लाग्ने हुँदा यस हाइकुसङ्ग्रहमा पनि शीर्षकबिना नै हाइकुहरू सङ्गृहीत छन् । कृतिभित्रका भावहरूसँग बाह्य शीर्षकको समष्टिगत सम्बन्ध त छैन तापनि एकाध स्थानमा **पन्क्षी मयूर**का सम्बन्धमा लेखिएको छ । यही भावले समग्र कृतिको प्रतिनिधित्व गरेको ठान्ने हो भने शीर्षक सार्थक ठहरिने देखिन्छ ।

### ४.३.३.२ **संरचना**

संरचनागत दृष्टिकोणबाट **पन्क्षी मयूर** हाइकुसङ्ग्रह मझौला आकारको साहित्यिक कृति हो । यस सङ्ग्रहको संरचनालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ :

**(क) बाहिरी बनोट**

**पन्क्षी मयूर** हाइकुसङ्ग्रहको बाह्यावरणलाई आकाशे नीलो रङ्गको पृष्ठभूमिमा तीनवटा मयूरमध्ये एक मयूरले प्वाँख फिँजाएको चित्रले सजाइएको छ । कालीगण्डकी साहित्यिक मञ्च

चितवनको प्रकाशनमा २०७० साल श्रावणमा ५०१ प्रति सङ्ख्यामा प्रकाशित यस हाइकुसङ्ग्रहको अग्रभागमा प्रकाशकीयका भनाइ राखिएको छ भने त्यसपछि केशवराज आमोदीले *कलापूर्ण छ, हाइकु प्रकृतिमा सृष्टिसौन्दर्य* शीर्षकमा समग्र सङ्ग्रहको चर्चा गरेको पाइन्छ । त्यसपछि क्रमशः *आफ्नै कुरा* शीर्षकमा आफ्नै कुरा राखी शर्माले अन्तर्भाव पोखेका छन् । न्यू गौरव छापाखाना, प्रेसमार्ग, नारायणगढको मुद्रणबाट निस्केको यस कृतिको प्रत्येक पृष्ठमा मयूरको प्वाँख र मयूरको चित्र राखेर हाइकुको विषयवस्तु अगाडि बढाइएको छ । कृतिको बाह्यावरणको पछाडिपट्टि लेखकको तस्बीर सहितको परिचय र शर्माका प्रकाशित कृतिहरूको सूची राखिएको पाइन्छ । समग्रमा बाह्य संरचनाका दृष्टिले कृति ज्ञानवर्धक नै रहेको पाइन्छ ।

**(ख) आन्तरिक बनोट**

हाइकु पूर्णरूपमा शास्त्रीय संरचनामा बाँधिएको हुन्छ तर शास्त्रीय संरचना मात्र पनि पर्याप्त छैन, कलात्मक ढङ्गबाट प्राकृतिक किगोको प्रयोग गर्नाले नै हाइकु ओजिलो र बोझिलो हुन्छ । हाइकु पहिलो हरफमा पाँच अक्षर, दोस्रो हरफमा सात अक्षर र तेस्रो हरफमा पाँच गरी सत्र अक्षरको हुन्छ (उदासी, सन् २०१४) ।

गणेश शर्माको **पन्क्षी मयूर** कृतिका हाइकु पनि शास्त्रीय संरचना ५, ७, ५ कै नियमलाई मानेर अगाडि बढेको देखिन्छ । ऋतुको परिवर्तनशीलता र प्राकृतिक सुन्दरताका लागि घनीभूतता नेपालमा प्रचुर रहेकाले हाइकुको भविष्य समुन्नत छ । यही प्राकृतिक सुन्दरतालाई आधार बनाउँदै शर्माका हाइकुहरू पनि रचिएका छन् ।

हाइकुकार पौडेलले **पन्क्षी मयूर** हाइकू सङ्ग्रहमा भाषा, साहित्य, कला, इतिहास, दर्शनदेखि लिएर लोकतन्त्र र जनजीविका, सभ्यता र संस्कृति, सङ्कल्प र साधन, राजनीति र भ्रष्टाचारजस्ता कुरालाई बढो मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । महङ्गी र दण्डहीनता, विकृति, विसङ्गतिजस्ता विषयवस्तुलाई समेटेको पाइन्छ । त्यसैगरी प्रणय र प्रकृति, प्रणय र सपना, प्रणय र पर्याप्तता तथा पवित्रतालाई हाइकुमा मिश्रण गरेको पाइन्छ । गणेश शर्माको दुई सशक्त अभिव्यक्तिले भरिएका हाइकु :

संसारै भरि
फूल झैं फक्रेको छ
हाइकु कविता । (पृ. २५)

आमाको आँसु
चिसो पानी होइन
आगो हो पोल्छ । (पृ. ३०)

अन्तमा, यस सङ्ग्रहभित्रका धेरै वासन्तिक पुष्पहरूमा आह्लादकारी मनोरम सुरभिहरू रहेको पाइन्छ भने आन्तरिक संरचना ५, ७, ५ अक्षरीय ढाँचामा नै आबद्ध रहेको छ । विषयवस्तु, बनोट, बुनोट सबै पक्षलाई सिलसिला मिलाएर राख्नु पनि संरचनाकै एउटा राम्रो पक्ष हो । समग्रमा भन्नुपर्दा आन्तरिक, बाह्य दुवै संरचनाले यो कृति कसिलो, रसिलो र ओजपूर्ण रहेको पाइन्छ ।

### ४.३.३.३ **भावविधान**

शर्माको हाइकुसङ्ग्रह जापानी ढाँचाको १७ अक्षरीय शैलीमा लेखिएको सङ्ग्रह हो । सम्भवतः विश्वकै लघु काव्यका रूपमा हाइकुलाई लिने गरिन्छ । कम शब्दमा नै धेरै भाव प्रकट गर्ने प्रमुख विशेषता बोकेको हाइकु जापानी शैलीको कविता हो ।

हाइकुले खँदिलो सामर्थ्य राख्छ । हाइकु सियोका टुप्पोजस्तै हुन्छ जसलाई कम आँक्न सकिँदैन र त्यस्को झट्का तिख्खर हुन्छ । साहित्य समुद्रको एक रूप हो भने हाइकु समुद्री गहिराइको वास्तविक अनुभूति हो । धेरै टुकीहरूको माझमा रहेको सानो तर चम्किलो दीप जसलाई अनुभव र ग्रहण गर्न निकै गाह्रो हुन्छ तर त्यसको भाव बुझी अनुभूति रूपी सार खिँच्न सकेमा हाइकु उर्लिएर आउँछ । हाइकुको प्रभाव सोझै मानव मस्तिष्कमा पुग्दछ (उदासी, सन् २०१४) ।

शर्माले यस कृतिमा सौन्दर्यको महत्त्वलाई लाक्षणिक भाव, बिम्ब प्रदान गरेको पाइन्छ । भावात्मक रूपमै भए पनि हाइकुका लागि अपेक्षित बिम्बको अभाव पुरा गरेको पाइन्छ । गणेश शर्माको राष्ट्रप्रेममा अवलम्बित हाइकुको उदाहरण :

मेरो नेपाल

अस्थिर पञ्चर ओढी

बाँचिरहेछ । (पृ. २०)

प्रकृतिपरक, बिम्बमयता, कलात्मकता तथा अभिव्यञ्जनापरक हार्दिकता हाइकुको विशिष्टता हो । पौडेलका हाइकुहरू देशको समसामयिक स्थितिप्रति जति गम्भीर छन् उत्तिकै प्रेम प्रणयमा पनि आप्लावित छन् :

अहा ! सौन्दर्य

घामले चुम्न खोज्छ

तरुनी भै छ्यौ । (पृ. ३५)

**पन्क्षी मयूर** विभिन्न विषयवस्तु, विभिन्न रस, विभिन्न प्रतीक-बिम्बले ओतप्रोत भएका शीर्षकबिनाका पुगनपुग ४६४ वटा जति हाइकुहरूको सङ्ग्रह हो । यस हाइकुसङ्ग्रहले पाठक र स्रोतावर्गलाई मनोरञ्जन दिइरहेको पाइन्छ । समग्रमा भन्नुपर्दा शर्माको यो हाइकुसङ्ग्रह राष्ट्रियताले भरिएको सामाजिक जनजीवन, गरिबी, समाजको यथार्थ कुराहरूलाई टप्प टिपेर परिवर्तित र प्रगतिशील राष्ट्र निर्माणको स्वर उराल्ने रचना हो ।

### ४.३.३.४ **लयविधान**

गणेश शर्मा पौडेलका हाइकुसङ्ग्रह समष्टि रूपमा राष्ट्रिय भावनाले ओतप्रोत काव्य रचनाको सङ्ग्रह हो । शर्माको हाइकुसङ्ग्रह जापानी ढाँचाको ५, ७, ५ शैलीमा लेखिएको लघु काव्यसङ्ग्रह हो । भावनाको प्राचुर्यता रहे पनि हरेक हाइकुहरू उत्तिकै रसपूर्ण भएको भने पाइँदैन । उपमान, भाव, बिम्ब, मिथक, प्रतीक आदि दृष्टिले हाइकुहरू केही शिथिल देखिए पनि बाँकी हाइकुहरू हृदयग्राही र मर्मस्पर्शी नै छन् ।

### ४.३.३.५ **निष्कर्ष**

गणेश शर्मा पौडेलको पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०७० श्रावणमा प्रकाशित कृति **पन्क्षी मयुर** हाइकुसङ्ग्रह तेस्रो कृति हो । यस कृतिभित्र राष्ट्रप्रेम, जीवनका अनुभूतिहरू, माया-प्रेमका प्रसङ्ग, गरिबी, जनजीवन, भ्रष्टाचारप्रतिको आक्रोश, स्वार्थी प्रवृत्तिका मान्छेहरूको सोच,

संस्कृति र परम्पराप्रतिको श्रद्धा, प्रकृतिचित्रणलगायत देश-विदेशमा विद्यमान विकृति-विसङ्गतिहरू उजागर गरिएका विषयवस्तुहरू समेटिएका छन् ।

प्रतीक, बिम्ब, भाव विधानको कुशल संयोजन गरी रचित प्रस्तुत कृतिमा केही भाषाशैलीगत त्रुटि कहीँकतै रहेको देखिन्छ । गृहीत विषयवस्तु, भावोद्रोक शक्तिका दृष्टिले चाहिँ यस कृतिलाई सफल रचना भन्न सकिन्छ । सहज, सुललित, सरल, सरस हुनुका साथै हाइकुका बान्कीहरू सुमधुर र ग्रहणीय रहेको पाइन्छ । समग्रमा भन्नु पर्दा कृति परिष्कृत, परिमार्जित र स्तरीय नै छ भन्न सकिन्छ ।

### ४.३.४ **'वस्तीका स्वरहरू' मुक्तकसङ्ग्रहको अध्ययन**

#### ४.३.४.१ **मुक्तकको पृष्ठभूमि**

मुक्तककार गणेश शर्मा पौडेलले आफ्नो साहित्यिक कलालाई अगाडि बढाउने क्रममा मुक्तकमा पनि कलम चलाएका छन् । २०७२ सालमा प्रकाशित उनको मुक्तकसङ्ग्रहको नाम **वस्तीका स्वरहरू** हो । यस सङ्ग्रहलाई विषयवस्तुका दृष्टिले पूर्ण मानिन्छ । अन्य कृतिहरूमाझैँ यस कृतिमा पनि राष्ट्रिय भाव झल्किएको पाइन्छ । समाजका विसङ्गति र विकृतिलाई उखेलेर फाल्न शर्माले आह्वान गरेका छन् ।

मुक्तक शब्द संस्कृत भाषाबाट आएको तत्सम नेपाली शब्द हो । पूर्वीय साहित्यशास्त्रमा अभिनव गुप्तले **ध्वन्यालोक** नामक ग्रन्थको *लोचन टीका*मा सर्वप्रथम यस शब्दको चर्चा गरेका थिए (अधिकारी, २०७२ : ४) । उर्दू शायरी झैँ नेपाली साहित्यमा देखापर्ने काव्यको लघुत्तम रूपलाई मुक्तक मान्न सकिन्छ । मुक्तक शब्दले साहित्यमा त्यस्तो लघु आयामिक कविता रचनालाई लक्षित गर्छ जुन पूर्व प्रसङ्ग हुनुका साथै पूर्ण भई एकै श्लोक वा एउटै कविता पुञ्जको रूपमा अभिव्यक्त हुन्छ (बराल र अन्य, २०५५ : ६३७) । संस्कृत काव्य जगत्मा प्राचीन कालदेखि मुक्तकसम्बन्धी चर्चा-परिचर्चा चलेको पाइन्छ । मुक्तकलाई आनन्दवर्धनले नै सम्मानजनक स्थान दिलाएको पाइन्छ । हेमचन्द्रले 'एकेन छन्दसा वाक्यार्थ समाप्तौ मुक्तक' भनेर आफैमा पूर्ण, एकै छन्दमा लेखिएको एक सिलोके रचनालाई मुक्तक मानेका छन् । यो स्वयम् पूर्ण भए पनि यसको आयाम अत्यन्तै सानो हुन्छ र यो एकै छन्दमा लेखिन्छ । कविताको सबैभन्दा सानो रूपगत आयामको हुन्छ ।

यसको संरचना आफैमा पूर्ण हुन्छ । मुक्तकको भाषा सामान्य नभई विशिष्ट हुन्छ । अभिव्यक्तिमा विचलन आए पनि रचनाको अभिव्यक्ति ताजा, नयाँ, चोखो र सशक्त हुनुको साथै कथनमा विचित्रता पनि आउँछ । नेपाली भाषामा आधुनिक शैलीमा मुक्तक लेखनको सुरुवात २००७ सालपछि नै भएको पाइन्छ । यस दिशामा कलम चलाउनेहरूमा कृष्णप्रसाद पराजुली, मोहनहिमांशु थापा, टेकबहादुर नवीन, बासुशशि, भूपि शेरचन, हरिभक्त कटुवाल, नीरबिक्रम प्यासी, डा. घनश्याम न्यौपाने 'परिश्रमी', श्यामप्रसाद न्यौपाने, दिनेश अधिकारी आदि पर्दछन् । नेपाली साहित्यमा प्रचलित मुक्तक मूलतः अरबी, फारसी साहित्यिक जगत्‌बाट उत्पत्ति काव्यको लघुत्तम रूप हो (न्यौपाने, २०६२ : ग-घ) ।

मुक्तकका परिभाषाको अध्ययन, विश्लेषण गर्दा सरल भाषामा लेखिएको कुनै कथाबद्ध नभएको कविताका हरेक पङ्क्ति काव्यका दृष्टिले अति नै कसिला, रसिला, खिरिला र चोटिला भएको आफैमा परिपूर्ण कविताको सानो रूपाकृति नै मुक्तक हो भन्न सकिन्छ ।

संस्कृत काव्यशास्त्रमा मुक्तकलाई विविध भेदहरूले परिभाषित गरिएको पाइन्छ । आचार्य दण्डीले 'मुक्तकं कुलकं कोशः संघात इति तादृश' भनी मुक्तकका चार भेद सङ्केत छन् (बर्मा र अन्य, २०२० : ५०२) । अग्निपुराणकारले मुक्तक, सन्दान्तिक, विशेषक, कलापक र कुलक गरी जम्मा पाँच भेद उल्लेख गरेका छन् । आचार्य विश्वनाथले मुक्तक, युग्मक, सन्दानितक, कलापक, कुलक कोष र ब्रज्या गरी काव्यका सात भेद उल्लेख गरेको पाइन्छ (बर्मा र अन्य, २०२० : ५०२) ।

संस्कृत काव्याचार्यहरूको मुक्तकसम्बन्धी लक्षणहरूको अध्ययन गर्दा एक पदी, द्विपदी, त्रिपदी, चतुष्पदी, पञ्चपदी र त्यसभन्दा बढी श्लोक भएको कवितालाई पनि मुक्तक भनिन्छ । मुक्तक प्रायःजसो चार पङ्क्तिका मानिए पनि पर्यायवाची शब्दमा ताङ्का, रुवाइ, हाइकु, रोइला सबै लघुत्तम कविताकै उदाहरण हुन् । कविताको लघुत्तम रूपका सम्बन्धमा जे-जस्ता भेद गरिए तापनि मुक्तक कविताको पहिचान भनेको आकारमा लघुत्तमता, प्रसङ्गमा एकलता, भावमा एकोन्मुखता, पूर्वापर सम्बन्धमा निरपेक्षता, आफैमा सम्पूर्णता र सौन्दर्यका दृष्टिले कमनीयता हुन् (अधिकारी, २०७४ : ४) ।

#### ४.३.४.२ शीर्षक सार्थकता

**बस्तीका स्वरहरू** मुक्तकसङ्ग्रहको शीर्षक किन सार्थक रहेको छ भने यसले व्यङ्ग्यात्मकता झल्काएको छ । बस्तीका स्वरहरू भनेर यहाँ बस्ती, गाउँ वा ठाउँ बोलेको होइन, बस्तीमा बस्ने जनताको बुलन्द आवाज भन्न खोजिएको छ । जनताको भलाइभन्दा व्यक्तिगत स्वार्थलाई सर्वोपरि स्थान दिइएको प्रतिगमनकालीन नेपालको परिवेशलाई मुक्तकका माध्यमबाट अभिव्यक्त गर्ने क्रममा शीर्षक छनौट गरिएको छ । व्यङ्ग्यात्मकताका ढङ्गले हाल समाजमा भएका विविध पक्षहरूको उद्घाटन गर्न सक्नु र प्रतिगमनलाई उसकै नियतबाट झस्काउनु जस्ता कारणबाट यसको शीर्षक सार्थक बनेको छ । २०७२ वैशाख १२ गतेको प्राकृतिक विपत्तिबाट देशीय वैभव गुमाउनु परेको नेपालको स्थिति, प्राचीन सम्पदाको तहस-नहस, वास्तविक घरको विवरण, सृष्टिप्रतिको आस्था, मातृत्वको पीडालाई पनि चित्रण गरिएको छ । देशको स्थिति बुझ्न नसक्नुको पीडा, नेपालको राष्ट्रिय अस्तित्व गुम्ने खतराजस्ता स्वरहरूलाई मुक्तकका माध्यमबाट व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । मौलिक संरचनात्मक रूपमा प्रस्तुत कृति स्तरीय बन्न पुगेको छ । **बस्तीका स्वरहरू** मुक्तकसङ्ग्रह लक्ष्मीप्रसाद देवकोटाको झ्याउरे लयलाई टपक्क टिपेर लेखिएको छ । यसमा रुवाइ शैलीका २२४ वटा मुक्तकहरू रहेका छन् । प्रायःजसो मुक्तकका प्रथम, द्वितीय र चतुर्थ पङ्क्तिमा अन्त्यानुप्रासको समुचित सन्तुलन छ भने तेस्रो पङ्क्तिमा अन्त्यानुप्रासको संयोजन गरिएको छैन । ऊर्दू, फारसी लक्षण ग्रन्थका आधारमा हेर्दा यस सङ्ग्रहका सम्पूर्ण मुक्तकहरू रुवाइ शैलीका छन् र मीठासपूर्ण पनि छन् । त्यसकारण पनि शीर्षक सार्थक रहेको छ ।

मुक्तकसङ्ग्रहमा सङ्गृहीत मुक्तकहरूमा देशको भलाइको लागि काम गर्ने प्रतिबद्धता दिइ सत्तामा पुगेर देश र जनतासँग गरेका वाचाहरूलाई भुली आफ्नै निजी स्वार्थमा मात्र लिप्त नेतृत्ववर्गको मै खाऊँ मै लाउँ भन्ने प्रवृत्ति झल्काउँदै उनीहरूलाई व्यङ्ग्य प्रहार गर्न पुगेका छन् । जस्तै :

कसले गर्छ सडक जाम छोपेर यी आँखा
उसैले गर्छ सडक जाम यो कुरा याद राख
पानीमा घोली चिनीको स्वाद पिउन नपाई
नुनले गर्छ सडक जाम छोपेर लौ आँखा । (**बस्तीका स्वरहरू**, पृ. ६२)

भ्रष्टाचार र राजनैतिक चलखेल कति गर्छौ ? अब त कुर्सीको लोभमा देशलाई बेच्ने काम नगर भन्दै कविले यसरी सन्देश दिएका छन् :

कुर्सीको मोह छाडौं कि अब यस्तो त गति भो
फर्केर हेर देशमा ठूलो अति नै क्षति भो
जनता भत्क्यो उत्तानै दैलो खुल्लमखुल्ला छ
पराइ घुसी घिनायो राष्ट्र दुर्गन्ध अति भो । (**बस्तीका स्वरहरू**, पृ. ५६)

जताततै ढाँट, छल र कपटले ठाउँ ओगटेको छ, स्वेच्छाचारी ढङ्गले राज्य चलेको छ, यस्तै अवस्था रहेमा सोझा साझा गरिब जनताको दुर्गति हुने कुरामा कुनै सन्देह छैन । सोझा, इमान्दार जनताको अस्तित्त्व हराउँदै गएको छ भन्ने कुरा कविले यसरी प्रस्तुत गरेका छन् :

न्यायिक पन चरित्र दाँज्ने कसी काँ हरायो
अपराधीलाई घुमाई बाँध्ने रसी काँ हरायो
न्यायिक देश न्याय नै खोज्छ अन्याय वालाले
न्यायिक मन फैसला माथ्ने मसी काँ हरायो ? (**बस्तीका स्वरहरू**, पृ. ४२)

नेपाली सरल प्रकृतिका छन् । यही सरलपन नेपालीको वास्तविक पहिचान हो । स्वच्छ तथा पवित्र भावनाले मानिसको जीवनलाई सार्थक बनाउँछ । विदेशी संस्कृतिभन्दा हामीलाई हाम्रो संस्कृति प्यारो छ । विदेशी तडक भडकले नेपालीको जीवनपद्धतिलाई असर पुऱ्याउँछ । विभिन्न जनजातिले भरिपूर्ण नेपालको संस्कृतिको सम्बर्द्धन गर्नु हामी सबैको साझा कर्तव्य हो । कविले संस्कृतिप्रति अगाध प्रेम झल्काउँदै भनेका छन् :

सुरुवाल भोटो ढाकाको टोपी नेपाली शीर उच्च
असारे हिलो मातारी मैना साउने खीर उच्च
स्वर्गको टुक्रा झरेका पाखा पखेरा पहाड
गुराँस फूल फुलेको माटो नेपाली भीर उच्च । (**बस्तीका स्वरहरू**,पृ. ४८)

परम्परादेखि चल्दै आएका रीतिरिवाजहरूले प्रत्येक नेपालीको मन छोएका हुन्छन् । चाडपर्व साथी-भाइहरूसँग बिताएका क्षण, दिदी-भाइको प्रेमभाव यस श्लोकबाट :

अनर्सा, अर्सा बढिया सेल करेली अचार
सगुन खान आएनौ भाइ दुखायौ तिहार
थामेर मुटु वचन अल्झ्यो आएर गलामा
एउटै भाइ एउटै दिदी खाली भो निधार (**बस्तीका स्वरहरू,** पृ. ६४) ।

राष्ट्रको विकासका नाउँमा विदेशीबाट करोडौँ रकम भित्रिएको छ । ग्रामीण क्षेत्र विकासका लागि आएका रकम टाठाबाठाको भुँडीमा परेको छ । कर्मचारीमा घुस खाएर महल खडा गर्ने सोचको विकास भएको छ । दिनानुदिन हिंसा, बलात्कार, भ्रष्टाचारजस्ता विकृति बढेका छन् । यसलाई निर्मुल पार्न कडा कानुन बनाउन सरकारलाई आह्वान गरिएको छ :

पानी झैँ गाँज्यो दुबो झैँ मौल्यो देशमा भ्रष्टाचार
शोषण झल्क्यो मानिस ढल्क्यो बढ्दै छ बलात्कार
पुर्खाको अर्ती शास्त्रका नीति टुक्रेर फुटे झैँ
बलियो जेल हथकडी नेल बनाउ सरकार (**बस्तीका स्वरहरू,** पृ. ७८) ।

स्वच्छ र सफा गाउँमा नै जीवन जिउनु राम्रो हो, शहरका सुख सुविधाभन्दा गाउँको दुःखेसोमै रमाउन ठिक, शहरको धुलो, धुवाँ, कोलाहल र तडकभडकभन्दा गाउँले जीवन र स्वच्छ हावा मीठो भन्दै कवि यसो भन्दछन् :

जीवन बाँच्न शहरभन्दा रोजेर गाउँ छानी
गाउँमा बस्छु रमाई बसे गै तिमी राजधानी
प्रकृति बोल्छ काखमा बस भर्नेछु तिम्रो प्राण
पठाइ दिन्छु हिमाली हावा स्वतन्त्र पिए नि । (**बस्तीका स्वरहरू,** पृ. ३६)

स्वतन्त्रतामाथि बन्देज लगाउने र पवित्रताको बिनाश र पापको फलिफाप भएको छ । विकासका गतिविधिहरू रोकिएका छन् । यसरी बस्ने हो भने हामी सबैको अवस्था दयनीय हुनेछ । त्यसैले प्रत्येक बस्तीबाट सामन्ती जड्लाई उखेलेर फाल्नुपर्छ भन्ने भाव पनि भेटिन्छ :

पहरा फोड्छ जञ्जीर तोड्छ बस्तीका स्वरले
सामन्ति जरा उखेली गोड्छ बस्तीका स्वरले
पातल माग्दा पिँजडा दिने शासक छ माथि
काढेर छाला एसिड पोख्छ बस्तीका स्वरले । (**बस्तीका स्वरहरू**, पृ. ३७)

हरेक साहित्यकारलाई प्रकृतिको बनोट मन परेको हुन्छ । अझ नवस्वच्छन्दतावादी कवि त प्रकृतिमै डुबेका हुन्छन् । मानिसका सिर्जनात्मक छालमा मानसपटल उर्लेका हुन्छन् । पहाडी झरनाको कलकल बगेको आवाज, बगेको पानीले तिर्खा मेटाइदिन्छ, भावनाको आधारमा सिर्जना हलचल भैरहन्छ तैपनि आफ्नो वस्तुलाई छाड्न सकिँदैन :

देखेर नेपाल हिमाल पनि मुसुक्क हाँसेको
मुनाल डाँफे नजिकै आई खुसीले नाचेको
आखिर धर्म राष्ट्रको माया सत्य त्यही रैछ
बुढा त मरे भाषा ती सरे पुर्खाले साँचेको । (**बस्तीका स्वरहरू**, पृ. ८०)

ग्रीष्मको दिन हिमाली हावा ईश्वरै भेटियो
नजिक इष्ट हर्षित देख्दा तिर्सना मेटियो
श्रावण मैना शिवको मैना शिवको मन्दिर
जलका धारा धरर देखेँ अशुभ रेटियो ।

### ४.३.४.३ भाषा शिल्प/भाषाशैली

गणेश शर्मा पौडेलको **बस्तीका स्वरहरू** मुक्तकसङ्ग्रहमा व्यङ्ग्यात्मकताको तीव्रता पाइन्छ । विभिन्न अप्रचलित शब्द, शब्दावली, वाक्य आदिको प्रयोग यस सङ्ग्रहमा भएको पाइन्छ । मुक्तककार गणेश शर्माको यो कृति मूलतः रुवाई शैलीको मुक्तक-काव्य हो । भाषा सरल देखिए पनि उनका मुक्तकमा धेरै भाषाको समायोजन भएको पाइन्छ । उनको लेखनमा हिन्दी, ऊर्दू तथा संस्कृत भाषाको प्रभाव बढी पाइन्छ । प्रायः नेपाली झर्रा शब्दहरूको प्रयोग भएको पाइन्छ । कतै स्वास्थ्यसम्बन्धी, कतै जनचेतनामूलक त कतै गरिबी र पीडित जनतासम्बन्धी शब्दहरू पनि प्रयोग भएको पाइन्छ । शैली शिल्पगत आधारमा हेर्दा उनका

मुक्तकहरूलाई प्रकृतिको नवस्वच्छन्दतावादी रुवाइ शैलीको भन्न सकिन्छ । विभिन्न विषयलाई मिथकका माध्यमबाट अभिव्यक्त गर्दै मुक्तकको शैली नयाँ आयाम दिन सफल भएको मानिन्छ । समयको कालखण्डका क्रममा नेपालभित्र सम्पूर्ण कुरा (जल, जमिन, जङ्गल, जडिबुटी र जलवायु) 'पाँच ज' को भण्डार र अब देशले उन्नतिको बाटो समाउँछ भन्ने सन्दर्भको चित्रण यसमा भएको पाइन्छ । कतैकतै क्लिष्ट शब्दहरूको प्रयोगले भावकमा विषयबोधको समस्या उत्पन्न हुन सक्ने स्थिति देखिन्छ । शैलीमा नवीनता, शिल्पमा मार्धुयता, मिथकको समुचित प्रयोग भएको पाइन्छ ।

### ४.३.४.४ बिम्ब, प्रतीक र अलङ्कार

'बिम्ब' 'वि' धातुमा 'बन्' प्रत्यय लागेर बनेको हो । बिम्बलाई प्रतिमा, प्रतिबिम्ब वा प्रतीक पनि भनिन्छ । प्रस्तुतबाट अप्रस्तुतको बोध गराउनु वा प्रयुक्त शब्दका माध्यमबाट अन्यार्थको बोध गराउनु नै बिम्ब-प्रतीक विधान हो । कुनै वस्तुको लाक्षणिक अर्थ बुझाउन बिम्बको प्रयोग गरिन्छ । बिम्बले शब्द वा वस्तुको प्रतिच्छायाका रूपमा विशिष्ट अर्थको बोध गराउँछ । अर्को शब्दमा भन्ने हो भने स्रष्टा वा सर्जकका मानसपटलमा रहेका मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । प्रतीकले अभिव्यक्तिको सङ्केत भन्ने अर्थ बुझाउँछ र यो वस्तु तत्त्वको प्रतिनिधित्व गर्ने साङ्केतिक प्रयोग हो । त्यसैले संसारिक वस्तु वा जीवन, जगत्का व्यापक सन्दर्भबाट टिपिएका सामग्रीहरू नै बिम्ब हुन् (लुइँटेल र अन्य, २०५८ : पृ. ८) । कविताको भाषामा पाइने सादृश्य विधान वा अप्रस्तुत विधानलाई पनि बिम्ब नामकरण गरिएको पाइन्छ । बिम्बको प्रयोगबाट कविता सुन्दर र उदात्त बन्दछ । बिम्बकै कारणबाट अर्थमा आलङ्कारिक चमत्कार उत्पन्न हुन्छ । बिम्बले भाव सम्प्रेषण गराउने र त्यसमा अदृश्य ध्वनि तथा गति उत्पन्न गराउने दुबै काम गर्दछ । कवितामा प्रयुक्त बिम्बहरू भाव परिपोषक तत्त्वका रूपमा रहन्छन् । बिम्बहरू व्यञ्जनाधर्मी भएर कविताभरि व्यापक रूपमा रहेका हुन्छन् । कवितात्मक भाषा स्वभावोक्तिका अतिरिक्त वक्रोतिमूलक वा अतिशयोक्तिमूलक पनि हुन्छ । यसले आलङ्कारिक चमत्कृतिद्वारा कवितामा सौन्दर्य उत्पन्न गर्दछ । साथै प्रस्तुतबाट अप्रस्तुत, भएकोबाट नभएको, उपस्थितिबाट अनुपस्थित सन्दर्भ बुझाउने प्रक्रियालाई प्रतीक विधान भनिन्छ । शब्दले दिने सामान्य अर्थ भन्दा भिन्न अर्थ बुझाउने वा अभिधार्थभन्दा व्यञ्जनार्थ प्रस्तुत गर्ने सशक्त र प्रभावकारी माध्यमलाई प्रतीक भनिन्छ । थोरैमा धेरै भन्न तथा विशिष्ट र प्रभावपूर्ण अभिव्यक्ति दिन कवितामा प्रतीकको प्रयोग गरिएको हुन्छ ।

**वस्तीका स्वरहरू** मुक्तकसङ्ग्रहमा बिम्ब र प्रतीक, मिथक र अलङ्कारको प्रयोग भएको पाइन्छ । रचनामा स्तरीयता कायम गर्न, मीठास ल्याउन र व्यङ्ग्यात्मक पारामा अभिव्यक्त गर्न बिम्ब र प्रतीकको प्रयोग गरेको पाइन्छ । जस्तै :

विदेशी रगत बेचेर पनि युवाको विचल्ली

चपाई आगो चालन पर्ने विदेशी ति गल्ली । (पृ. ५७)

देशको अस्तव्यस्त परिस्थितिका कारण व्याप्त रहेको बेरोजगारीका कारण आफ्नो मातृभूमि छाडेर विदेशमा आफ्नो श्रम, सीप र क्षमता बेच्न पुगेका नेपालीहरू विदेशमा पनि विभिन्न बहानामा भौतारिइरहनु परेको र विदेशमा पनि उनीहरू कतै आफ्नै देशबाट पठाउने म्यानपावर तथा व्यक्तिको कारणले त कतै आफ्नै कारणले विदेशी भूमिमा भोकभोकै चहार्नु परिरहेको यथार्थ चित्रण मुक्तकसङ्ग्रहमा मुक्तककारले गरेका छन् ।

देखेर नेपाल हिमाल पनि मुसुक्क हाँसेको
मुनाल डाँफे नजिकै आई खुसीले नाचेको । (पृ. ८०)

को देख्छ देश पूर्वीय हावा शीतमा झुलेको
को देख्छ ठूला सुन्दरी सुरा काखमा भुलेको । (पृ. ७०)

माथि उल्लिखित मुक्तकहरूमा मुक्तककारले नेपालका विभिन्न बिम्बहरू प्रस्तुत गरी देशको प्राकृतिक छटाको वर्णन गरेका छन् । नेपाललाई चिनाउने एक प्रमुख बिम्बको रूपमा हिमाल, मुनाल तथा डाँफे जस्ता चराचुरुङ्गीहरू, सुरा र सुन्दरीको समेत वर्णन सुन्दर रूपमा प्रस्तुत गरेका छन् । यस्तै पूर्वबाट बहने हावाको समेत वर्णन गरी शितलताको बिम्ब प्रकट गर्न पुगेका छन् । यसरी यस्ता बिम्बहरूले नेपालको वर्णन गर्न पुगेका छन् ।

मोहनी लाग्ने चञ्चले तिम्रा बदामी आँखामा
तिमीले जसै लाए नी मैया झाकिन्छ गाजल । (**वस्तीका स्वरहरू**, पृ. ३१)

माथिको मुक्तकमा कविले आँखालाई मोहनी लाग्ने, चञ्चले भनी  प्रशंसा गर्दै जसरी गाजल लगाए पनि उनको सुन्दरता झल्किन्छ भनेर सुन्दरताको वर्णन गरेका छन् :

मनमा मन मिलेर जाँदा काली परी बन्ने
माधुर्य स्वर कछुवा मति डाँफे चरी बन्ने । (**वस्तीका स्वरहरू,** पृ. ७१)

फोनमा बोल्यो, उधारो बोल्यो आउँछौ कहिले ?
प्यासीमा म छु मेटिन्न प्यास पानी र मोहीले । (**वस्तीका स्वरहरू,** पृ. ७१)

उपर्लिखित मुक्तकहरूमा कविले मनमा मन मिल्दा काली परी बन्ने र माधुर्य स्वरले डाँफे चरी बन्ने उपमा दिएर तथा फोनमा बोलेर मात्र आफ्नो तृष्णा नमेटिने भएकोले जसरी पनि भेट्ने अभिलाषा राखेर प्रणय-प्रसङ्गको सुन्दर वर्णन गरेका छन् :

मेची र काली शहीद बीज छर्नेलाई सलाम
उदय भयौं हुँदैन अस्त मर्नेलाई सलाम । (**वस्तीका स्वरहरू,** पृ. ५०)

मनमा उत्पन्न साहस, निडर (निर्धक्क) भावनाको अभिव्यक्ति वीर रस भएकाले शहीदहरूलाई सलाम भन्दै मुक्तककारले त्यस्ता शहीदहरूलाई सलाम भन्दै वीरताको प्रतीकात्मक रूप प्रस्तुत गरेका छन् :

धर्ती जोत्ने खिएर कोही फाँली झैं जिन्दगी
भेट्ने कोही सन्ध्याको रूप लाली झैं जिन्दगी । (पृ. )

जहाँ उपमान (जोसँग दाँजिन्छ) र उपमेय (जसलाई दाँजिन्छ) को एउटै धर्म हुन्छ; त्यहाँ उपमा अलङ्कार हुन्छ । उपर्लिखित मुक्तकमा मान्छेको जिन्दगीलाई फाली र लालीसँग तुलना गरिएको छ । त्यसकारण यसमा उपमा अलङ्कार प्रयोग भएको छ :

पानीको थोपा परे झैं लाग्यो पसिना भिजेर
आगाको ज्वाला लागे झैं लाग्यो गर्मीले सोसेर । (पृ. ५६)

समान धर्म (गुण क्रिया रूपले) वाला उपमान र उपमेयको जहाँ बिम्ब-प्रतिबिम्भ भाव हुन्छ; त्यहाँ दृष्टान्त अलङ्कार हुन्छ । उपर्लिखित गजलमा नराम्रो कामको परिणती अत्यन्त कठोर हुन्छ । कठोरताको प्रतीक आगाको ज्वाला मानिएले यो दृष्टान्त अलङ्कार बन्न पुगेको छ :

नेपाल जस्तो सोचेको पुग्ने अरू देश कहीँ छ ?
नेपालीपन नेपाली मन जहाँको त्यहीँ छ
स्वर्गको भूमि देशमा हाम्रो नेपालको अनिकाल
नेपाललाई बन्धगी राख्ने यो कति सही छ ? (पृ. ७२)

शब्दहरूको योजनाबाट अथवा शब्दमा आश्रित हुने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । यी अलङ्कारले शब्दको आधारमा काव्य वा साहित्यको शोभा बढाउँदछ । एउटा शब्दको बदला त्यही अर्थ दिने अर्को शब्द राख्ने बित्तिकै अलङ्कार नष्ट हुने हुनाले उपर्लिखित मुक्तकमा अरूदेश कहाँ छ, यो कति सही छ जस्ता प्रश्नालङ्कारहरूको प्रयोग गरेर मुक्तककारले मीठास र मधुरता प्रदान गरेका छन् :

नेपाली हामी नरहे देश **बाँचेर** के भयो

दुखाई राष्ट्र समस्तजन **हाँसेर** के भयो

जाँगर सीप पर्ने नै भो स्वराष्ट्र खातिर

नेपाली भनी नेपाली नाता **गाँसेर** के भयो ? (पृ. २२)

काफिया भनेको अनुप्रासीय तुकान्त हो । काफियालाई अन्त्यानुप्रास, मध्य पङ्क्तिय अनुप्रास, उपान्त्यअनुप्रास, पूर्वान्त्यानुप्रास पनि भनिएको पाइन्छ (बराल, २०६४ : पृ. ३०) । उपर्लिखित मुक्तकमा बाँचेर, हाँसेर, गाँसेर यहाँ काला अक्षरमा लेखिएका शब्दहरूलाई मध्य पङ्क्तिय अनुप्रास काफियाको रूपमा प्रयोग गरिएको छ ।

भुकम्प आयो पहिरो **गयो** बस्ती **भो** बगर

मुटु नै लग्यो रमाइ आइ भीर **बन्यो** रहर । (पृ. ६७)

काफियाको अघिपछि रहेका सेरमा दोहोरिएर समानार्थी शब्दलाई रदिफ भनिन्छ । माथिको मुक्तकमा यहाँ काला अक्षरमा लेखिएका गयो, भो र बन्यो शब्दहरू रदिफको रूपमा प्रयोग भएका छन् । यस्ता शब्दहरूले गजललाई लयात्मक र श्रुतिमधुर बनाएको छ ।

#### ४.३.४.५ निष्कर्ष

प्रस्तुत मुक्तकसङ्ग्रहमा उल्लिखित मुक्तकहरूमा प्रारम्भिक चेष्टा झैँ विषयको सामान्य उद्‌घोषणा मात्र गरिएको छ । दोस्रो पङ्क्तिमा प्रयुक्त धनुषबाण शब्दले पहिलेको लक्ष्यभन्दा कृतिले बोकेको विचार केही फराकिलो बनाइएको छ भने तेस्रो पङ्क्तिमा अझ बिस्तारित भएको छ । झ्वाट्ट तथ्यको विचार केन्द्रलाई ज्यादै सङ्क्षिप्त र तीक्ष्ण रूपमा बोकेर चौथो पङ्क्ति नै मूलमर्मको रूपमा प्रस्तुत भएकाले मुक्तक पढ्‌दा संयोग, वियोग, राजनीति, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, प्रणय चेतना आदि पाउन सकिन्छ यसर्थ कविको कथनप्रति सहमत हुन सकिन्छ ।

समग्रमा भन्नु पर्दा **बस्तीका स्वरहरू** मुक्तकसङ्ग्रह ओजपूर्ण छ । सबैले बुझ्न सकिने गरी लेखिएको हुँदा पढाइमा रोचकता, स्पष्टता, सरलता पाउन सकिन्छ । समसामयिक घटनाक्रमलाई केलाउँदा सङ्ग्रह सक्षम छ । मुक्तकको क्षेत्रलाई बढाउन यो सङ्ग्रह थप एक खुड्किलो मान्न सकिन्छ । यसले भावी पिँढीलाई यस विधाप्रति अभिरुचि पैदा हुने वातावरण सिर्जना गरेको छ । सत्तामा बसेका मान्छेबाट चालिएको नीतिलाई अस्वीकार गर्दै आम जनतालाई सचेत तुल्याउने काम यसले गरेको छ । भावी दिनमा आउन सक्ने खतरा तथा समसामयिक क्रान्तिचेतको विकास गराएको छ । समयको महत्त्वलाई आत्मसात् गर्न सजग बनाएको छ । मुक्तक पढ्‌दा संयोग-वियोग, राजनीतिक, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, प्रणय चेतना आदि पाउन सकिन्छ भने गणेश शर्मा पौडेलको कथनप्रति सहमत हुन सकिन्छ ।

### ४.३.५ 'विचारको खडेरी' ताङ्कासङ्ग्रहको अध्ययन

ताङ्काकार गणेश शर्मा पौडेलको विचारको खडेरी छैटौँ कृतिको रूपमा रहेको छ । साहित्यका विविध पाटाहरूमा कलम चलाएका शर्माले साहित्य जगत्‌लाई थप मजबुत बनाउन ताङ्कासङ्ग्रह **विचारको खडेरी** हामी माझ पस्कनु भएको छ । २०७३ मंसिरमा सार्वजनिक भएको यस कृतिको बाह्यावरणमा खैरो, कालो, पहेँलो, छिर्के-मिर्के रङ्गद्वारा सुसज्जित पृष्ठभूमिमा खडेरी परेर टाट पल्टिरहेको खेतबारी देखिन्छ । यसबाट नेपाली जनजीवनमा फरकपन, मानवीयता हराएको, सोचविचार नभएको, मान्छेले मान्छेलाई गौण रूपमा लिने र आफ्नै मात्र सोच्नेजस्ता आशय झल्काउन खोजिएको छ र शीर्षकलाई सार्थक बनाउन चाहिएको छ ।

४.३.५.१ **संरचना**

त्रिवेणी साहित्य परिषद्, नवलपरासीको प्रकाशन र क्वालिटी प्रेसबाट मुद्रित **विचारको खडेरी** ताङ्कासङ्ग्रह कवि गणेश शर्मा पौडेलको मझौलो स्वरूपको कृति हो जसमा जम्माजम्मी ७४ पृष्ठहरू रहेका छन् । यसको पूर्व भागमा कविले आफ्नी ममतामयी आमाप्रति समर्पण भाव व्यक्त गरेका छन् भने त्यसपछि *स्रष्टालाई हार्दिक शुभकामना* शीर्षकको समीक्षक प्रा.डा. नारायणप्रसाद खनालको भूमिका राखिएको छ । त्यसपछि *प्रकाशकीयका शुभकामना तथा प्रगतिका मन्तव्य* राखिएका छन् । त्यसपछि भने आफ्नो *कलमी कथन* शीर्षकमा लेखक स्वयम्ले नै प्रस्तुत कृतिको सन्दर्भसहितको मन्तव्य राखेका छन् ।

(**क**) **बाह्य संरचना**

यो कृति विभिन्न विषयवस्तुहरूलाई समायोजन गरी लेखिएको ताङ्कासङ्ग्रह हो । बाह्य संरचनाको पछिल्लो भागमा रचनाकारको फोटोसहित परिचय, उनका प्रकाशित कृति, उनका अनुभव र उनले प्राप्त गरेका सम्मान जस्ता कुराहरू राखिएको हुँदा बाह्य संरचना सबल र राम्रो देखिन्छ ।

(**ख**) **आन्तरिक संरचना**

थोरै शब्दबाट पनि अधिकतम अर्थाभिव्यक्ति प्रदान गर्ने सूत्रात्मक अभिव्यक्तिको कुशलता नै ताङ्का-हाइकु रचनाको तात्पर्य हो (खनाल, २०७० : १) । गणेश शर्मा पौडेलको ३१ अक्षरीय संरचनामा नियमको पूर्ण पालना भएको छैन । समग्रमा भन्नुपर्दा ताङ्का ३१ अक्षरीय संरचनामा संरचित रहेको छ । जस्तै :

इन्द्रणी रङ्ग
जडेर पोलिएका
पाखा पखेर
चन्द्रमा पुग्न खोज्नेहरू
आम्दम्य इच्छा बोकी । (हाइकु नं. १८०, पृ. ६०)

ताङ्कामा प्रेम नै प्रमुख विषय बनेको हुन्छ । त्यो प्रकृतिप्रेम होस्, चाहे देशप्रेम होस्, चाहे भातृप्रेम होस्, चाहे युवाप्रेम होस् । कवि वासोले प्रकृतिप्रेमलाई नै प्रेम मानेका छन् ।

विविध विषयमा हृदयस्पर्शी अभिव्यक्ति दिन सिपालु गणेश शर्माका ताङ्काहरूमा जीवन-जगत्कै चित्रण, प्रकृति, संस्कृति, धर्म, दर्शन, सामाजिक रितीस्थिति र विज्ञान आदि विभिन्न क्षेत्रका बिम्ब र प्रतीकको सहाराले समाज र राजनीतिक जनजीवनको विराट चित्र कोरिएको पाइन्छ साथै मुलुकमा विद्यमान विसङ्गति, विकृति र अराजकता, अशान्ति, अन्याय जस्ता दुष्प्रवृत्ति र विडम्बनापूर्ण स्थितिप्रति व्यङ्ग्यको झटारो हानेको पनि पाइन्छ । जस्तै :

कलियुगमा
सत्यवादीको गीता
अग्निमा बले
राधा मिनिस्कर्टमा
कृष्ण भट्टीमा पसे । (ताङ्का ५४, पृ. १८)

तस्करी जन
रहस्य गर्भभित्र
ईश्वर शक्ति
मुटुमा छुरा धस्छ
मुखमा रामै जप्छ । (ताङ्का १४३, पृ. ४८)

अन्तमा यस सङ्ग्रहभित्रका ताङ्काहरूले राष्ट्रप्रेम र राज्यको बिग्रँदो स्थितिप्रतिको चिन्ता, परिवर्तित समाज निर्माणको चाहनाका साथै प्रगतिशील, राजनीतिक सुधारका सूक्ष्म गन्धजस्ता पक्षहरूलाई शीर्षकबिना नै संयोजन गरी लयात्मक रन्कोसँग अन्तर्भाव मिलाइएकाले आन्तरिक संरचनाका दृष्टिले पनि कृति पठनीय छ ।

### ४.३.५.२ **भावविधान**

ताङ्कासङ्ग्रह जापानको पुरानो साहित्यिक काव्य हो । ३१ अक्षरीय शैलीमा लेखिएको सङ्ग्रह सम्भवतः कविताको छोटो रूपमा लिने गरेको पाइन्छ । कम शब्दमा धेरै भावको अभिव्यक्ति गर्ने प्रमुख विशेषता ताङ्कामा रहेको पाइन्छ । गणेश शर्माको ताङ्कासङ्ग्रह पनि जापानी ढाँचामै रचिएको पाइन्छ । कहीँ-कतै कम-वेसी हुनु कविको आफ्नो शैली हो । शर्माको ताङ्का कवितामा उपमा, रूपक वा दृष्टान्त, अर्थान्तरन्यास, निदर्शना र विभावना अलङ्कारको उपस्थिति आवश्यक रूपमा प्रयोग भएको पाइन्छ । मौसमको मनमोहकता, भावगाम्भीर्य,

अर्थगाम्भीर्य, अनुभाव, विभावादिहरूको सुन्दर संयोजन र रसमयता एवम् प्रेम, वासना र उदासीनता जस्ता कुरा अभिव्यञ्जित हुन सकेका छन् भने ती कविताको स्तर उच्च, अत्युच्च छ भन्ने मान्न सकिन्छ (खनाल, २०७० : १) ।

प्रस्तुत ताङ्कासङ्ग्रहलाई अत्यन्त सुन्दर नाम दिएको प्रमुख भाव पनि यसै सङ्ग्रहमा रहेको एक कविताको चरणबाट :

वसन्त बेला
वन अनि वगानै ढाक
विश्वास भयो भरिलो
विचारको खडेरी छ
खोल इन्द्रियको द्वार । (ताङ्का १३२, पृ. ४४)

वर्तमान कालको मान्छे आफूलाई सर्वज्ञ ठान्ने तर विचारको पौल छैन, खडेरी नै खडेरी छ । चाहे राजनीतिक क्षेत्रमा होस्, चाहे शैक्षिक-बौद्धिक जगत्मा त्यसैले यस ताङ्कासङ्ग्रहको मूलभाव विधान पनि यही श्लोकबाट उठान गरिएको पाइन्छ । यस ताङ्कासङ्ग्रहको उपयुक्त शीर्षक भेटिएको र यसभित्रका ताङ्काहरूमा सौन्दर्य सल्बलाएको प्रशस्त देख्न पाइन्छ । प्रश्नोत्तर शैलीको मनमोहक एक ताङ्का :

के खोज्नु भो
फूलको बगैंचामा ?
असत्य तिम्रो तस्विर मुहारको
लुक्यो गलैंचामा । (हाइकु १२९, पृ. ४३)

यस ताङ्कामा सौन्दर्य सल्बलाएको छ । अन्त्यानुप्रास र अलङ्कारका साथै प्रश्नोत्तरको भाव गाम्भीर्य नपाइने भन्ने छैन अतः ताङ्काकार कवि गणेश शर्मा पौडेलका कविता (ताङ्का) मा ज्वलन्त सम्भावनाका स्पन्दन लुकेका छन् ।

शर्माका सबै कृतिहरूमा सौन्दर्यको महत्त्व, लाक्षणिक भाव, बिम्ब प्रदान रहेजस्तै यस ताङ्कामा पनि व्यङ्ग्यात्मक भाव, प्रतीक बिम्बहरूको कुशल समायोजन भएको पाइन्छ । मानवीयता हराएको समाजको उजागरण गर्ने सङ्ग्रहको रूपमा यो देखापरेको छ । देशमा गम्भीर समस्या पैदा भएको, जीवनयापनमा जटिलता आएको, स्वार्थी, अशान्ति आएको,

राष्ट्रियता र प्रजातन्त्रका कुरामात्र, विकासका नाउँमा सिन्को नभाँचिएको विषयतर्फ ध्यानाकर्षण गराउँदै समाधानको बाटो खोज्न सबैलाई आह्वान गरिएको छ ।

### ४.३.५.३ **लयविधान**

गणेश शर्मा पौडेलको यस ताङ्कासङ्ग्रह लयविधानका दृष्टिले पनि उत्तम नै रहेको पाइन्छ । विविध विषयवस्तुहरूलाई अलङ्कार, बिम्ब र प्रतीकले सुसज्जित गरी रस, रागयुक्त लघुकाव्यको रूप दिइएको पाइन्छ । त्यसकारण पनि लयविधानका दृष्टिले ताङ्कासङ्ग्रह उच्च नै रहेको पाइन्छ ।

### ४.३.५.४ **निष्कर्ष**

गणेश शर्मा पौडेलको पुस्तकाकार कृतिहरूमध्ये २०७३ साल मंसिरमा प्रकाशित **विचारको खडेरी** ताङ्कासङ्ग्रह छैटौँ कृतिका रूपमा रहेको छ । यसमा सामान्य जनजीवनदेखि प्रविधि युगसम्म, गाउँघरदेखि सहर-बजारसम्मका समग्र विसङ्गतिहरूलाई चित्रित विषयवस्तु पाइन्छन् । समुदायमा घटित विकृति, विसङ्गतिलाई टिपेर चिरफार गर्ने स्रष्टाको ध्येय भए तापनि राजनैतिक मनोविज्ञानको छापले गर्दा राजनैतिक परिवेशका विकृतिलाई औंल्याउन उनी उद्धत रहेका छन् । विशेषतः गैरजिम्मेवारीपन, दुराचार, आर्थिक विषमता, मनपरीपन, गरिबी आदि प्रसङ्गहरूका चर्चा गर्दै ती समस्याको चुरो खोतली समाधानार्थ नागरिक समाजले खेल्नुपर्ने उत्तरदायी र रचनात्मक भूमिकाको समेत उल्लेख भएका विषयवस्तु यसमा पाइन्छन् । प्रकृतिप्रेम, माया-पिरतीका कुराहरू पनि यस सङ्ग्रहमा भेट्न सकिन्छ । भाषाशैली र लयविधानमा केही अलङ्कार, बिम्ब, प्रतीकको शिल्प सजावटले कृतिको संरचनालाई बढोत्तरी र सबलता प्रदान गरेको पाइन्छ भने विषयले भावलाई उजिल्याएको देखिन्छ । कृति सरल, सहज भएकाले पाठकहरूलाई पनि बोधगम्य देखिन्छ । स्रष्टाको निरन्तर र आभ्यासिक गतिले प्रस्तुत कृति ठिक छ भन्न सकिन्छ ।

### ४.३.६ 'मधुसत्य' कवितासङ्ग्रहको अध्ययन

#### ४.३.६.१ शीर्षक

मधुको अर्थ धेरै हुनसक्छन् तापनि यहाँ पोसिलो, गुनिलो, स्वादिलो, हितकारी औषधवस्तु 'मह' ले सार्थकता पाएको छ । सत्य शाश्वत हुन्छ, शिवम् र सुन्दरम् पनि । गहन अर्थबोधक, युग्म-शब्द 'मधुसत्य' मा समाविष्ट सबै कविताहरू महुवाको फूलको स्वादका, च्युरी, रुधिलो, तोरी, असुरो, धायरो आदि अनेकानेक वानस्पत्य फूलको स्वादका मह भएका छन् (खनाल, २०७३ : ज) ।

२०७३ साल मंसिर २८ गते सार्वजनकि भएको साहित्यकार गणेश शर्माको सातौं कृति हो **मधुसत्य** । बहुअर्थ दिने कृतिको नामले धेरैलाई प्रभावित बनाएको पाइन्छ । जहाँ मधु छ त्यहाँ सत्य छ । सत्य र सुन्दरको अनुपम योग जस्तो सत्य पनि एक सुन्दर पनि (आमोदी, २०७३ : ञ) ।

सरसर्ती हेर्दा **मधुसत्य** कवितासङ्ग्रह सार्थक रहेको देखिन्छ । शीर्षकले विविध अर्थ लगाए पनि विषयवस्तुले समयसापेक्ष सन्दर्भहरूलाई चित्रण गरेको छ । समकालीन समाजका बेथिति, विकृति र विसङ्गतिप्रति वाक्क-दिक्क भएको भाव प्रकट गरेको छ भने आध्यात्मिक चिन्तन, धार्मिक तीर्थहरूको महिमा, स्वधर्म, सांस्कृतिक मोह, राष्ट्र निर्माणप्रतिको चासो, गाउँ, पहाड, कवि, मनीषीहरूमा श्रद्धाभावका साथै समुन्नत मुलुक देख्ने विषयवस्तुहरू छनोट गरी शीर्षक चयन भएकोले यो औचित्यपूर्ण ठहर्छ ।

#### ४.३.६.२ संरचना

बाह्य संरचनाका दृष्टिले **मधुसत्य**लाई झट्ट हेर्दा ६६ पृष्ठमा ६६ वटा कविताहरूको माला उनिएको मध्यमाकारको कृतिका रूपमा देखिन्छ । सेतो, नीलो, वैजनी रङ्गको पृष्ठभूमिमा पातबाट मह झरेर मुखमा परेको, सबैभन्दा माथि कृतिको शीर्षक *मधुसत्य* लेखिएको बाह्यावरण सुसज्जित छ भने पश्चावरणमा लेखकको फोटोसहित सङ्क्षिप्त परिचय, प्रकाशित कृतिहरूको सूचीका साथै सम्मान, रुचि, संलग्नता रहेका संस्थाहरूको नाम राखिएको देखिन्छ ।

२०७३ साल मंसिर २८ गते चितवन साहित्य परिषद्, चितवनबाट ५०१ प्रति प्रकाशित भएको यो कृति क्वालिटी प्रेस (छापाखाना) बाट मुद्रण भएको देखिन्छ । कृतिको अग्रभागमा

लेखकले आफ्ना स्व. हजुरबुबा (मामली) भवानीप्रसाद लम्सालको स्मृतिमा *सादर समर्पण* व्यक्त गरेका छन् । त्यसपछि *प्रकाशकीय,* त्यसपछि *अथक साहित्य साधक गणेश शर्मा र मधुसत्य : एक चर्चा* शीर्षकमा केशवराज आमोदीको भनाइ राखिएको छ । त्यसपछि विषयसूची र कविको *स्वयम् हृदयको आवाज* शीर्षकको लेख राखिएका छन् । कृतिभित्र समाविष्ट लेखहरू हेर्दा *समकालीन राजनैतिक परिवेश, भ्रष्टाचार, पूँजी, सपना बुनौं, सिर्जनापार्क, गरिबी बह, नेताको अर्थ* जस्ता विविध सन्दर्भका शीर्षकहरू देखिन्छन् । सन्देशमूलक विषय प्रतिपादन गरेको छ । संरचनाका दृष्टिले कृति कमजोर देखिँदैन ।

### ४.३.६.३ **विषयवस्तु**

प्रस्तुत कृति आकारका दृष्टिले मझौला आकारको साहित्यिक कृति भए पनि ६६ वटा शीर्षक र तदनुसारका भावहरू उद्घाटनमा सफल हुनु यसको प्रमुख पक्ष मानिन्छ । शर्माको **मधुसत्य**मा पनि विभिन्न विषयका कविताहरू परेका छन् :

तिमीमा थियो साहस ठूलो
स्वर्गपुरी नरहोस् धुलो
नेपाली रहुन् कुनाकुना जहाँ
शहीदलाई मान्छौ देवता त्यहाँ । (*शहीद प्यारो,* पृ. २१)

राष्ट्रियताको खोजी, गरीबको पीडाबोध, शहीदको गाथा, तीर्थको महिमा, सेवाको महत्व, मातापिताको महिमा, कविको गुणगान आदि विषयले यो कृति भरिएको पाइन्छ भने कतै उपदेश देखिन्छ भने कतै मानवताको ख्याल समेत सङ्गृहीत रहेका छन् । जस्तै :

मनुष्यतामा असल गीताको सार
आफैमा पाइने ईश्वरको आकार
दृश्य कि अदृश्य चिन्मय शक्ति
हरदम गर्नुछ उनैको भक्ति । (*मनुष्य धौता,* पृ. ८)

नेपालको वर्तमानको अवस्थाबाट कोही पनि सन्तुष्ट छैनन् । एक किसिमको निराशा वा व्यग्रता हरेक सचेत नागरिकको मनमा छ । कवि शर्मामा पनि त्यो चिन्ता देखिन्छ । जस्तै :

यो देश बगान मगमग कस्तो
माया नहुँदा फूल रुन्छ जस्तो
अखण्डमा किन खण्डको प्रवेश
यस्तै रहेछ नयाँ नेपाल देश । (*नयाँ नेपाल,* पृ. ६)

कविको वर्णन शैली सरल र सहज छ । घुमाउरोपना धेरै छैन तर कतै-कतै नयाँ बिम्ब र बक्रोक्तिले कवितालाई अझै चमक थपेको छ । जस्तै :

खिर्राको बोट सल्लो कहाँ बन्छ
संसार सारा डल्लो कहाँ बन्छ
पिरले कुट्कुट् मुटु यो दुख्छ
सरस यो प्रेम खल्लो कहाँ हुन्छ । (*उज्यालो हेर्दा,* पृ. १६)

यसैगरी *प्राकृतिक उपचार, त्यागेर नजाऊ, चुनावी सूत्र, गरिबी बह, प्यासीको प्यास, सेवक, मवाद, धर्ती बनोस् कवितामय* जस्ता विषयहरू पनि समावेश भएको यो कृति विषयवस्तुका दृष्टिले उत्तम छ । साहित्यिक मूल्य र मान्यताका हिसाबले पनि यो कृति सराहनीय नै देखिन्छ ।

### ४.३.६.४ भावविधान

**मधुसत्य** कवितासङ्ग्रहभित्र शर्माले आजको समाजका विकृति र विसङ्गतिको भण्डाफोर गरी राम्रो समाजको स्थापनाका निम्ति आफ्ना धारणा अघि सारेका छन् । कृतिका सम्पूर्ण कविताहरू उपयोगी हुनुका साथै समग्रमा सुन्दर नेपाल निर्माण गर्नका लागि सबैलाई आह्वान पनि गरेका छन् । कविताका बान्कीहरू मिल्नुका साथै नियमित र शृङ्खलाबद्ध बन्न सक्नुको कारण कविमा निहित सैद्धान्तिक चेत एवम् व्यक्तित्वको अभ्यासमा निरन्तरता हुनु नै हो ।

समसामयिक विषय, सन्दर्भ, राजनीतिक अस्तव्यस्तता, दलगत स्वार्थ हुनु, वैदेशिक हस्तक्षेप, लोकतन्त्र र स्वास्थ्यमा खेलवाडजस्ता कुराहरू र देशमा गम्भीर समस्या पैदा भएको

यथार्थता **मधुसत्य**मा देखिन्छ । सर्वसाधारणको जीवनयापनमा नै जटिलता आएको, राष्ट्रियता नै खतरामा परेको विषयतर्फ ध्यानाकर्षण गराउँदै तीर्थस्थलको महिमा, पर्यटक कर्म नै पूजा हो भन्दै सबैलाई जागरुक हुने प्रवृत्तिगत भावविधान यसमा पाइन्छ ।

### ४.३.६.५ भाषाशैली

**मधुसत्य** कवितासङ्ग्रह पनि शर्माको एक उत्कृष्ट रत्नको रूपमा रहेको छ । गणेश शर्मा मस्तिष्कले भन्दा हृदयले कविता सिर्जना गर्ने सरल, हृदयी व्यक्तित्व हुनुहुन्छ (आमोदी, २०७३ : ट) सहज वाक्य गठन भए तापनि कविताहरू पढ्दै जाँदा कहीँकतै भाषागत विचलन र आगन्तुक शब्दहरूको प्रयोग देखिन्छ । कवितामा वर्ण योजनास्तरमा अन्त्यानुप्रासको प्रयोगले सुनमा सुगन्ध थपेको छ । भाषा पद्यशैलीमा सर्रर बगेको हुनाले आकर्षक नै देखिन्छ ।

### ४.३.६.६ जीवनदृष्टि

समकालीन समाजका विद्यमान राजनीतिक अस्तव्यस्तता, आर्थिक/प्रशासनिक विसङ्गतिप्रति पूर्णतः असन्तुष्टि प्रकट गर्दै नयाँ नेपाल, समृद्ध समाज राष्ट्रियता सार्वभौमिकता र लोकतन्त्रलाई सबल र सुदृढ पार्नका लागि प्रत्येक नागरिक र शासकवर्गलाई सचेत गराई सल्लाह, सुझाउ र मार्गनिर्देशन गर्नु नै यस कृतिको जीवनदृष्टि देखिन्छ ।

### ४.३.६.७ लयविधान

चार हरफे मात्रिक र अर्धमात्रिक सिर्जनाहरू र कतै झ्याउरे गीतिलयात्मक कविताले सु-सज्जित कृतिलाई अन्त्यानुप्रासको प्रयोगले अझ रोचक बनाएको पाइन्छ । **मधुसत्य** कवितासङ्ग्रहमा विविध विषय, लय र बान्कीका चारहरफे मात्रिक, अर्धमात्रिक छन्दका सरल, सहज, सम्प्रेष्य कविताका माध्यमबाट मानवीय जिजीविषाको उद्घाटन भएको छ (खनाल, २०७३ : ज) । पुगनपुग ६६ वटा शीर्षकमा विविध छन्द, लय, अनुप्रासको प्रयोग यस कृतिको लयविधानमा पाइन्छ । जस्तै :

सलल बग्ने समुद्र हेर पानीलाई बिर्सन्न
परेवा-माया दिनेछु सदा सानीलाई बिर्सन्न । (*दोहोरी कविता,* पृ. ६४)

जो कसैले सहज रूपमै लय मिलाएर गाउन सक्ने यस लय वा छन्दलाई शुद्ध नेपाली छन्दलाई झ्याउरे लय भनिन्छ । वार्णिक छन्दमा जस्तो यति, गति वा गण विचार गर्नु पर्दैन तापनि बहुप्रचलित झ्याउरे छन्द चाहिँ मुख्य गरी अन्त्यानुप्रासको निर्वाहद्वारा लयात्मकतामा बढी जोड दिइन्छ । उपर्लिखित कवितामा पनि, लाई, बिर्सन्न शब्दलाई अन्त्यानुप्रासको रूपमा प्रयोग गरी कविले गेयात्मक र सुन्दर बनाएका छन् ।

**मधुसत्य** कवितासङ्ग्रहमा अन्त्यानुप्रासको प्रयोग सबैजसो कविताहरूमा पाइन्छ । केही कविताहरू जस्तै :

पहाडी काख सुन्दर जान
प्रकृतिका धनी अमृत मुहान
बहन्छ पानी ओरालो पाई
जन्मेको थलो नै सुन्दर मलाई (*गाउँ पहाड,* पृ. ३२)

कविता वा मुक्तकहरूका चरण (पाउ) को अन्त्यमा समान वर्ण (अक्षरहहरू) दोहोरिन्छन्, त्यहाँ अन्त्यानुप्रास अलङ्कार हुन्छ । माथि उल्लिखित कवितामा पनि जान र मुहान तथा पाई र मलाई अन्त्यमा आई मिठास थपेको हुनाले अन्त्यानुप्रास शैलीको प्रकटीकरण भएको छ ।

### ४.३.६.८ छन्द, रस र अलङ्कार

**(क) छन्द**

प्रस्तुत कृतिमा अर्धमात्रिक, वर्णमात्रिक, झ्याउरे छन्दका कविताहरू रहेका छन् । केही छन्दगत कविताहरूमध्ये शालिनी छन्दमा रचिएको एउटा श्लोक :

बिर्से मेरा दौंतरी देह दुख्छ
बोली मात्रै देऊ यो चित्त बुझ्छ
मायाको झैँ ताज कैलास छायाँ
खोजी खोजी हिँड्छु तिम्रै छ माया । (*दामलीहरू,* पृ. ६१)

अनुष्टुप छन्दको एउटा कवितांश :

घुमिफिरी यहाँ राज्य ऋतुराजले,
चहारी गुँडमा फिर्छ गौथली घर काजले । (*गौथली चरी,* पृ. ५६)

(ख) **रस**

प्रस्तुत कवितासङ्ग्रह **मधुसत्य**मा केही रसाभिव्यक्तिभावहरू पनि पाइन्छन् । जस्तै :

सन्तका गुण र ज्ञान फिजारी
दृष्टका कुमतिलाई सुधारी
देवघाट रस अमृत घोली
स्वार्थ त्याग सबैले जय बोली । (*जयवाणी,* पृ. ४८)

शान्ति वा सम्यक स्थायी भाव हुने रस नै शान्त रस हो । यस रसमा कुनै लोभलालच नहुनु, दुःख र सुखलाई समान रूपले हेर्ने, समता भाव हुनु आदि यसका मुख्य कारण भएकाले माथि उल्लिखित कवितामा सन्तको गुण र ज्ञान, दुष्टको कुमतिलाई अमृत रस घोलेर स्वार्थ त्यागी सबैको जय बोलौँ भन्ने समभाव प्रकट भएको छ ।

यौवन फक्रेको छातीमा खास
हुन्हुनायो चर्को प्रेमको बतास
बसन्ती वेला ओठमा ल्याऊ
बैंसको खुसी त्यागेर नजाऊ । (*त्यागेर नजाऊ,* पृ. १३)

प्रेमी-प्रेमीका बीच मिलन र बिछोड हुँदा हुने विभिन्न प्रतिक्रिया अनि व्यभिचारी भावको सहायताले उत्पन्न हुने स्थायी भाव रति वा प्रीति नै श्रृङ्गार रस हो । माथि उल्लिखित कवितामा यौवन फक्रेको छाती, प्रेमको बतास, बसन्ती बेला ओठ र बैंसको खुसी शृङ्गार रसको रूपमा उपस्थित भएको छ ।

युगका पुरुष राष्ट्रका नायक
वाटिका माली आदर्श लायक
शहीद दिवसमा सलाम गर्छौं
सालिकमा तिम्रो माला भर्छौं । (*शहीद प्यारो,* पृ. २१)

युद्ध, दान, धर्मसम्बन्धी कार्य आदिमा विशेष उत्साह सक्रियतापूर्वक कार्य गर्दा वीररसको उत्पत्ति हुन्छ यसैले उपर्लिखित कवितामा देशको आन, वान र शानको लागि आफ्नो ज्यानको

आहुति दिने सहिदहरूको वीरताको कदर गर्दै कवि आफू उनीहरूलाई सहिद दिवसको दिन उनीहरूको सम्मानमा सलाम गर्दै उनीहरूको सालिकमा माला पहिऱ्याउन पुग्दछन् ।

**(ग) अलङ्कार**

कविले आफ्ना कविताहरूमा वीर, करुण, शृङ्गार आदि विभिन्न रसहरूको प्रयोग गर्नुका साथै कविताको शोभा बढाउनका लागि विभिन्न अलङ्कारहरूको प्रयोग गरेका छन् :

रविको प्यार हिउँको टलटल
प्राकृत गान जलको कलकल
फक्रेन वृक्ष अस्तायो वसन्त
मधु छैन माहुरी मुख सञ्चित । (*हिमाल,* पृ. ५२) ।

माथि प्रस्तुत गरिएको कवितामा रविको प्यारलाई उपमेय र हिउँको टलटल, प्राकृत गान लाई उपमेय र जलको कलकललाई उपमान, नफक्रेको वृक्षलाई उपमेय र अस्ताएको वसन्तलाई उपमान तथा मधुलाई उपमेय नभए पनि माहुरीको मुखलाई उपमानको रूपमा प्रस्तुत गरी दुई भिन्न पदार्थहरूलाई सामुन्नेमा ल्याएर तिनीहरूबीच सादृश्य देखाइएकोले उपमा अलङ्कार बन्न पुगेको छ ।

अमृत घोलमा विषादी सारी
राष्ट्रको बिनाश; अचार मारी
सहकार्य यात्रा कसरी चाल्नु
हृदयको खिल कसरी खोल्नु । (*प्राप्ति के हो,* पृ. १४)

माथि प्रस्तुत गरिएको कवितामा अमृतमा विषादी सार्नु, राष्ट्रको विनाशमा अचार मार्नु जस्ता एक-आपसमा विरोध (विपरीत) जनाइएकोले विरोधाभास अलङ्कार बन्न पुगेको छ ।

### ४.३.६.९ बिम्ब र प्रतीक

गणेश शर्मा पौडेलको प्रस्तुत कृतिमा बिम्ब र प्रतीकको पनि प्रयोग भएको पाइन्छ साथै बिम्ब र प्रतीकको प्रयोगले कृतिमा मीठासपन ल्याएको छ ।

**(क) बिम्ब**

स्पर्श बिम्ब :

तुषारो झर्दछ ठण्डी लिएर

आशा हराउँछ अँध्यारो दिएर

मलिनो प्रकाशमा बस्दछ रोई

सूर्य अस्ताए हेर त कोही । (*गरिबी बह,* पृ. १०)

'तुषारो' ले चिसो तथा ठण्डीको महसुस गराउने, र 'आशा' ले अँध्यारोको विपरीत जनाउने भएकाले स्पर्श बिम्बका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस कवितांशमा प्रयोग गरिएका ठण्डी, अँध्यारो, मलिनो प्रकाश र सूर्य अस्ताउनु जस्ता पदावलीहरू गरिवी तथा दरिद्रताको अवस्था बुझाउन प्रयोग गरिएका बिम्बहरू हुन् ।

दुध दही घिउ खान्की खाजा नै

झर्लङ्ग सम्झिदा सम्झिने उनै

सबै तिम्रा ऊर्जा पिउँदा पनि

अमृतै हुन्थ्यो चुहुँदा पनि । (*आमा,* पृ. ३३)

'दुध, दही, घिउ' को सम्झनाले खाजा तथा खानाको रूपमा प्रस्तुत भई सोबाट प्राप्त हुने अमृत रूपी आस्वादलाई बिम्बको रूपमा प्रस्तुत गरिएको छ । यस कवितांशमा प्रयोग गरिएका खानाहरूको सम्झनाले मात्र पनि स्वादको झल्को दिने भएकाले यसले सन्तुष्टिको भाव बुझाउन प्रयोग गरिएका बिम्बहरू हुन् ।

**(ख) प्रतीक**

संसार जित्ने तागत यो निर्माणमा रोपौं

डाँडा पाखा पखेरामा देशको माया खोपौं

साँचो माया मुटुभरि साँच्ने हामी वीर

हिमाल झैं उच्च पारौं नेपालको शीर । (*हिमाल,* पृ. ५२)

स्रष्टा वा सर्जकका मानसपटलमा रहेका मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिने हुनाले माथि प्रस्तुत कवितांशमा संसार जित्ने ताकत विरताको प्रतीकको रूपमा आएको छ । जसले नेपालीको शीर हिमाल झैँ उच्च पार्न सक्षम रहेको कुरालाई प्रष्ट्याएको छ ।

सिर्जनामय हुन् नारी सधै नै फक्रिने उनी

करुणामय हुन् नारी सदैव पग्लिने उनी

ऊर्जाकी स्रोत हुन् नारी कहिल्यै थाक्दिनन् उनी

वीरङ्गना अहो ! नारी कहिल्यै भाग्दिनन् उनी । (*नारी,* पृ. ४९)

कवितांशमा प्रयोग भएका सिर्जनामय, करुणामय, ऊर्जाकी स्रोत र वीरङ्गना जस्ता प्रतीकात्मक पदावलीहरूले नारीको सौन्दर्य र नारीहरूको गुणको बखानसँग सम्बन्धित छन् । यस्ता नारीहरू सधैँ उन्नतिको शिखरतर्फ बढिरहने र सबैलाई अगाडि बढ्न प्रेरणा प्रदान गर्न सक्ने तथा परिआएको खण्डमा जस्तोसुकै परिस्थितिसँग पनि जुध्न सक्ने हुन्छन् भन्ने कुरा प्रतीकात्मक रूपमा वर्णन गरिएको छ ।

### ४.३.६.१० **निष्कर्ष**

गणेश शर्मा पौडेलका कृतिहरूमध्ये २०७३ सालमा प्रकाशित **मधुसत्य** कवितासङ्ग्रह सातौँ कृति हो । यसभित्र समाजका सामान्य जनजीवनदेखि सहर-बजारका साथै समग्र देश हुँदै अन्तर्राष्ट्रिय परिदृश्यमा विद्यमान विकृति, विसङ्गति त्यागेर नयाँ र समृद्ध समाज निर्माण गरौं भन्ने भाव प्रस्तुत छ । घुसखोरी, भ्रष्टाचार, महङ्गी, अशान्ति, वैदेशिक हस्तक्षेप, लोकतन्त्र, हक, अधिकार, न्याय, स्वच्छ शासन, शान्ति, स्थिरता, राष्ट्रियचेत, प्रकृति चित्रण, देश-विदेशमा विद्यमान विसङ्गतिहरू उजागर गरिएका विषयवस्तुहरू यसमा रहेका छन् । जीवन-जगत्मा घटित विकृति, विसङ्गतिलाई टिपेर चिरफार गर्ने श्रष्टाको ध्येय भए पनि राजनैतिक मनोविज्ञानको छापले गर्दा राजनैतिक परिवेशका विकृतिहरूलाई औँल्याउन उनी उद्दत रहेको पाइन्छ । वर्णमात्रिक, अर्धमात्रिक, गीतिलय, झ्याउरे आदि छन्दहरूका प्रयोग, बिम्ब, अलङ्कार, प्रतीकको कुशल संयोजन गरी रचित प्रस्तुत कृतिमा भाषाशैली, लयविधानको उचित प्रयोग भएको  पाइन्छ । विभिन्न शीर्षकमा रचित कविता समसामयिक सन्दर्भमा ६६ वटा कविताहरू

यसमा सङ्गृहीत गरिएको छ । प्रत्येक व्यक्तिले आफ्नो घर-परिवार, समाज, देश, साथीभाइ, सेवक, गरिबी, चुनावीसूत्रसँग खेल्नुपर्ने उत्तरदायी र रचनात्मक भूमिकाको समेत उल्लेख भएको विषयवस्तु यसमा रहेको पाइन्छ । शर्माका कृतिहरू प्रायः प्राकृतिक, राजनैतिक, गरिबी पीडाबोध, मायाप्रेममा आशक्त रहेको पाइन्छ । अन्य कृतिहरू भन्दा यसमा केही फरकपन पनि कतैकतै पाउन सकिन्छ । **मधुसत्य** कवितासङ्ग्रहमा आमाको महिमा, नारीप्रतिको श्रद्धाभाव, मानवीय जिजीविषाहरूका बारेमा सुन्दर चित्रण गरिएको छ । कवितासङ्ग्रह सरल, सहज र सरस हुनुका साथै कविताका बान्कीहरू सुमधुर र ग्रहणीय रहेका पाइन्छन् । उनका अघिल्ला कृतिहरूभन्दा प्रस्तुत कृतिमा सैद्धान्तिक चेत र निरन्तर अभ्यासको प्रभावले परिस्कृत, परिमार्जित र उच्च स्तरीय नै छ भन्न सकिन्छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधपत्र मूलतः तीन भाग तथा त्यसअन्तर्गत पाँच परिच्छेदमा संरचित छ । प्रारम्भिक भागअन्तर्गत मुखपृष्ठ, स्वीकृति-पत्र, सिफारिस-पत्र, कृतज्ञता-ज्ञापन, विषयसूची तथा सङ्क्षेपीकरण सूची रहेका छन् । मूल पाठअन्तर्गत एकदेखि पाँच परिच्छेदसम्म र त्यसभित्र विभिन्न उपशीर्षकहरू समावेश गरिएका छन् र अन्त्यमा सन्दर्भसूची प्रस्तुत गरिएको छ । उल्लिखित परिच्छेदहरूको सङ्क्षिप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

परिच्छेद एकमा साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन शीर्षकको यस शोधपत्रको विषय परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । कविताहरूलाई लक्षित गरी उनका कविताका सम्बन्धमा गरिएको पूर्वकार्यको समीक्षाका साथै शोधको उद्देश्य, शोधविधि र शोधपत्रको रूपरेखा आदि सहित शोधपत्रको सैद्धान्तिक ढाँचा प्रस्तुत गरिएको छ ।

परिच्छेद दुईमा साहित्यकार गणेश शर्मा पौडेलको जीवनी, व्यक्तित्वको सङ्क्षिप्त चर्चा गर्ने क्रममा पृष्ठभूमि, वंशपरम्परा, जन्म र नामकरण, बाल्यकाल, उपनयन, शिक्षा-दीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेशा, सेवा, स्वभाव, साहित्यिक र सामाजिक क्षेत्रमा भएका कार्यहरू, रुचि, साहित्यतेर व्यक्तित्वको चर्चा, अविस्मरणीय घटनातर्फ रोचक र दुःखद घटना, भ्रमण, सम्मान तथा पुरस्कार, प्रेरणाको स्रोत, चिन्तन, विचार दर्शन र निष्कर्षको चर्चा गरिएको छ ।

परिच्छेद तीनमा साहित्यकार गणेश शर्मा पौडेलको व्यक्तित्वको अध्ययनअन्तर्गत उनको बाह्य व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वभित्र साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट विभाजन गरिएको छ । जीवनी, व्यक्तित्व र साहित्यिक लेखन बीचको अन्तर्सम्बन्ध र निष्कर्ष उल्लेख गरिएको छ ।

परिच्छेद चारमा साहित्यकार गणेश शर्मा पौडेलको कृतित्त्वको अध्ययनअन्तर्गत उनका कवितासङ्ग्रह, गीत-गजलसङ्ग्रह, हाइकुसङ्ग्रह, मुक्तकसङ्ग्रह, ताङ्का-सङ्ग्रहरूको अध्ययन

गरिएको छ र परिच्छेद पाँचमा शोधपत्रको निचोड प्रस्तुत गर्दै समग्र निष्कर्षलाई समावेश गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष एवम् उपसंहार

साहित्यकार गणेश शर्मा पौडेलको जन्म २००२ साल माघ २ गते आइतबारका दिन बाग्लुङ जिल्ला, पैयूँ थन्थाप, पोखरीबारीमा पिता मणिरत्न उपाध्याय र माता शिवकुमारीका गर्भबाट कान्छा छोराका रूपमा भएको हो । २०५२ सालमा खोलेसिमल, चितवनमा झरेका शर्माको स्थायी बसोबास यही स्थानमा रहेको देखिन्छ । मध्यमवर्गीय किसान परिवारको घर-गृहस्थी, जीवनमा आमाको लालन-पालन र माया-ममतामा हुर्के-बढेका शर्माले सात वर्षको उमेरमा मामाघरबाट अक्षरारम्भ गरी शिक्षातर्फ आकृष्ट भएको देखिन्छ ।

शैक्षिक योग्यताको हकमा २००८-२०२० सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरी बनारसबाट २०२३ सालमा आइ.ए. सम्म उत्तीर्ण गरेको पाइन्छ । प्रारम्भमा फलेबास भवानी विद्यापीठमा प्रधानाध्यापकको जागिरबाट पेशा आरम्भ गरी जनसेवा गरेका शर्माले करिव तीन वर्षसम्म शिक्षक भई निःशुल्क सेवा गरेको पाइन्छ । त्यसपछि समाजमा अति आवश्यक बाटो-घाटो, पानी र सञ्चारको विकासका लागि दुई-चार वर्ष हुलाकी बनेर सेवा गरेको देखिन्छ । बाग्लुङलाई 'झोलुङ्गे पुलको जिल्ला' का रूपमा चिनाउन हातमा हात मिलाएर अगाडि बढेका शर्माको नाम आफ्नो क्षेत्रलाई सञ्चारको सुविधायुक्त क्षेत्र बनाउन लागिपर्ने व्यक्तिका रूपमा स्मरण गरिन्छ । कहिले शिक्षक, कहिले हुलाकी त कहिले समाजसेवी बनेर आफ्नो गाउँ-ठाउँलाई नमुना बस्ती र नमुना जिल्ला बनाउन हरबखत तयार रहेका शर्मा जीवनका अनेकानेक कठिनाइहरूसँग सङ्घर्ष गरेर अगाडि बढेका छन् ।

विभिन्न सामाजिक सङ्घ-संस्थामा आबद्ध शर्मा समाजसेवाका क्षेत्रमा क्रियाशील रहेको पाइन्छ । २०१४ बैशाख १७ गते दाम्पत्य जीवनको लगनगाँठो बाँधेका शर्माको पहिलो विवाह सफल नरहेको देखिन्छ । पहिलो श्रीमतीको निधन भएपछि जेठो छोरो नाबालक भएकै कारण स्याहार-सुसारका लागि यिनले २०२४ सालमा देवी ढकालसँग विवाह गरेको देखिन्छ । ढकालबाट तीन छोरा र एक छोरी समेत गरी पाँच सन्तान जन्मेको पाइन्छ ।

राजनैतिक चिन्तनतर्फ मानवतावादमा आस्था राखी प्रगतिवादी साहित्य लेखनतर्फ लम्केका यिनको साहित्यिक नाम 'चन्दन' रहेको पाइन्छ भने नेपाली नागरिकताको प्रमाण-पत्रमा उल्लेखित गणेश शर्मा पौडेल नै रहेको पाइन्छ । मानवतावाद र समाजसेवाको पवित्र भावबाट

अनुप्राणित शर्मा एक भावुक, सरल स्वभाव, मिलनसार, संवेदनशील, भद्र, कर्मठ एवम् स्वाभिमानी चिन्तकका साथ उदाएका स्रष्टा र द्रष्टाका रूपमा समेत परिचित रहेको पाइन्छ ।

व्यक्तित्व विकासका सन्दर्भमा हेर्दा शर्मामा बहुमुखी व्यक्तित्वहरू देखिन्छन् । शर्माका व्यक्तित्वहरूमा कवि, मुक्तककार, गीतकार, गजलकार, हाइकुकार, संरक्षक, सम्पादक, शिक्षक, समाजसेवी, प्रशासनिक आदि व्यक्तित्वहरूले उनलाई वरण गरेको पाइन्छ । यी व्यक्तित्वहरूमध्ये कवि, गजल, गीत, मुक्तक लेखन र सामाजिक व्यक्तित्वमा उनलाई तुलनात्मक रूपमा सफलता मिलेको देखिन्छ । विशेषगरी राष्ट्रियता, राष्ट्रप्रेम, गरिब-दुःखी जनताका पक्षमा आवाज उठाउने, अन्याय, अत्याचार, बेथिति, कुसंस्कार, विकृति, विसङ्गतिलाई पटक्कै देख्न नसक्ने स्वाभिमानी प्रकृतिका शर्मा मुख्यतः मनोरञ्जनकै रूपमा साहित्यमा पसेका, आफ्नै जीवन भोगाइहरूलाई साहित्यिक रूप दिने क्रममा र राष्ट्रिय स्तरका चर्चित साहित्यकारहरूबाट प्रेरणा र प्रभाव ग्रहण गरी नेपाली साहित्यिमा अग्रसर भएको पाइन्छ ।

२०१८ सालदेखि फाटफुट रूपमा विभिन्न पत्र-पत्रिकामा आफ्ना रचनाहरू प्रकाशन गरेका शर्मा २०१८ सालमै भवानी विद्यापिठ मुखपत्रमा पहिलो कविता *मान्छेलाई गुन कुखुरालाई नुन* शीर्षकको झ्याउरे लयको कविता छापी लगभग तीन दशक समाजसेवामा संलग्न भएर निवृत्त जीवनमा नेपाली साहित्य क्षितिजमा पुनः सक्रिय भएका प्रतिभा हुन् ।

उनका पत्र-पत्रिकामा प्रकाशित फुटकर लेखका अतिरिक्त सातवटा पुस्तकाकार कृति प्रकाशित भएका छन् । ती कृतिहरूमध्ये दुईवटा कृतिको पाण्डुलिपि प्राप्त भएको छैन । **फर्केर हेर** (२०४७) राजनीतिक लेखसङ्ग्रह, **मेरो आँखामा देश** (२०६३) गीत-गजलसङ्ग्रह, **पन्क्षी मयुर** (२०७०) हाइकुसङ्ग्रह, **अन्तर्मनका तरङ्ग** (२०७१) कवितासङ्ग्रह, **वस्तीका स्वरहरू** (२०७२) मुक्तकसङ्ग्रह, **मधुसत्य** (२०७३) कवितासङ्ग्रह र **विचारको खडेरी** (२०७३) ताङ्कासङ्ग्रह रहेका छन् । साहित्यिक क्षेत्रमा कवि, गजलकार, मुक्तककार आदि व्यक्तित्वका धनी उनी साहित्येतर क्षेत्रमा शिक्षक, समाजसेवी, बहुभाषी, भाषासेवी आदि व्यक्तित्वका रूपमा चिनिएका छन् । यी लगायत विभिन्न पत्रपत्रिकाहरूमा यिनका थुप्रै फुटकर लेख, रचनाहरू समेत प्रकाशित भएका यिनलाई साहित्यिक व्यक्तित्वका रूपमा चिन्न पाएका छौँ । लगभग चार दशक लामो शर्माको साहित्ययात्रालाई समयक्रमका हिसाबले दुई चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त देखिन्छ :

(क) पूर्वार्द्ध चरण (२०४७-२०६६ सालसम्म)

(ख) उत्तरार्द्ध चरण (२०६७ सालदेखि हालसम्म)

यिनका पूर्वार्द्ध चरणका प्रवृत्तिलाई हेर्दा लेखनमा निरन्तरताको अभाव, समाजमा विविध घटनाको बढ्दो चित्रण, देशप्रतिको प्रेमभाव, साहित्य लेखनको सुरुवाती अवस्था जस्ता विशेषताहरू पाइन्छन् । २०४७ सालको *फर्केर हेर* (राजनैतिक लेख) कविताको पाण्डुलिपि प्राप्त हुन सकेको छैन भने **मेरो आँखामा देश** (२०६३) गीत-गजलसङ्ग्रहमा अनुप्रासीय शब्द संयोजनको स्वतःस्फुर्त प्रयोग, राष्ट्रियता भाव, गरिब-दुःखी जनताका आवाज, छन्द, लय, अलङ्कार, बिम्ब, प्रतीकको प्रयोगतर्फको चेष्टा, मानवतावादी विचारको पक्षपोषण, सहानुभूति प्रणयप्रसङ्ग, राष्ट्रप्रेम, मानवतावादी सन्देश, जन्म, साथी-सङ्गी, आफन्तप्रति माया-ममता, अतीतमोह, जीवन-जगत्मा व्याप्त विकृति, परम्परागत संस्कृतिको रौनकताको सामान्य चर्चा भएको देखिन्छ ।

शर्माको पूर्वार्द्ध चरणभन्दा उत्तरार्ध चरणमा साहित्य लेखन झाँगिएको पाइन्छ । द्वितीय चरणमा चार-पाँचवटा कृति प्रकाशनका साथै विभिन्न पत्र-पत्रिकाहरूमा थुप्रै लेख-रचनाहरूको पनि प्रकाशन हुनाले पहिलोभन्दा दोस्रो चरण धेरै नै महत्त्वपूर्ण देखिन्छ । यस चरणका प्रवृत्तिलाई हेर्दा पुस्तकाकार कृतिको सङ्ख्यामा वृद्धि, लेखनमा निरन्तरता, भाषिक एवम् शैलीका दृष्टिले क्रमशः सुधारोन्मुख अवस्था, भौतिकवाद, प्रगतिवाद, विचारको पक्षपोषण, निम्नवर्गका पक्षमा सहानुभूति, राष्ट्रप्रेम, प्रकृतिप्रेम, मानवतावादी सन्देश, जन्मस्थानको प्रेम, पिरतीका घात-प्रतिघात, नाता-कुटुम्बप्रति माया-ममता, निःस्वार्थ समाजसेवा र जनचेतनाको आह्वान, नारी उत्थानमा जोड, साहित्यिक स्रष्टाप्रति समाज जीवनका आरोह-अवरोहमा भोगेका व्याप्त भोगाइ, विकृति, विसङ्गति उपर कटाक्ष र व्यङ्ग्य प्रहार गरेको देखिन्छ । यस चरणमा शर्मा बहुआयामिक व्यक्तित्वका धनी देखिन्छन् । उनका कृतिहरूमा कला मूल्यको सहज र बिनोदपूर्ण भाव भेट्न सकिन्छ । उनका हरेक साहित्यिक कृतिहरूमा राष्ट्रवादी अभिव्यक्तिहरू प्रस्तुत भएको पाइन्छ ।

विशेषतः कवि व्यक्तित्वका धनी शर्माका रचनामा प्रकृति, राजनीति, राष्ट्रप्रेम, धार्मिक र सांस्कृतिक विषयवस्तुहरू भेटिन्छन् । यी विषयवस्तुहरूलाई वस्तुपरक ढङ्गबाट अगाडि लैजाने शर्माले स्वच्छन्दतावादी कृतिभित्र नैतिक सन्देश प्रवाह गर्न खोजेको भेटिन्छ । उनी साहित्यभित्र कला वा रूप पक्षको संयोजन त गर्छन् तर साहित्यकलाकै पृष्ठपोष्णका लागि मात्र हो भन्ने विचारबाट टाढै रहन चाहन्छन् । साहित्यले समाजको प्रतिनिधित्व गर्नु पर्छ, समाजभित्र अनेक असमानता हुन्छ, जीवनसँगै अन्तर्विरोधहरू जोडिएका हुन्छन् त्यसकारण साहित्य जीवनमुखी हुनुपर्छ भन्ने धारणा स्पष्ट रूपमा उनका कृतिभित्र देखा पर्दछ । शर्माका कृतिको बाह्य संरचना

पनि उत्तिकै आकर्षक र प्रभावपूर्ण देखिन्छ । आवरण पृष्ठको चित्राङ्कनले शीर्षक र विषयवस्तुको तादात्म्यतालाई बहन गर्न सक्ने क्षमता बोकेको देखिन्छ ।

शर्माका कृतिहरूको अध्ययन गर्दा उनका कवित्वगत विशेषतालाई निम्न बुँदामा देखाउन सकिन्छ :

(क) उनका सबैजसो कृति एवम् लेखहरूमा राजनीतिप्रति तीव्र विरोध, राष्ट्रप्रेम, प्रकृतिप्रेम प्रमुख विशेषता हुन् ।

(ख) गद्य लेखनभन्दा पद्य लेखन उल्लेख्य मात्रामा सशक्त ।

(ग) पछिल्लो समय केही पत्र-पत्रिकामा स्तम्भकार, संरक्षक जस्ता व्यक्तित्व सबल रहेको ।

(घ) वर्तमानमा बदलिँदो नेपाली समाजका गतिविधिहरूलाई केन्द्रबिन्दु बनाई लेखिएका शर्माका कृतिहरूको सम्पूर्ण नेपाली जनताको भावनालाई बोक्न सफल भएको हुनाले नेपाली साहित्यको आधुनिक काललाई थप उचाइमा पुऱ्याउन थप बल मिलेको छ ।

यसरी समग्रमा यस शोधपत्रका विभिन्न परिच्छेदहरूमा शर्माको जीवनी र व्यक्तित्वका आधारमा यहाँ चर्चा गरिएको छ । शर्मा साहित्यका विद्यार्थी त होइनन्, यद्यपि स्वःस्फूर्त रूपमा भावहरू तरङ्गित हुनाले तिनलाई प्रस्तुत गरी सार्वजनिक गर्नका निम्ति उनले साहित्य सृजना गरेको देखिन्छ । त्यसैले उनका साहित्यिक रचनाहरू मूल्य, मान्यता र सैद्धान्तिक मान्यताका कोणबाट शिथिल र दुर्बल नै देखिन्छन् । यति हुँदाहुँदै पनि निरन्तरको साधनाबाट परिष्कृत र परिमार्जित हुँदै जाने आफ्नो अभीष्टलाई साकार रूप दिन उनीबाट नेपाली साहित्यको भण्डारलाई भर्ने प्रयत्न भइरहेको पाइन्छ । नेपाली साहित्यको उन्नयन र श्रीवृद्धिका निम्ति गणेश शर्मा पौडेल एक कुशल, सफल व्यक्ति प्रतिभाका रूपमा नेपाली भाषा, साहित्यका क्षेत्रमा सुपरिचित बन्न पुगेका छन् ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, पूर्णप्रसाद (२०७२), *मेरो पनि भन्नु छ,* **वस्तीका स्वरहरू,** चितवन : कालीगण्डकी साहित्यिक मञ्च ।

अधिकारी, पूर्णबहादुर (२०७२), **बस्तीका स्वरहरू**, चितवन : कालीगण्डकी साहित्य मञ्च ।

अधिकारी, क्षेत्रप्रताप (२०६१), *हाइकुको हावा,* **पर्दाफास**, प्रकाश पौडेल (माइला) (ले.), चितवन : चितवन साहित्य परिषद् ।

अधिकारी, हेमाङ्गराज (२०६५), **पूर्वीय समालोचना सिद्धान्त** (छैटौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

अन्जलि, पुष्प अधिकारी (२०७०), **पन्क्षी मयूर**, चितवन : कालीगण्डकी साहित्य मञ्च ।

अन्जलि, पुष्प अधिकारी (२०६४), **पुष्पाञ्जली** (विविध साहित्यिक पत्रिका), चितवन : हाम्रो मझेरीको सह-प्रकाशन ।

अज्ञात, कपिल (२०७२), *अन्तर्मनको तरङ्गभित्र, सदासय र सद्भावका खानी गणेश शर्मा,* **अन्तर्मनको तरङ्ग**, चितवन : कालीगण्डकी मञ्च ।

आमोदी, केशवराज (२०७२), *अन्तर्मनको तरङ्गमा बहेली खेल्दै,* **अन्तर्मनको तरङ्ग**, चितवन : कालीगण्डकी मञ्च ।

आमोदी, केशवराज (२०६८), **तीन थुङ्गा फूल,** (साहित्यिक पत्रिका), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

आमोदी, केशवराज (२०६३), **मेरो आँखामा देश,** (गीत-गजलसङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

आमोदी, केशवराज (२०७१), **कैलाश राष्ट्रिय विविध पत्रिका**, चितवन : कालीगण्डकी साहित्य मञ्च ।

आप्टे, वामन शिवराम (२००६), **संस्कृत हिन्दीकोश** (प्रथम संस्क.), जयपुर : रचना प्रकाशन ।

उदासी, टीकाराम (२०५९), **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, काठमाडौँ : अतिरिक्त प्रकाशन ।

उदासी, टीकाराम (सन् २०१४), **नेपाली हाइकुको ऐतिहासिक अभिलेख** (साहित्य विशेष), इन्टरनेटबाट ।

उपाध्याय, केशवराज (२०३९), **मोती स्मृति ग्रन्थ** (सम्पा. रमा शर्मा), काठमाडौँ : नेपाली शिक्षा परिषद् ।

ओझा, दशरथ (सन् १९७५), **समीक्षाशास्त्र,** दिल्ली : राजपाल एण्ड सन्स ।

कोइराला, शिवहरि (२०६५), 'रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन', स्नातकोत्तर शोधपत्र, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

खनाल, नारायणप्रसाद (२०७३), **विचारको खडेरी** ताङ्कासङ्ग्रह, नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

खनाल, नारायणप्रसाद (२०७०), **रत्ननगर महोत्सव स्मारिका,** चितवन : रत्ननगर नगरपालिका ।

घिमिरे, मीनादेवी (२०५९), 'रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', स्नातकोत्तर शोधपत्र, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

जगन्नाथ (सन् १९९७), **गजल के शिल्प विधान घटना,** वाराणसी : पुस्कर प्रकाशन ।

ढकाल, चूडा (२०६५), *हाइकु राजनीति र हाइकुमा राजनीति स्रष्टा,* **चितवन साहित्य चौमासिक,** चितवन : चितवन साहित्य परिषद् ।

तिवारी, रामचन्द्र (सन् २००७), **भारतीय एवम् पाश्चात्य काव्यशास्त्रको रूपरेखा,** जयपुर : रचना प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०५४), **नेपाली कविता,** भाग ४, काठमाडौँ : साझा प्रकाशन ।

नन्दन, प्रेमबिनोद (२०६३), **मेरो आँखामा देश,** (गीत-गजलसङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

नेपाल, वसन्तकुमार शर्मा (२०५८), **नेपाली शब्द सागर,** काठमाडौँ : भाभा पुस्तक भण्डार ।

न्यौपाने, श्यामप्रसाद (२०६२), **सोह्र दुना आठ,** नवलपरासी : नवलपरासी साहित्य परिषद् ।

पराजुली, कृष्णप्रसाद (२०४६), **राम्रो रचना मीठो नेपाली,** काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०६०), *गजलको सैद्धान्तिक चिनारी,* **सगर,** वर्ष : ८, अङ्क : १, बिरगञ्ज : बिरगञ्ज : बिरगञ्ज साहित्य परिषद् ।

पौड्याल, कृष्णविलास (२०६९), **सृजना, शोधविधि र संस्कृत काव्यशास्त्र,** कीर्तिपुर : अक्सफोर्ड बुक्स हाउस, टि.यु. ।

**पौडेल, गणेश शर्मा** (२०४७), **फर्केर हेर** (कवितासङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

................(२०६०), **पन्छी मयूर** (हाइकुसङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

................ (२०६३), **मेरो आँखामा देश** (गीत-गजलसङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

................ (२०७१), **अन्तर्मनका तरङ्ग** (कवितासङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

................ (२०७२), **बस्तीका स्वरहरू** (मुक्तकसङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

................ (२०७२), **मधुसत्य** (कवितासङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

................ (२०७३), **विचारको खडेरी** (ताङ्कासङ्ग्रह), नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

बर्मा र अन्य (२०२०), **हिन्दी साहित्य भाग १** (दोस्रो संस्क.), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

बराल, ईश्वर र अन्य (सम्पा.), (२०५५), **नेपाली साहित्य कोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

रिजाल, दामोदर (२०४५), 'गजलकार भीमनिधि तिवारी', अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

लुईंटेल, खगेन्द्रप्रसाद (सम्पा.), लीला लुईंटेल र कृष्णविलास पौड्याल (२०५८), **नेपाली कवि र कविता,** काठमाडौँ : विभु ऋभु प्रकाशन ।

बिनोदी, गोविन्दराज (२०६३), **मेरो आँखामा देश**, (गीत-गजलसङ्ग्रह), चितवन : कालीगण्डकी साहित्य मञ्च ।

सरदार, मुजावर (सन् १९३०), **हिन्दी गजल के विविध आयाम,** नई दिल्ली : भूमिका प्रकाशन ।

सापकोटा, तोयानाथ (२०५४), 'गजलकार शम्भुप्रसाद ढुङ्गेल', अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

साइँलो, गोर्खे (२०६९), **गजल दर्शन,** चितवन : पल्लव साहित्य प्रतिष्ठान ।

सुवेदी, अभि, **जापानी हाइकु हिजो आज** (अनुवाद कृति साहित्यसङ्ग्रह, इन्टरनेटबाट प्राप्त) ।

शर्मा, मोहनराज र खगेन्द्र लुईंटेल (२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

हिमांशु, मोहन (२०४०), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

# परिशिष्टहरू

## परिशिष्ट : 'क'

### १. शोधनायकसँग लिइएको अन्तर्वार्ताका प्रश्नहरू

**शोधकार्यका क्रममा शोधार्थीबाट शोधनायकसँग लिइएको अन्तर्वार्तामा तल लेखिएबमोजिमका प्रश्नहरू सोधिएका थिए :**

१. जन्म, नामकरण, आफ्नो पुर्ख्यौली थलो, वंशपरम्पराका सम्बन्धमा केही जानकारी दिनुहोस् न ।

२. जन्मस्थलसहित बाल्यकालीन अवस्थाका अविस्मरणीय घटनाको जानकारी दिनुहोस् न ।

३. बाग्लुङ्ग, पैयूँबाट चितवनको खोलेसिमलमा बसाइँ-सराइ कहिले भएको हो ?

४. हजुरको उपनयन-संस्कार, शिक्षा-दीक्षाका सम्बन्धमा केही कुरा प्रकाश पारिदिनु हुन्छ कि ?

५. तपाईंको पारिवारिक पृष्ठभूमिका सामान्य अवस्थाबारे बताइदिनु हुन्छ कि ?

६. हजुरको पेसागत संलग्नता, साहित्यिक एवम् सामाजिक सङ्घ-संस्थामा भएको संलग्नता र कार्यबारे जानकारी दिनुहुन्छ कि ?

७. साहित्यिक सृजनाका हेतु हजुरले केलाई मान्नुहुन्छ ?

८. साहित्य सृजनामा अन्तर्राष्ट्रिय दर्शन, विचार वा धारा के छ नि ?

९. तपाईंका विचारमा साहित्यको परिभाषा के हो जस्तो लाग्छ नि ?

१०. हजुरको मुख्य रुचि के होला ?

११. जीवन-दर्शनका सम्बन्धमा यहाँको दृष्टिकोण बताइदिनुहोस् न ।

१२. वर्तमान जीवन एवम् कार्यक्षेत्रबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

१३. नेपाली साहित्यको अहिलेको अवस्थालाई कसरी नियाल्नु भएको छ ?

१४. आफ्ना साहित्यिक गतिविधिको प्रभाव समाजमा के-कस्तो रूपमा परेको ठान्नु हुन्छ ?

१५. हजुरको सामाजिक सेवाको सम्मान समाजले सकारात्मक तरिकाले गरेको वा नगरेको मान्नुहुन्छ ? सोसम्बन्धी प्रकाश पारिदिनुहुन्छ कि ।

## परिशिष्ट : 'ख'

### १. विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताका प्रश्नावली

शोधकार्यको सिलसिलामा विभिन्न विशिष्ट व्यक्तित्वहरूसँग विभिन्न प्रकारका प्रश्नहरू सोधी उहाँहरूबाट प्राप्त उत्तरमा आधारित शोधकार्यलाई अगाडि बढाइएको थियो । सो क्रममा प्रा.डा. नारायणप्रसाद खनाल, गोविन्दराज बिनोदी, पुष्प अधिकारी 'अञ्जली', मुकुन्दशेन शर्मा, कपिल अज्ञात, पूर्णप्रसाद अधिकारीहरूसँग साहित्यकार गणेश शर्मा पौडेलको विविध पाटाहरूमा अन्तर्वार्ता गरिएको थियो । शोधार्थीबाट उहाँहरूसँग अन्तर्वार्ताको लागि गरिएका प्रश्नहरू यसप्रकार रहेका छन् :

१. साहित्यकार गणेश शर्मा पौडेललाई तपाईंले कहिलेदेखि चिन्नु भयो ?

२. शर्माका कृतिहरूको मूल्याङ्कन एवम् विश्लेषण कुन रूपमा गर्नुभएको छ ?

३. हजुरका दृष्टिमा शर्माको साहित्येतर व्यक्तित्व के-कस्तो रहेको पाउनु भएको छ ?

४. गणेश शर्मा पौडेलसँग हजुरले अनुभव गर्नुभएका कुनै अविस्मरणीय क्षण भए त्यसका बारेमा जानकारी दिनुहुन्छ कि ?

५. गणेश शर्मा पौडेललाई हजुरका विचारमा कुन स्तर वा दर्जाको साहित्यिक व्यक्तित्वका रूपमा राख्न सकिन्छ होला ?

## परिशिष्ट : 'ग'

### १. अन्य व्यक्तिहरूसँगको अन्तर्वार्ताका प्रश्नावली

शोधकार्यको सिलसिलामा शोधार्थीलाई आवश्यक परी विभिन्न व्यक्तित्वहरूसँग मौखिक रूपमा विभिन्न प्रकारका प्रश्नहरू सोधी उहाँहरूबाट प्राप्त उत्तरबाट शोधकार्यलाई अगाडि बढाइएको छ । सो क्रममा साहित्यकार गणेश शर्मा पौडेलका विविध पाटाहरूमा कुराकानी गरिएको थियो । शोधार्थीले मौखिक प्रश्न सोध्ने क्रममा प्रश्न सोधिएका व्यक्तिहरूको विवरण निम्नानुसार रहेको छ :

१. शोधनायककी ९२ वर्षीया आमा ।

२. शोधनायकका माइला छोरा राजु पौडेल ।

३. शोधनायकका ठुलादाजु बुधराज पौडेल ।

४. दिदी लीलावती र पूर्णकला ।

५. शोधनायकका बाल्यकालीन साथी पीताम्बर लम्साल ।

## परिशिष्ट : 'घ'

## शोधनायकको छायाचित्र

